
चैत - २

# सर्वोच्च अदालत बुलेटिन

पाक्षिक प्रकाशन

वर्ष २४, अङ्क २४ | २०७२, चैत १६–३० | पूर्णाङ्क ५७०



प्रकाशक

## सर्वोच्च अदालत

रामशाहपथ, काठमाडौं

फोन न. ४२५०७४२, ४२६२३९७, ४२६२३९८, ४२६२८०१, ४२५८१२२ Ext.२५१२ (सम्पादन), २५११ (छापाखाना), २१३१ (बिक्री)

फ्याक्सः ४२६२८७८, पो.व.न. २०४३८

**Email:** info@supremecourt.gov.np, Web: **www.supremecourt.gov.np**

**प्रकाशन, सञ्चार तथा सम्पादन समिति**

| | |
|---|---|
| **माननीय न्यायाधीश श्री बैद्यनाथ उपाध्याय, सर्वोच्च अदालत** | **- अध्यक्ष** |
| **माननीय न्यायाधीश श्री दीपकराज जोशी, सर्वोच्च अदालत** | **- सदस्य** |
| **नायव महान्यायाधिवक्ता श्री राजेन्द्र सुवेदी, प्रतिनिधि, महान्यायाधिवक्ताको कार्यालय** | **- सदस्य** |
| **अधिवक्ता श्री लक्ष्मीदेवी दाहाल (रावल) प्रतिनिधि, नेपाल बार एसोसिएसन** | **- सदस्य** |
| **वरिष्ठ अधिवक्ता श्री नरहरि आचार्य, अध्यक्ष, सर्वोच्च अदालत बार एसोसिएसन** | **- सदस्य** |
| **सहरजिस्ट्रार श्री नहकुल सुवेदी, सर्वोच्च अदालत** | **- सदस्य सचिव** |

**सम्पादक :** श्री गजेन्द्रबहादुर सिंह

**प्रकाशन, सञ्चार तथा सम्पादन शाखामा कार्यरत् कर्मचारीहरू**

शाखा अधिकृत श्री राजन बास्तोला
शाखा अधिकृत श्री मिनबहादुर कुँवर
ना.सु.श्री लक्ष्मण वि.क.
ना.सु.श्री रमादेवी न्यौपाने
ना.सु.श्री विनोदकुमार यादव
सि.क.श्री ध्रुव सापकोटा
कम्प्युटर अपरेटर श्री अर्जुन सुवेदी
कार्यालय सहयोगी श्री कृष्णबहादुर श्रेष्ठ
कार्यालय सहयोगी श्री प्रेमलाल महर्जन

**भाषाविद् :** उपप्रा. श्री रामचन्द्र फुयाल

**बिक्री शाखामा कार्यरत् कर्मचारी**

डि.श्री नरबहादुर खत्री

**मुद्रण शाखामा कार्यरत कर्मचारीहरू**

सुपरभाइजर श्री कान्छा श्रेष्ठ
मुद्रण अधिकृत श्री आनन्दप्रकाश नेपाल
सिनियर बुकबाइन्डर श्री तेजराम महर्जन
सिनियर हेल्पर श्री तुलसीनारायण महर्जन
सिनियर प्रेसम्यान श्री नरेन्द्रमुनि बज्राचार्य
सिनियर प्रेसम्यान श्री योगप्रसाद पोखरेल
सिनियर मेकानिक्स श्री निर्मल बयलकोटी
बुकबाइन्डर श्री यमनारायण भडेल
बुकबाइन्डर श्री मीरा वाग्ले
कम्पोजिटर श्री प्रमिलाकुमारी लामिछाने
प्रेसम्यान श्री केशवबहादुर सिटौला
बुकबाइन्डर श्री अच्युतप्रसाद सुवेदी
कार्यालय सहयोगी श्री मोति चौधरी

**विभिन्न इजलासहरूबाट सम्पादन शाखामा प्राप्त भई यस अङ्कमा प्रकाशित निर्णय / आदेशहरू**

| | |
|---|---|
| संयुक्त इजलास | ६ |
| इजलास नं. १ | ८ |
| इजलास नं. २ | २ |
| इजलास नं. ३ | १० |
| इजलास नं. ४ | ५ |
| इजलास नं. ५ | ७ |
| इजलास नं. ६ | २ |
| इजलास नं. ७ | ४ |
| इजलास नं. ८ | ३ |
| इजलास नं. ९ | २ |
| एकल इजलास | १ |
| अन्तरिम आदेश | २३ |
| जम्मा | ७३ |

नेपाल कानून पत्रिकामा

## २०१५ सालदेखि २०६९ साल असोजसम्म

## प्रकाशित

# निर्णयहरूको सारसङ्ग्रह

## विषयगत आधारमा

## वर्गीकृत

### एघार खण्ड पुस्तकहरू बिक्रीमा छन् ।

**मूल्य रू.५,५००।-**

<u>पाइने ठाउँ</u>

- नेपाल कानून पत्रिका बिक्री कक्ष, सर्वोच्च अदालत
- न्यायाधीश समाज नेपाल, बबरमहल
- सर्वोच्च अदालत बार एसोसिएसन, नेबाए भवन

यस पत्रिकाको इजलाससमेतमा उद्धरण गर्नुपर्दा निम्नानुसार गर्नुपर्नेछः

सअ बुलेटिन २०७... ... .... १ वा २, पृष्ठ ....

(साल) (महिना)

उदाहरणार्थः सअ बुलेटिन २०७२, चैत – २, पृष्ठ १

का.जि.द.नं. ३९।०४९।०५०

सर्वोच्च अदालतलगायत मातहतका अदालतहरू एवम् अन्य न्यायिक निकायहरूका कामकारवाहीसँग सेवाग्राहीहरूको कुनै गुनासो, उजुरी र सुझाव भए सर्वोच्च अदालत, प्रधानन्यायाधीशको निजी सचिवालयमा रहेको

**Toll Free Number**

**१६६०–०१–३३३–५५**

वा

**इमेल ठेगाना**

**cjs@supremecourt.gov.np**

मा सम्पर्क गर्न सकिने छ।

**मूल्य रू.१५।–**

**मुद्रकः सर्वोच्च अदालत, छापाखाना**

## विषयसूची


| क्र.सं. | विषय | पक्ष/विपक्ष | पृष्ठ |
|---|---|---|---|
| **संयुक्त इजलास** | | | **१-४** |
| १. | उत्प्रेषण | लोहारी थारूसमेत वि. भूमिसुधार कार्यालय, बर्दियासमेत | |
| २. | उत्प्रेषण | अधिवक्ता मोहन साशंकरसमेत वि. एनसेल प्रा.लि. कृष्णटावर, बानेश्वर, काठमाडौंसमेत | |
| ३. | उत्प्रेषण | महादेव साहु तेली वि. कुसुमीदेवी साहुसमेत | |
| ४. | उत्प्रेषण / परमादेश | देवीभक्त लम्साल वि. दिलिप सिं धामीसमेत | |
| ५. | कर्तव्य ज्यान | बिमला देवकोटा रावल वि. नेपाल सरकार | |
| ६. | निषेधाज्ञा | ओमु टेम्पा लामा वि. जिल्ला शिक्षा कार्यालय, काठमाडौंका जिल्ला शिक्षा अधिकारीसमेत | |
| **इजलास नं. १** | | | **४-१४** |
| ७. | प्रतिषेध / परमादेश | अधिवक्ता श्रीप्रसाद पण्डित वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत | |
| ८. | जबरजस्ती करणी र चोरी | नेपाल सरकार वि. बलराम दवाडी भन्ने ध्यानबहादुर खड्का | |
| ९. | हक कायम दर्ता बदर | मु.स. गर्ने प्रकाशरवी प्रधानसमेत वि. सुनमाया तामाङसमेत | |
| १०. | उत्प्रेषण / परमादेश | गणेशप्रसाद दाहाल वि. मालपोत कार्यालय, धुलिखेल, काभ्रेपलाञ्चोकसमेत | |
| ११. | जबरजस्ती करणी | नेपाल सरकार वि. पाल्पा २ | |
| १२. | मानाचामल | विजयकुमार लामिछाने वि. रूकु गौतम (लामिछाने) | |
| १३. | जबरजस्ती करणी | उमेशकुमार महतो वि. नेपाल सरकार | |
| १४. | घर भत्काई खिचोला मेटाई चलन चलाई पाउँ | मो. सलीम शेष वि. ईमामुद्दिन अन्सारी | |
| **इजलास नं. २** | | | **१४-१६** |
| १५. | जबरजस्ती करणी | सन्तोष सुन्दास दर्जी वि. नेपाल सरकार | |
| १६. | कर्तव्य ज्यान | आइमान तामाङ वि. नेपाल सरकार | |
| **इजलास नं. ३** | | | **१६-२३** |
| १७. | उत्प्रेषण | चित्तरञ्जन सहनी वि. जिल्ला प्रहरी कार्यालय, मकवानपुरसमेत | |
| १८. | उत्प्रेषण / परमादेश | राम श्रेष्ठ वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत | |
| १९. | उत्प्रेषण | रमेश कर्णसमेत वि. प्रहरी प्रधान कार्यालय, नक्साल काठमाडौंसमेत | |

| | | |
|---|---|---|
| २०. | उत्प्रेषण | अधिवक्ता भरतकुमार लकाईसमेत वि. उद्योग मन्त्रालयसमेत |
| २१. | उत्प्रेषण / परमादेश | कञ्चनकृष्ण न्यौपाने वि. प्रधामन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत |
| २२. | उत्प्रेषण / परमादेश | नारायणप्रसाद सुवेदीसमेत वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत |
| २३. | पुन: नापीको जग्गाधनी प्रमाणपुर्जा सम्बन्धमा | विशनसिंह थापा वि. मानसिंह मडै |
| २४. | परमादेश | धिरेन्द्रबहादुर चन्द वि. प्रहरी प्रधान कार्यालय, नक्साल काठमाडौंसमेत |
| २५. | निषेधाज्ञा | ईश्वरलाल प्रधान वि. वसन्त शर्मासमेत |
| २६. | वैदेशिक रोजगार ठगी | नेपाल सरकार वि. कर्णबहादुर पुरिसमेत |
| **इजलास नं. ४** | | **२३-२६** |
| २७. | उत्प्रेषण | भरतमणि जङ्गम वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत |
| २८. | कर्तव्य ज्यान | नेपाल सरकार वि. किशोरा राई |
| २९. | उत्प्रेषण | राजकुमार शाहसमेत वि. उद्योग मन्त्रालयसमेत |
| ३०. | परमादेश | जनकपुर नगरपालिकाको कार्यालय, जनकपुरसमेत वि. मिल्स एरिया जनकपुरसमेत |
| ३१. | कर्तव्य ज्यान रहजनी चोरी | नेपाल सरकार वि. झुपे भन्ने तिलबहादुर रास्कोटी |
| **इजलास नं. ५** | | **२६-३२** |
| ३२. | लेनदेन (करार) | पवन दाधिव वि. श्रीमती सुनीता तिवारी |
| ३३. | लागु औषध सेतो हेरोइन | नुर बानुसमेत वि. नेपाल सरकार |
| ३४. | कर्तव्य ज्यान | नेपाल सरकार वि. नारायणप्रसाद रिजालसमेत |
| ३५. | उत्प्रेषण | अधिवक्ता बौध कृष्ण भगत वि. मालपोत कार्यालय, राजविराज, सप्तरीसमेत |
| ३६. | उत्प्रेषण / परमादेश | सुन्दर लाल थारू वि. श्री गोरक्ष पात्रदेव सिद्ध रत्ननाथ मठ चौघेरा, दाङसमेत |
| ३७. | उत्प्रेषण / परमादेश | सन्तोषकुमार टिवडेवालासमेत वि. साबिकमा नेपाल मर्चेन्ट बैंकिङ एण्ड फाइनान्स लिमिटेड भई हाल एन.एम.बि. बैंक लिमिटेड, काठमाडौं जिल्ला |

| | | |
|---|---|---|
| | | काठमाडौं महानगरपालिका वडा नं. ११, एन.एम.बि. भवन, बबरमहलसमेत |
| ३८. | परमादेश | डा. भाईकाजी तिवारी वि. लक्ष्मी महर्जन (देवकोटा) |
| **इजलास नं.६** | | **३२-३३** |
| ३९. | जबरजस्ती करणी | गोपाल परियार वि. नेपाल सरकार |
| ४०. | अपहरण | ललितादेवी यादव वि. नेपाल सरकार |
| **इजलास नं.७** | | **३३-३७** |
| ४१. | बन्दी प्रत्यक्षीकरण | सरस्वती भण्डारी (पुडासैनी) वि. कारागार कार्यालय, डिल्लीबजार, काठमाडौंसमेत |
| ४२. | खिचोला छोडाई हक कायम चलन | वली देवान फकिर वि. नसरोदिन मिया अन्सारी |
| ४३. | कर्तव्य ज्यान | श्यामबहादुर थापासमेत वि. नेपाल सरकार |
| ४४. | कर्तव्य ज्यान | लाक्पा देकी (शेर्पा) वि. नेपाल सरकार |
| **इजलास नं.८** | | **३७-३९** |
| ४५. | कर्तव्य ज्यान | पूजा वलीसमेत वि. नेपाल सरकार |
| ४६. | कर्तव्य ज्यान | मेघनाथ खनाल वि. नेपाल सरकार |
| ४७. | जबरजस्ती करणी | राकेश राजवंशी वि. नेपाल सरकार |
| **इजलास नं. ९** | | **३९-४०** |
| ४८. | सरकारी छाप किर्ते | नेपाल सरकार वि. पोषणराज न्यौपाने |
| ४९. | जबरजस्ती करणी | नेपाल सरकार वि. बुद्धिबहादुर बस्नेत |
| **एकल इजलास** | | **४०-४१** |
| ५०. | उत्प्रेषण | डिल्लीकुमार योङहाङ वि. पदमप्रसाद योङहाङसमेत |
| **अन्तरिम आदेश** | | **४१-४४** |
| ५१. | उत्प्रेषण | सीता ओझासमेत वि. उच्च माध्यमिक शिक्षा परिषद्समेत |
| ५२. | उत्प्रेषण | पूर्णबहादुर रानासमेत वि. सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालयसमेत |
| ५३. | उत्प्रेषण | चन्द्रदेव लाल कर्ण वि. निजामती किताबखाना, ललितपुरसमेत |
| ५४. | उत्प्रेषण | दुर्गा खड्गी वि. काठमाडौं महानगरपालिकासमेत |
| ५५. | उत्प्रेषण | रेशुका ओलीसमेत वि. गुठी संस्थान केन्द्रीय कार्यालय, त्रिपुरेश्वरसमेत |

| | | |
|---|---|---|
| **५६.** | उत्प्रेषण | एखलाक अहमद मुसलमान वि. पुनरावेदन अदालत, बुटवलसमेत |
| **५७.** | उत्प्रेषण | हिरालाल महतोसमेत वि. शिक्षा मन्त्रालयसमेत |
| **५८.** | उत्प्रेषण | पदमबहादुर खड्का वि. अख्तियार दुरूपयोग अनुसन्धान आयोगसमेत |

| | | |
|---|---|---|
| **५९.** | उत्प्रेषण | ठाकुरप्रसाद भट्टराई वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत |
| **६०.** | उत्प्रेषण | रमेश रिसालसमेत वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयसमेत |

## संयुक्त इजलास

१

**स.प्र.न्या.श्री रामकुमार प्रसाद शाह र मा.न्या.श्री बैद्यनाथ उपाध्याय,** ०७०-CI-००४४, उत्प्रेषण, *लोहारी थारूसमेत वि. भूमिसुधार कार्यालय, बर्दियासमेत*

आफ्नो हक अधिकारको कुरामा आफू पनि चनाखो भई बस्नुपर्ने हुन्छ । हक टुट्ने प्रकृतिको कार्य भएमा तत्काल उपचारको पहल गर्नुपर्ने हुन्छ । कदाचित दूषित तवरबाट कामकारवाही भएको भए त्यस्तो कार्य कायम नरहने हुन्छ । तर कारवाही चलाउन पाउने हकवालाले सक्षम निकायमा निवेदन दिई सो निकायबाट भएको कामकारवाही अन्यथा नभएसम्म यथोचित नै रहेको भनि मान्नु पर्ने हुन्छ । प्रस्तुत विवादमा जग्गाधनी हकवाला भई मोही लगत कट्टाको निवेदन सक्षम निकाय भूमिसुधार कार्यालयमा दिई मोही लगत कट्टा भएको स्थिति रहेको छ । यस्तो प्रक्रियालाई दूषित प्रक्रियाबाट कार्य भयो भनि भन्न मिल्ने अवस्था देखिन नआउने ।

भूमिसुधार कार्यालयबाट मिति २०६८।११।३० मा भएको दरपिठ आदेश विरूद्ध निवेदकको कुनै उजुरी नालेस वा निवेदन परेको देखिँदैन। प्रस्तुत पुनरावेदनको रिट निवेदनमा पनि उक्त मिति २०६८।११।३० को दरपिठ आदेश बदरको माग गरेको देखिँदैन। यसरी निवेदकको नाममा नामसारीको माग गरेको नालेस नै दरपिठ भई अन्तिम भई बसेको अवस्थामा निवेदकको अब सोबाट प्राप्त हुनसक्ने हक नै प्रथम दृष्टिबाट नै समाप्त भइसकेको अवस्था रहेको देखिन आउने।

एक (१) नं. मोही लगतमा कमैया राखेको आधारमा टिकु थारू नामको मोही लगत कट्टा भएको दश वर्षभन्दा बढी समय व्यतीत गरि निवेदकहरू अदालतमा प्रवेश गरेको अतिरिक्त निवेदकले नामसारी गरिपाउँ भनि दिएको फिराद पत्र दरपिठ भएकोमा सो दरपिठ आदेश विरूद्ध निवेदकले उजुरबाजुर गर्न सकेको नदेखिँदासमेत पुनरावेदन अदालत, नेपालगन्जबाट मिति २०६९।६।१७ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ । पुनरावेदकहरूको पुनरावेदन जिकिर पुग्न नसक्ने ।

इजलास अधिकृत: भीमबहादुर निरौला

कम्प्युटर: गीता घिमिरे

इति संवत् २०७१ साल फागुन १२ गते रोज ३ शुभम् ।

२

**स.प्र.न्या.श्री रामकुमार प्रसाद शाह र मा.न्या.श्री ओमप्रकाश मिश्र,** ०७०-WO-०१४०, उत्प्रेषण, *अधिवक्ता मोहन साशंकरसमेत वि. एनसेल प्रा.लि. कृष्णटावर, बानेश्वर, काठमाडौंसमेत*

निवेदकले उठाएको शुल्कसम्बन्धी विवाद दूरसञ्चार प्राधिकरणबाट समाधान हुनसक्ने देखिएकोमा निवेदकले सो कानूनी मार्ग अवलम्बन गरेको भन्ने पनि रिट निवेदन व्यहोराबाट देखिँदैन । त्यसमा पनि विपक्षी एनसेल प्रा.लि.ले सञ्चालन गरेको सेवा हरेक ग्राहकले अनिवार्यरूपमा उपभोग गर्नै पर्ने भन्ने नभई आवश्यक पर्ने ग्राहकले मात्र उपयोग गर्ने स्वेच्छिक प्रकृतिको सेवा भन्ने देखिन्छ । यसरी सेवा प्रदायक कम्पनीले आधिकारिक निकायबाट अग्रिमरूपमा स्वीकृतिप्राप्त गरि स्वेच्छिकरूपमा सेवा उपभोग गर्ने ग्राहकबाट सेवा प्रदान गरेबापत स्वीकृत दर रेटबमोजिमको शुल्क लिने कार्यलाई गैरकानूनी र अनुचित कार्य मानी रिट क्षेत्रबाट हस्तक्षेप गर्न मिल्ने नदेखिने ।

निवेदकले विपक्षी एनसेल प्रा.लि.ले आफ्ना प्रिपेड मोबाइलका ग्राहकका लागि मोबाइलमा ब्यालेन्स नभएको अवस्थामा रिचार्ज नगरि रू.२०।- बराबरको

सेवा उपभोग गर्न पाउने र सोबापत शुल्क लिएको कार्यलाई नै सेवा प्रदायक कम्पनीले वित्तीय कम्पनीले जसरी ब्याज लिएको भनि कम्पनीको सो कार्यलाई बैंक तथा वित्तीय संस्थासम्बन्धी ऐन, २०६३ विपरीतको कारोबार भएको र उक्त कार्य प्रतिस्पर्धा प्रवर्द्धन तथा बजार संरक्षण ऐन, २०६३, उपभोक्ता संरक्षण ऐन, २०६४ समेत विपरीत भयो भनि दाबी लिएको देखिन्छ । निवेदकले दाबी गरेजस्तै कम्पनीको उक्त कार्य उक्त ऐनहरू विरूद्धको भए सम्बन्धित ऐनअन्तर्गत तत्तत् निकायबाट उपचार खोज्नु पर्नेमा निवेदकले सोबमोजिम गरेको भन्ने पनि नदेखिँदा दूरसञ्चार क्षेत्रको नियमनकारी निकाय दूरसञ्चार प्राधिकरणबाट सेवा शुल्कको दर रेटसहित पूर्व स्वीकृति प्राप्त गरि विपक्षी एनसेल प्रा.लि.ले सञ्चालन गरेको "एनसेल सापटी" योजना नामक सेवा निवेदकले दाबी गरे जस्तो अनुचित र गैरकानूनी भन्ने नदेखिँदा निवेदन मागबमोजिमको आदेश जारी हुने अवस्था देखिन आएन । प्रस्तुत रिट निवेदन खारेज हुने ।

इजलास अधिकृतः सन्तोषप्रसाद पराजुली

कम्प्युटरः अमिररत्न महर्जन

इति संवत् २०७२ साल भदौ २३ गते रोज ४ शुभम् ।

३

**स.प्र.न्या.श्री रामकुमार प्रसाद शाह र मा.न्या.श्री देवेन्द्र गोपाल श्रेष्ठ,** ०६८-WO-०००३, उत्प्रेषण, *महादेव साहु तेली वि. कुसुमीदेवी साहुसमेत*

अदालतबाट भएको फैसलाबमोजिमको चलन दिनुपर्ने कानूनी कर्तव्य यी निवेदकको भएको देखिन्छ । अन्तिम भएर बसेको फैसला कार्यान्वयन नभएमा फैसलाले न्यायको अनुभूति हुन सक्दैन । फैसला कार्यान्वयन नभएमा फैसलाले न्यायको अनुभूति हुन सक्दैन । एक पटक आफ्नै मन्जुरीले आआफ्नो जग्गा भोग गर्ने भनि सुनसरी जिल्ला अदालतमा कागज गर्ने यी निवेदकले वादी विपक्षीले अदालतबाट पटकपटक पाएको चलन पुर्जी हटक गरेपश्चात् मिति २०६७।२।१४ को आदेशले रू. २५०।– जरिवाना र ७ (सात) दिन कैद सजाय भएको देखिन्छ । मुलुकी ऐन, दण्ड सजायको महलको ४३ नं. को देहाय (५) मा अदालतबाट पाएको चलन हटक गरेमा छुट्टै जरिवाना वा कैद सजाय हुने व्यवस्था छ । निवेदकलाई सुनसरी जिल्ला अदालतले रू. २५०।– जरिवाना र ७ (सात) दिन कैद सजाय गर्ने आदेश गरेकोमा ७ (सात) दिन कैद सजाय हुने हदसम्मको आदेश अ.बं. १७ नं. बमोजिम बदर भएको देखिन्छ । सो कानूनी व्यवस्थाले चलन हटक गरेमा जरिवाना वा कैद सजायमध्ये कुनै एउटा मात्र हुने व्यवस्था गरेकोमा जरिवाना मात्र हुने गरि पुनरावेदन अदालत, विराटनगरबाट भएको निवेदकको संवैधानिक र कानूनी हकमा आघात पर्ने अवस्था देखिन नआउँदा रिट निवेदन खारेज हुने ।

इजलास अधिकृत: भीमबहादुर निरौला

कम्प्युटर: गीता घिमिरे (गिरी)

इति संवत् २०७१ साल फागुन १४ गते रोज ५ शुभम् ।

४

**स.प्र.न्या.श्री रामकुमार प्रसाद शाह र मा.न्या.श्री देवेन्द्र गोपाल श्रेष्ठ,** ०७०-WO-०२२८, उत्प्रेषण/परमादेश, *देवीभक्त लम्साल वि. दिलिप सिं धामीसमेत*

कम्पनीको सेयर विपक्षी प्रकाशबहादुर सिंहको नाममा नामसारी भएको तथ्यलाई निवेदकले अन्यथा भन्न सकेको देखिँदैन । निवेदकले निवेदनमा पनि सो कम्पनीका सञ्चालक प्रकाशबहादुर सिंह हुन् भनि स्वीकार गरि प्रस्तुत रिट निवेदनमा विपक्षी बनाएको देखिन्छ । कम्पनीको नाममा विवादित कि.नं. ७५ र २१२ को जग्गा रहेको तथ्यमा पनि विवाद छैन । कम्पनीको सेयर बिक्री भई सञ्चालक नै अर्को व्यक्ति भएको अवस्थामा सेयर कम्पनी सञ्चालकको र जग्गा व्यक्तिको भनि अर्थ गर्न मिल्दैन । कम्पनीको सेयर हस्तान्तरण सँगसँगै कम्पनीको चल अचल

सम्पत्तिसमेत कम्पनीको हो भनि मान्नुपर्ने हुन्छ । यसप्रकार लेनदेन मुद्दा दायर हुनु अगावै दिलिप सिंह धामी नामको कम्पनीको सेयर प्रकाशबहादुर सिंहको नाममा नामसारी भै हक हस्तान्तरण भएको अवस्थामा प्रकाशबहादुर सिंहको कम्पनीको नामको जग्गाबाट नै निवेदकको लेनदेन मुद्दाको बिगो असुलउपर हुनुपर्दछ भनि दाबी गर्न मिल्ने हुँदैन । निवेदकले लेनदेन मुद्दाको बिगो विपक्षी दिलिप सिंह धामीको अन्य सम्पत्तिबाट भराई लिन पाउने नै हुँदा पुनरावेदन अदालत, दिपायलबाट मिति २०७०।४।१७ मा भएको आदेशमा कुनै कानूनको त्रुटि नदेखिँदा प्रस्तुत रिट निवेदन खारेज हुने ।

इजलास अधिकृत: भीमबहादुर निरौला

कम्प्युटर: गीता घिमिरे (गिरी)

इति संवत् २०७१ साल फागुन १४ गते रोज ५ शुभम् ।

५

**स.प्र.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री ओमप्रकाश मिश्र,** ०६८-CR-१३२८, कर्तव्य ज्यान, *बिमला देवकोटा रावल वि. नेपाल सरकार*

प्रतिवादीले आफैँले विष खरिद गरि ल्याई विष भनि जानीजानी रक्सीको नसामा रहेका मृतकलाई मार्ने प्रयोजनका लागि सेवन गर्न दिएको र प्रतिवादीले दिएको सोही विष सेवन गरेको कारणबाट मृतकको मृत्यु भएको देखिँदा सो कार्यको लागि प्रतिवादीले फौजदारी दायित्वबाट उन्मुक्ति पाउन सक्ने नदेखिँदा सुरू तथा पुनरावेदन अदालतले पुनरावेदक प्रतिवादी विमला देवकोटालाई अभियोग माग दाबीबमोजिम नै ज्यानसम्बन्धीको महलको १३(२) नं. अनुरूप सर्वस्वसहित जन्मकैदको सजाय हुने ठहर्‍याएको फैसला मिलेकै देखिँदा निजको पुनरावेदन जिकिर तथा निजतर्फका कानून व्यवसायीको बहस र यस अदालतबाट प्रत्यर्थी झिकाउने आदेश हुँदा लिइएका आधारसँग सहमत हुन नसकिने ।

प्रतिवादी र मृतकका बिच ज्यानै मार्नुपर्नेसम्मको पूर्व रिसइबी रहेको देखिँदैन । प्रतिवादीले मृतकलाई षड्यन्त्रपूर्वक योजनाबद्ध तरिकाबाट झुक्याई विष सेवन गराएको भन्ने पनि देखिएको छैन । मृतक र प्रतिवादीबिच प्रेम सम्बन्ध रहि सो सम्बन्ध शारीरिक सम्पर्कको स्तरसम्म पुगेको र सो कुरा घरपरिवार तथा गाउँ समाजका मानिसले पनि थाहा पाई गाउँ घरमा चर्चा परिचर्चा भएको कारणले निजहरूले बेइज्जत महसुस गरेको भन्ने देखिएको छ । सामाजिक लोकलाजको उक्त अवस्थाबाट निजहरूमा उत्पन्न भएको कमजोर मानसिक अवस्थाको कारण निजहरू दुवैजना आत्महत्या गर्ने निष्कर्षमा पुगेको देखिन्छ । सोबमोजिम आत्महत्याको प्रयास गर्ने क्रममा दुवैजनाले विष सेवन गरेकोमा मृतक सुनिल के. सी. को मृत्यु भएको र यी प्रतिवादीको संयोगवश उपचारपश्चात् ज्यान बच्न गएको अवस्था देखिएको छ । यसप्रकार यी प्रतिवादीले मृतकलाई मात्र विष खुवाएको नभई आफूले समेत विष सेवन गरेकोमा संयोगवश निजको ज्यान मर्न नपाएको अवस्था देखिन्छ भने निजले मुद्दाको अनुसन्धान र पुर्पक्षका क्रममा घटनाको यथार्थ विवरण बताई न्याय सम्पादनमा सहयोग नै गरेको तथा निजको उमेर अवस्था, निजका कलिला नाबालक दुईजना बच्चाहरू समेत भएको स्थिति तथा वारदातको समग्र परिस्थितिलाई मध्यनजर गर्दा निजलाई ऐनबमोजिम ठहर भएको सजाय गर्दा चर्को पर्न जाने देखिन आउने ।

पुनरावेदक प्रतिवादी विमला देवकोटालाई ज्यानसम्बन्धीको महलको १३(२) नं. बमोजिम सर्वस्वसहित जन्मकैदको सजाय हुने ठहर्‍याई सुरू रूकुम जिल्ला अदालतले मिति २०६८।३।१३ मा गरेको फैसला सदर हुने ठहर्‍याई पुनरावेदन अदालत तुलसीपुर, दाङबाट मिति २०६८।१०।२३ मा भएको फैसला मनासिब नै देखियो । तर प्रस्तुत मुद्दाको वारदातको समग्र परिस्थिति र अपराधको

गम्भीरतालाई विचार गर्दा, यी पुनरावेदक प्रतिवादी विमला देवकोटालाई ऐनबमोजिम सजाय गर्दा चर्को पर्ने भएकोले सोभन्दा कम सजाय गर्दा पनि दण्डको उद्देश्य पुरा हुने देखिँदा न्यायको रोहमा निजलाई मुलुकी ऐन, अ.बं. १८८ नं. बमोजिम ६(छ) वर्ष कैद हुने ठहर्छ । अभियोग दाबीबाट सफाइ पाउनु पर्दछ भन्ने पुनरावेदक प्रतिवादीको पुनरावेदन जिकिर पुग्न नसक्ने ।

इजलास अधिकृतः सन्तोषप्रसाद पराजुली

कम्प्युटरः अमिररत्न महर्जन

इति संवत् २०७२ साल मङ्सिर २२ गते रोज ३ शुभम् ।

६

**स.का.मु.प्र.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री गोपाल पराजुली,** ०६९-CI-०२८८, ०६९-FN-०१३७, निषेधाज्ञा, *ओमु टेम्पा लामा वि. जिल्ला शिक्षा कार्यालय, काठमाडौंका जिल्ला शिक्षा अधिकारीसमेत, ओमु टेम्पा लामा वि. जिल्ला शिक्षा कार्यालय, काठमाडौंका जिल्ला शिक्षा अधिकारीसमेत*

अखिल नेपाल हिमाली बौद्ध संघको गुठियार कायम नभएको व्यक्ति विधानतः सो संघको कार्य समितिमा रहन सक्ने देखिँदैन । कार्य समितिमा नभएको व्यक्ति विद्यालय व्यवस्थापन समितिमा पदाधिकारी रहि रहन सक्ने पनि देखिँदैन । गुठियार कायम नरहेको अवस्थामा पहिले गुठियारको हैसियतले कुनै पद प्राप्त भएको भए सो पद रिक्त हुने देखिन्छ । पुनरावेदिका अखिल नेपाल हिमाली बौद्ध संघको गुठियार नभएको हुँदा निज कार्यरत् पद स्वतः रिक्त रहेको भनि मिति २०६९।३।२४ को सो संघको निर्णयले नरबहादुर बुढाथोकीलाई विद्यालय व्यवस्थापन समितिको अध्यक्ष पदमा मनोनयनको लागि सिफारिस गरि जिल्ला शिक्षा कार्यालयमा पत्राचार गरेको कुरा विपक्षीहरूको लिखित जवाफबाट देखिन्छ । मिति २०६९।३।२४ को निर्णयउपर पुनरावेदिकाले कुनै चुनौती पनि दिएको नदेखिने ।

विद्यालय सञ्चालन गर्नसमेतका लागि पुनरावेदिकासमेतको हस्ताक्षरले बुद्ध एकेडेमी सार्वजनिक शैक्षिक गुठीको विधान, २०५९ जारी भएको देखिन्छ । सो विधानको दफा ९ अन्तर्गतको कार्यकाल शीर्षकको खण्ड (क) मा गुठियार, गुठियारको कार्यकाल अखिल नेपाल हिमाली बौद्ध संघको कार्य समितिमा रहुन्जेलसम्म मात्र हुनेछ भन्ने उल्लेख भएको छ । यसरी पुनरावेदिका स्वयम्ले बुद्ध एकेडेमी विद्यालयको विद्यालय व्यवस्थापन समितिको अध्यक्षसमेतका लागि गुठियार हुनुपर्ने र गुठियारको कार्यकाल अखिल नेपाल हिमाली बौद्ध सङ्घको कार्य समितिमा रहुन्जेलसम्म मात्र हुनेछ भन्ने कुरालाई विधानमा हस्ताक्षर गर्दा नै स्वीकार गरेको अवस्थामा गुठियार नरहेको व्यक्ति अब सो बुद्ध एकेडेमी सार्वजनिक शैक्षिक गुठीको विद्यालय व्यवस्थापन समितिको अध्यक्ष पदमा रहि रहन सक्ने अवस्थाको विद्यमानता नदेखिँदा निवेदन मागबमोजिम निषेधाज्ञाको आदेश जारी गर्न मिल्ने नदेखिने हुँदा पुनरावेदन अदालत, पाटनले मिति २०६९।५।२० मा प्रस्तुत निवेदन खारेज हुने ठहर्‍याई गरेको फैसलामा कुनै कानूनको त्रुटि नदेखिँदा सदर हुने ठहर्छ । पुनरावेदिकाको पुनरावेदन जिकिर पुग्न नसक्ने ।

इजलास अधिकृत: भीमबहादुर निरौला

कम्प्युटर: गिता घिमिरे (गिरी)

इति संवत् २०७१ साल फागुन १० गते रोज १ शुभम् ।

## इजलास नं. १

१

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री दीपकराज जोशी,** ०६९-WO-१३८०, प्रतिषेध / परमादेश, *अधिवक्ता श्रीप्रसाद पण्डित वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत*

कुनै पनि मुलुकले आफ्नो भू-भागभित्र

विदेशीहरूको प्रवेश, उपस्थिति र प्रस्थानलाई नियमित एवम् नियन्त्रण गर्न तथा आफ्ना नागरिकहरूको प्रस्थान र आवागमनलाई व्यवस्थित गर्ने प्रयोजनको विषय हो । तर एक राष्ट्रको भूभागभित्र यस्तो अध्यागमन केन्द्र स्थापना गर्ने कुराको कुनै प्रयोजन नहुनुका साथै राष्ट्रहरूको सार्वभौमिक अधिकारले यस्तो कुरालाई सहन गर्न समेत नसक्ने ।

लामो र खुला सिमाना भएका नेपाल र भारत जस्ता दुई छिमेकी मुलुकबिच परम्परागतरूपमा रहेको द्विपक्षीय सम्बन्धका कारण सिर्जित थुप्रै सकारात्मक पक्षहरू रहेका छन् । परस्पर सहयोग मात्र नभई धार्मिक, सांस्कृतिक र भावनात्मक रूपमा नै यी दुई मुलुकहरू परस्पर जोडिएका छन् । निकट हुनुको लाभ मात्रमा आत्मसात् गरेर बस्दा यसबाट निस्कने नकारात्मक पाटोलाई बिर्सन सकिँदैन । खासगरि बढ्दो जनआस्था अव्यवस्थित सहरीकरण, सूचना प्रविधिको प्रयोग, दुवै देशका नागरिकहरूको एक अर्को देशमा खुला आवागमन र बसोबासका कारण थुप्रै सामाजिक र कानूनी समस्याहरू खडा भएका हुन सक्दछन् । एक देशमा अपराध गरि अर्कोमा लुक्ने वा एक देशमा अशान्ति वा उपद्रव मच्चाउने कार्य अर्को देशमा बसेर गर्ने गरेका थुप्रै दृष्टान्तहरू विगतदेखि नै रहेका छन् । अझ सङ्गठित अपराधीहरूको जालले दुवै देशको सुरक्षा प्रणाली र आम जनजीवनलाई चुनौती दिइरहेको प्रति अनदेखा गर्न नमिल्ने ।

यस्तो स्थिति विद्यमान भएमा समस्याहरूको समाधान दुवै मुलुकको परस्पर सहमतिबाटै गरिनु पर्ने हुन्छ । द्विपक्षीय कुटनीतिक सम्बन्धबाट निर्धारण हुने यस्तो स्थितिमा सामान्यत: अदालतले न्यायिक हस्तक्षेप गर्ने स्थिति पनि हुँदैन । अदालतले हेर्ने भनेको यस्ता द्विपक्षीय सम्बन्धलाई परिभाषित वा व्यवस्थित गर्ने पारस्परिक सम्झौताहरू प्रचलित संविधानको व्यवस्थाअनुरूप छन्, छैनन् भन्नेसम्म हो ।

दुई मुलुकका गृह सचिवहरूबिच सहमति (MOU) सम्म भएको देखिन्छ । त्यसलाई नेपाल सरकारले स्वीकार गरिसकेको वा त्यसको जानकारी पठाइसकेको भन्ने पनि नदेखिएकोले त्यस्तो प्रक्रियामा रहेको र कार्यकारिणीको तर्फबाट छलफल तथा परिमार्जन हुनसक्ने भई सो हुनै बाँकी रहेको विषयमा अदालतले हस्तक्षेप गरि बदर गर्नु अपरिपक्व (immature) हुन जाने ।

तथापि दुई राष्ट्रबिच राष्ट्रिय हित र स्वार्थका बारेमा छलफल चलाउँदा र प्रारम्भिक सहमति गर्दा ज्यादै हलुका ढङ्गले प्रस्तुत हुन शोभनीय नभई त्यस्ता कार्यमा संलग्न हुने राष्ट्रका प्रतिनिधि र पदाधिकारीले राष्ट्रिय हितलाई सदैव केन्द्र बिन्दुमा राख्नु पर्दछ । त्यस्तो छलफल र सहमतिका विषयवस्तुका सम्बन्धमा चयन र उपयुक्त भाषा र शब्दावलीका सम्बन्धमा पर्याप्त पूर्वतयारी समेत गरिनु अपेक्षित हुन्छ । विवाद उठेपछि सरकारले आफूलाई प्रतिरक्षा गर्ने स्थानमा पुर्‍याउनु भन्दा बेलैमा सो कुरा हेक्का राखिनु पर्दछ । यसतर्फ सम्बद्ध पदाधिकारी र सरकारको ध्यानाकर्षण हुन जरूरी हुन जाने ।

नेपाल सरकार र भारत सरकारका तर्फबाट भारतीय गृह सचिव आर.के. सिंहको नामबाट प्रकाशित भनिएको AGREED MINUTES OF THE MEETING BETWEEN THE HOME SECRETARIES OF NEPAL AND INDIA AT KATHMANDU ON JUNE 01, 2013 भन्ने शीर्षक २८ बुँदे निर्णयको बुँदा नं. २५ मा चेकपोस्ट स्थापना गर्ने सम्बन्धी विषयले प्रवेश पाएको भए पनि सो विषयलाई राष्ट्रिय सुरक्षा संवेदनशीलतालाई ध्यानमा राखेर बाँकी चरणमा विचार हुनसक्ने र पर्ने समेत देखिन्छ । अहिले कुनै बन्धनकारी सन्धि र सम्झौता भैसकेको नहुँदा मागबमोजिम कुनै आदेश जारी गरि हस्तक्षेप गर्न मिल्ने नहुँदा प्रस्तुत रिट निवेदन

खारेज हुने ।

इजलास अधिकृत: दीक्षा प्रधानाङ्ग

कम्प्युटर: सन्तोष अवाल

इति संवत् २०७१ साल माघ २१ गते रोज ४ शुभम् ।

२

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री गोविन्दकुमार उपाध्याय,** ०६८-CR-०१४४, जबरजस्ती करणी र चोरी, *नेपाल सरकार वि. बलराम दवाडी भन्ने ध्यानबहादुर खड्का*

प्रतिवादीले पीडितलाई नसालु पदार्थ खुवाई जबरजस्ती करणी गर्नुको साथै गहना र नगदसमेत गरि बिगो रू. ४७,०००।०० (सत्चालिस हजार रूपैयाँ) चोरी गरेको भनि वादी पक्षले लिएको चोरीतर्फको अभियोग दाबीसमेत पुष्टि हुँदा प्रतिवादीउपरको अभियोग मागदाबी पुग्ने देखिँदा सुरूले प्रतिवादीलाई सफाइ दिने गरि गरेको फैसला सदर गरेको पुनरावेदन अदालत, पाटनको मिति २०६६।०७।२६।५ को फैसला नमिलेको देखिँदा उल्टी हुने भई प्रतिवादीलाई अभियोग माग दाबीबमोजिम सजाय हुने ।

प्रतिवादीले ३९ वर्षकी क कुमारीलाई ललाई फकाई एकान्तस्थानमा पुर्‍याई फ्रुटीमा लागु पदार्थ मिसाई खान दिई बेहोस तुल्याई जबरजस्ती करणी गरेको पुष्टि भएकोले प्रतिवादीले मुलुकी ऐन, जबरजस्ती करणीको महलको ३(३) नं. बमोजिमको कसुर अपराध गरेको ठहर्छ । त्यसैले प्रतिवादीलाई ऐ.ऐ. को ३(३) नं. बमोजिम ६(छ) वर्ष कैद सजाय हुने ।

जाहेरवालीलाई जबरजस्ती करणी गर्ने क्रममा प्रतिवादीले पीडितले लगाएको २ तोलाको सुनको बेरूवा रिङ एक जोर, आधा तोलाको सुनको तिलहरी एक थान र थैलीमा भएको रू. ५०००।- समेत चोरी गरि भागेको भन्ने अभियोग दाबीसमेत पुष्टि भएकोले अभियोगपत्रमा दाबी गरिएको बिगो रू. ४७,०००।- (सतचालीस हजार रूपैयाँ) समेत प्रतिवादीबाट पीडित जाहेरवालाले भराई लिन पाउने ठहर्छ । प्रतिवादीउपरको चोरीको कसुर पटके हो भनि वादी पक्षले प्रमाणित गराउन नसकेको हुँदा प्रतिवादीलाई मुलुकी ऐन, चोरीको महलको १२ नं. बमोजिम पहिला पटक चोरी गरेमा हुने १(एक) महिना कैद हुनाको साथै चोरी गरेको बिगो रू ४७,०००।- बराबरको रकम निज प्रतिवादीलाई जरिवानासमेत हुन्छ । लागु औषध खुवाई बेहोस बनाई गर गहना र नगद चोरी गरेको देखिँदा प्रतिवादीलाई ऐ. महलको १८ नं. बमोजिम थप १(एक) वर्ष कैदसमेत हुने ठहर्छ । साथै मुलुकी ऐन, जबरजस्ती करणीको महलको १० नं. बमोजिम पीडित क कुमारीलाई पुग्न गएको शारीरिक र मानसिक पीडासमेतलाई दृष्टिगत गर्दा निजले प्रतिवादीबाट क्षतिपूर्तिबापत रू. ५०,०००।- (पचास हजार रूपैयाँ) भराई लिन पाउने ।

इजलास अधिकृत: बाबुराम सुबेदी

कम्प्युटर: मन्जिता ढुंगाना

इति संवत् २०७१ साल मङ्सिर २३ गते रोज ३ शुभम् ।

३

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री गोविन्दकुमार उपाध्याय,** ०६४-CI-०९२१, हक कायम दर्ता बदर, *मु.स. गर्ने प्रकाशरवी प्रधानसमेत वि. सुनमाया तामाङसमेत*

नापीको समयमा नाप जाँच भई फिल्डबुकसम्म खडा भएको तर सम्बन्धित जग्गाधनीको नाममा दर्ता हुन बाँकी भई बेदर्ता रहेको कुनै जग्गामा साबिक जग्गावालाले वा निजका हकवाला हुँ भनि दर्ता वा हक कायमको दाबी गर्ने व्यक्तिले सो जग्गामा आफ्नो हक पुग्ने वा स्थापित हुने वस्तुनिष्ठ आधार प्रमाण पनि देखाउनु पर्ने हुन्छ । यसरी हक कायमको दाबी गर्ने व्यक्तिले देखाएका प्रमाणहरू सो जग्गासँग सम्बन्धित छन् वा छैनन् भन्नेतर्फ अदालतले सूक्ष्म अध्ययन गरि ती प्रमाणहरूबाट दाबीकर्ता व्यक्तिको सो जग्गामा वैध

सम्बन्ध देखिन्छ या देखिँदैन भन्ने तथ्यको पहिचान गर्नुपर्ने हुन्छ । त्यसैले कुनै बेदर्ताको जग्गामा म हकवाला हुँ वा साबिक जग्गावालाको हक लाग्ने जग्गा हो भन्नुमात्र पर्याप्त नहुने।

साबिकको नापीमा दर्ता बाँकी रहन गएको जग्गाको हक स्वामित्व निरूपण गर्दा सो नापीमा खडा भएको फिल्डबुकमा लेखिएका व्यहोराहरू महत्त्वपूर्ण प्रमाण हुन्छ । उस बखतको नापीमा खडा भएको फिल्डबुकमा लेखिने व्यहोराहरू सो जग्गाको स्वामित्वको सम्बन्धमा कालान्तरमा विवाद उठ्ला भनि अनुमान गरि लेखिएका काल्पनिक कुराहरू होइनन् । त्यसैले सो फिल्डबुकलाई सो जग्गाको स्वामित्व निर्धारक प्रमाणको रूपमा उच्च महत्त्व दिनुपर्ने हुन्छ । त्यसैगरि त्यस्तो जग्गाको साबिक लगतमा लेखिएको व्यहोरा पनि महत्त्वपूर्ण हुन्छ । साबिक लगतमा लगतवालाको नाम, थर, जग्गाको क्षेत्रफल, विरह, जग्गाको मौजा तथा सो लगतको चारकिल्ला र हाल विवादित जग्गाको क्षेत्रफल, विरह, मौजा तथा चारकिल्ला लगायतका कुराहरू आपसमा भिडाई त्यस्तो लगतले हाल विवादित जग्गासँग सार्थक सम्बन्ध राख्छ या राख्दैन, सो कुरा हेर्नु उत्तिकै आवश्यक हुन्छ । जग्गा पहिचान गर्ने र दाबीकर्ताको जग्गासँगको सम्बन्ध यकिन गर्ने उल्लिखित प्रमाणहरूका अतिरिक्त उक्त जग्गा मोहीले कमाएको भए जग्गाधनीको रूपमा दाबी गर्ने व्यक्तिले मोहीसँग निरन्तर सम्बन्ध बनाई जग्गाको बाली लिएको छ, छैन साथै साबिकमा नापीभन्दा अगाडि सो जग्गाको पोत वा तिरो तिरेको छ, छैन भन्ने अन्य प्रमाणहरू पनि उत्तिकै महत्त्वपूर्ण हुन्छन् । उल्लिखित प्रमाणहरूले दाबीकर्ता व्यक्तिको विवादित जग्गासँगको वैध एवम् सार्थक सम्बन्ध स्थापित गर्दछ र त्यस्तो जग्गाको वास्तविक स्वामित्ववाला यकिन गर्न मद्दत पुग्दछ । स्वामित्वको दाबीकर्ता व्यक्तिले दर्ता हुन बाँकी जग्गामा हक कायममा दाबी गर्दा उल्लिखित प्रमाणहरूलाई सिलसिलेवार रूपमा प्रस्तुत गरि फिल्डबुकमा नाम जनिएको व्यक्ति वा निजको हकवाला आफू रहेको कुरा निर्विवाद तवरले स्थापित गर्न सक्नु पर्दछ । यी प्रमाणहरूको अभावमा मौखिकरूपमा जग्गामा हक कायमको दाबी गर्नु मात्र पर्याप्त हुन नसक्ने।

फिल्डबुकमा उल्लिखित एउटा व्यक्तिको नाम थरसँग दाबीकर्ता व्यक्ति वा निजका पूर्वज पिता वा बाजे/पति वा बाजे आदि नाताका व्यक्तिको नाम भिडाउने उद्देश्यबाट फिल्डबुकमा उल्लिखित नामको व्यक्ति जोसुकै भए पनि सो व्यक्ति भन्ने दाबीकर्ताको पिता/बाजे वा पति/बाजे नै एउटै हो भनि अपत्यारिलो, बनावटी या काल्पनिक तवरबाट दाबीकर्ता र फिल्डबुकमा उल्लिखित व्यक्तिको नाम एउटै देखाई तयार गरिएका पछिल्ला प्रमाणहरूलाई सहजै ग्रहण गरि स्वामित्व यकिन गर्न पनि सकिँदैन । पछिबाट खडा भएका प्रमाणहरू निसन्देह रूपमा दर्ताको दाबी गर्नुपर्ने जग्गाको साबिकका लिखतका व्यहोरासँग मिलाउने उद्देश्यबाट खडा भएका छन् भने ती पछिल्ला प्रमाणहरू जग्गाको स्वामित्व यकिन गर्न ग्राह्य हुन सक्तैनन् । जग्गा जस्तो विषयमा कुनै व्यक्तिको हक स्वामित्व कायम गर्दा अनुमान गरि कायम गर्न मिल्दैन । त्यो कुरा दाबीकर्ताले माथि विवेचना भएका प्रमाणको सिलसिलेवार प्रस्तुतिबाटै स्थापित गर्न सक्नुपर्ने।

वादीले पेस गरेको सो नाता प्रमाण-पत्रमा एउटै व्यक्तिको ३ वटा नाम उल्लेख भएको देखिन्छ। एकातिर एउटै व्यक्तिको ३ वटा नाम हुनसक्ने कुरा आफैँमा स्वाभाविक देखिँदैन भने अर्कातिर नाता प्रमाणपत्रमा उल्लेख भएका हिरामान श्रेष्ठ आफ्ना बाजे हुन् भन्ने यी पुनरावेदकहरूले आफ्नो थर प्रधान नै लेखिरहेको मिसिलबाट देखिई रहेको हुँदा दाबीका जग्गाका साबिक जग्गावाला हिरामान श्रेष्ठ यी वादीहरूकै

बाजे हुन् भनि मान्न मिल्ने देखिएन । त्यसैगरि उक्त विवादित जग्गाहरू आफ्ना नाममा दर्ता गराइ पाउँ भनि मालपोत कार्यालयमा निवेदन दिँदा साबिक प्रमाण पेस गरेको बखत कारवाही गर्ने गरि कारवाही स्थगित गर्ने भनि मालपोत कार्यालयबाट मिति २०४९।१०।१ मा निर्णय भएको छ भनि फिराद लेखमा स्वीकार गर्ने यी पुनरावेदक वादीहरूले तत्पश्चात् उक्त कि.नं. का जग्गाहरू दर्ता गर्नका लागि आफ्नो हक पुग्ने प्रमाण पेस गरि दर्ता गराउन क्रियाशील रहेको पनि देखिँदैन। वादीले आफ्नो हक पुग्ने प्रमाण भनि फिराद साथ पेस गरेको भद्रकाली महांकाल गुठीको लगत नं. १०२/८७ मा उल्लिखित क्षेत्रफलसँग विवादित जग्गाको क्षेत्रफल मिल्न आएको पनि नदेखिने।

वादी दाबीबमोजिम दाबीका जग्गामा वादीको हक कायम हुने ठहर्‍याएको सुरू काठमाडौं जिल्ला अदालतको फैसला उल्टी गरि वादी दाबी पुग्न नसक्ने ठहर्‍याई पुनरावेदन अदालत, पाटनबाट मिति २०६४।८।२४ मा भएको फैसला मनासिब देखिँदा सदर हुने।

इजलास अधिकृत: नगेन्द्रकुमार कालाखेती

कम्प्युटर: कल्पना बर्तौला

इति संवत् २०७१ साल असोज २६ गते रोज १ शुभम्।

४

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री गोविन्दकुमार उपाध्याय,** ०६५-WO-०२६७, उत्प्रेषण/परमादेश, *गणेशप्रसाद दाहाल वि. मालपोत कार्यालय, धुलिखेल, काभ्रेपलाञ्चोकसमेत*

रिट निवेदकले छुट जग्गा दर्ता गरिपाउँ भन्ने दाबी लिएको कि.नं. २५८ को जग्गाको स्रोतको रूपमा साबिक कि.नं.३३ को जग्गालाई देखाएको पाइन्छ । दाता पितप्रसाद सापकोटाबाट रिझबापत मिति २०३४।११।०६ मा र.नं. १७४२ को हा.ब.बाट प्राप्त गरेको उक्त साबिक कि.नं. ३३ को जग्गा नापनक्सा हुँदा कित्ताकाट भई कि.नं. २५७, २५९ र २६० तिन कित्ता जग्गा यी निवेदकको नाममा नापनक्सा भई निजले जग्गा धनी प्रमाण पुर्जा पाइसकेको कुरा मिसिल संलग्न प्रमाण कागजबाट देखिन्छ। साबिकको एउटै कित्ता चारवटा कित्तामा कित्ताकाट भई तीमध्ये तिन कित्तामात्र दर्ता भएको र कि.नं. २५८ को एक कित्तामात्र दर्ता गर्न छुट हुन गएको भनि निवेदकले दाबी गरेको भए पनि त्यसरी तिन कित्तामात्र दर्ता भई एक कित्ताको मात्र किन दर्ता छुट भएको हो भन्ने सम्बन्धमा रिट निवेदकले रिट निवेदनमा स्पष्टसँग भन्न र लेख्न सकेको नदेखिने।

कि.नं. २५८ को जग्गा आफूले बकसबाट पाई भोग गरेकै जग्गामध्येको रहेको भए निवेदकले अरू तिन कित्ता जग्गामात्र दर्ता भई कि.नं. २५८ छुट हुँदा तत्कालमै दाबी उजुर गर्न जानु पर्नेमा सो गर्नसकेको अवस्था पनि देखिँदैन । ०३५ सालमा नापनक्सा भएको विषयमा विवादित कि.नं. २५८ को जग्गा दर्ता गर्न छुट भएको भनि रिट निवेदकले मिति २०४१।१२।३० मा मात्र मालपोत कार्यालयमा "छुट जग्गा दर्ता गरिपाउँ" भनि माग्न गएको देखिन्छ। विपक्षी मालपोत कार्यालय, धुलिखेल, काभ्रेपलाञ्चोकको लिखित जवाफमा रिट निवेदकले दाबी गरेको कि.नं. २५८ को जग्गाको सम्बन्धमा वन कार्यालयले नापीको समयमा बुटेन जनिई नापनक्सा भएको जग्गा वन क्षेत्र पर्ने देखिएकोले वनक्षेत्र दर्ता गर्न नमिल्ने भनि लेखि आएकोले वन क्षेत्रभित्र पर्ने जग्गा दर्ता गर्न नमिल्ने भएको कारणबाट निवेदन तामेलीमा राखिएको भन्ने उल्लेख भएको देखिने।

रिट निवेदन दाबीको जग्गा व्यक्तिको नाम स्वामित्वको भई नापी दर्ता गर्नमात्र छुट भएको हुन्थ्यो भने विवादित जग्गाकै साँधमा जोडिएका तिन कित्ता जग्गा दर्ता भई कि.नं. २५८ को जग्गालाई मात्र दर्ता गर्न छुटाउने कुरा नै नहुनु

पर्ने हो । यस सम्बन्धमा निवेदकको भनाइ स्पष्ट देखिँदैन। प्रस्तुत विवादको जग्गामा अरू कुनै व्यक्तिको दर्ता सम्बन्धमा दाबी परि तेरो मेरोको विवाद रहेको पनि नदेखिएको र निवेदकले आवादी गरेको छु भने पनि फिल्डबुकमा बुटेन जनिएको सकारी स्वामित्वको जग्गालाई स्पष्ट प्रमाणबेगर यी रिट निवेदकको नाममा दर्ता गर्ने कुरा पनि हुँदैन । जग्गाको स्वामित्वको निर्धारण गर्ने तत्त्व भनेको जग्गाको दर्ता स्रेस्ता भएको र विवादित जग्गा नेपाल सरकारको नाममा दर्ता स्रेस्ता कायम भइसकेको देखिँदा सो बदर नभएसम्म त्यस्तो जग्गालाई नेपाल सरकारकै स्वामित्वको जग्गा मान्नुपर्ने हुँदा व्यक्तिको नाममा दर्ता गर्न मिल्ने कुरा पनि नआउने।

कि.नं. २५७, २५९ र २६० का जग्गा नापी भई तयार भएको फिल्डबुकमा स्वयम् यी रिट निवेदकले सहिछापसमेत गरेको भन्ने कुरा मिसिल संलग्न प्रमाणकागजबाट देखिन्छ । विवादित कि.नं. २५८ को जग्गा नापी भई फिल्डबुक तयार हुँदा जग्गा धनी महलमा खाली, विरह-बुटेन, प्रमाण सङ्केत महल खाली, कैफियत महलमा समेत केही उल्लेख नभएको भन्ने इजलाससमक्ष पेस भएको सक्कलै क्षेत्रीय किताबबाट देखिन आएकोले प्रस्तुत कि.नं. २५८ को जग्गा खेतीयोग्य जमिन नभई बुटेन नै रहे भएको, वादीले नापीकै समयमा कुनै हक दाबी लिन नसकेको, सर्भे नापीमा नै बुटेन भनि उल्लेख भएको जग्गा स्वतः सरकारी जग्गाको परिभाषाभित्रै पर्ने हुँदा मिति २०५०।१०।११ को निर्णय अन्यथा मान्नुपर्ने नदेखिएको भन्ने कुरालाई यसै विवादको जग्गाको विषयमा यिनै रिट निवेदकले वादी भई दिएको निर्णय दर्ता बदर हक कायम मुद्दामा काभ्रेपलाञ्चोक जिल्ला अदालतको फैसलामा उल्लेख भएको देखिन्छ । सो काभ्रेपलाञ्चोक जिल्ला अदालतको फैसलाउपर यी रिट निवेदकले पुनरावेदन अदालत, पाटनमा पुनरावेदन गरेकोमा पुनरावेदन अदालत, पाटनबाट सुरूको फैसला सदर भएको र सो सदर फैसलाउपर मुद्दा दोहोर्‍याई पाउँ भनि यी रिट निवेदकले ०६९-RI-१४३५ को मुद्दा दोहोर्‍याई पाउँ भन्ने निवेदनसमेत यसै अदालतमा दायर गरेको देखिन्छ। सो निवेदनमा आजै यसै इजलासबाट मुद्दा दोहोर्‍याउने निस्सा प्रदान गर्न नमिल्ने भनि आदेश भई सो निर्णय दर्ता बदर हक कायम मुद्दाको निर्णय अन्तिम भएको अवस्था देखिने।

प्रस्तुत रिट निवेदनमा दाबीको जग्गाको सम्बन्धमा यी रिट निवेदकले साधारण अधिकारक्षेत्र अन्तर्गतको उपचारको मार्गसमेत उपभोग गरिसकेको देखिएको र साधारण उपचारको क्षेत्राधिकारअन्तर्गत बुझ्नुपर्ने सम्पूर्ण प्रमाणसमेत बुझेर विवादको टुङ्गो लागिसकि मुद्दा अन्तिम भएर बसेको विषयमा पुनः यस अदालतबाट असाधारण अधिकारक्षेत्रको प्रयोग गरि रिटबाट विवादको अन्तरवस्तुभित्र प्रवेश गरि निर्णय गर्नसमेत नमिल्ने।

वन कार्यालय, धुलिखेल, काभ्रेपलाञ्चोकबाट निवेदन दाबीको कि.नं. २५८ को जग्गा वन क्षेत्रभित्र पर्ने भनि लेखि आएको कारण जनाई मालपोत कार्यालय, धुलिखेल, काभ्रेपलाञ्चोकले निवेदनदाबीको उक्त जग्गा निवेदकको नाममा नापी दर्ता गर्न नमिल्ने भनि छुट जग्गा दर्ता गरिपाउँ भन्ने यी रिट निवेदकको निवेदन तामेलीमा राख्ने गरि मिति २०६४।१०।१३ मा भएको निर्णयमा कुनै कानूनी त्रुटि विद्यमान रहेको नदेखिँदा निवेदकको मागदाबीको सम्बन्धमा कुनै विचार गर्न नपर्ने। प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृतः बाबुराम सुवेदी
कम्प्युटर: रामशरण तिमिल्सिना
इति संवत् २०७१ साल माघ १९ गते रोज २ शुभम्।

५

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री गोविन्दकुमार उपाध्याय,** ०६९-CR-०५१३, जबरजस्ती करणी, *नेपाल सरकार वि. पाल्पा २*

प्रस्तुत मुद्दा बाल इजलासबाट हेरिएको र बाल इजलासमा राय दिने बाल मनोविज्ञानवक्ताहरूले प्रतिवादीलाई सजाय भएमा समाजमा संयोजन हुन सक्दैनन् भन्ने दृष्टि राखि कसुरबाट उन्मुक्ति पाउने गरि राय दिएको भएपनि जबरजस्ती करणी जस्तो गम्भीर अपराध गरेको कुरामा सजायमा पुरै उन्मुक्ति दिन मिल्दैन । बाल दुराचारीलाई कानूनले नै वयस्कलाई हुने सरहको सजाय नगरि आधा सजाय गरिने व्यवस्था भएको र बाल दुराचारमा कैद सजाय पाए पनि वयस्कसरह कैदमा बस्न नपरि बालसुधारगृहमा बसेर दुराचारी आचरणमा सुधार ल्याउन सक्ने सुविधा कानूनले दिएकै परिप्रेक्ष्यमा प्रतिवादीलाई सजाय गरिएमा समाजमा संयोजन हुन कठिनाई हुनसक्ने भन्ने जस्ता मनोविज्ञानवक्ताहरूको रायलाई आधार लिएर कसुर नै नगरे सरह प्रतिवादीलाई कसुरबाट सफाइ दिने कुरा पीडितलाई न्याय दिलाउने दृष्टिकोणबाट समेत मिल्ने हुँदैन । प्रतिवादीले दाबीको कसुर गरेकै देखिन आउँदा निजलाई अभियोग दाबीअनुसार सजाय नगरि सफाइ दिएको सुरूको सदर गरेको पुनरावेदन अदालतको फैसला मिलेको नदेखिने ।

प्रतिवादीउपरको किटानी जाहेरी, पीडितले घटनाको बारेमा बाल सुलभ शैलीमा गरेको सविस्तारपूर्ण वर्णनमा प्रतिवादीले जबरजस्ती करणी गरेको भनि मौकामा गरेको कागज एवम् सोलाई पुष्टि हुने गरि अदालतमा गरेको बकपत्र, पीडितको कन्याजाली च्यातिएको भन्ने शारीरिक परीक्षणबाट प्राप्त प्रतिवेदन, कन्याजाली च्यातिने कारणमा करणी बाहेकको अन्य कारण देखिन नसकेको, पीडितको स्वास्थ्य परीक्षण गरि प्रतिवेदन दिने डाक्टरले उक्त प्रतिवेदनको व्यहोरालाई पुष्टि हुने गरि अदालतमा गरेको बकपत्रसमेतका मिसिल संलग्न प्रमाणहरूले अभियोग दाबी पुष्टि भइरहेकोमा उल्लिखित सबुत प्रमाणहरूको उचित ढङ्गले मूल्याङ्कन नै नगरि प्रतिवादीलाई सफाइ दिने ठहर्‍याएको सुरूको सदर गरेको पुनरावेदन अदालत, बुटवलको मिति २०६८।०३।३०।५ को फैसला त्रुटिपूर्ण देखिएको हुँदा उल्टी हुन्छ । प्रत्यर्थी प्रतिवादी पाल्पा २ ले अभियोग दाबी जबरजस्ती करणीको महलको १ र २ नं. को कसुरमा ऐ.को ३(१) नं. अनुसार १० (दश) वर्ष कैद हुने ठहर्छ । साथै पीडित अ कुमारी प्रतिवादीकी हाडनाताभित्रकी बहिनी नाताकी हुँदा हाडनातातर्फ जबरजस्ती करणी गरेकोमा ऐ. हाडनाता करणीको महलको ३(१) नं. बमोजिम थप १(एक) वर्ष कैदसमेत हुने ।

प्रतिवादीको उमेर १६ वर्ष नपुगेको देखिएकोले निज प्रतिवादीलाई बालबालिकासम्बन्धी ऐन, २०४८ को दफा ११(३) बमोजिम उल्लिखित निर्धारित सजायको आधा अर्थात् ५ (पाँच) वर्ष ६(छ) महिना कैद हुन्छ । अब क्षतिपूर्तिका सम्बन्धमा विचार गर्दा जबरजस्ती करणीबाट पीडित भएको कारण पीडितलाई मानवीय, मनोवैज्ञानिक, शारीरिक, पेसागत, चारित्रिक, बौद्धिक, सामाजिक, आर्थिक लगायत जीवनको विभिन्न पक्षमा दुरगामीरूपमा असर परेको हुन्छ । यस्तो कसुरबाट पीडा भोग्न बाध्य भएकी पीडित बालिकालाई निजमाथि आइपरेको शारीरिक तथा मानसिक क्षतिसमेतलाई मध्यनजर राखि बिचार गर्दा पीडित अ कुमारीलाई मुलुकी ऐन, जबरजस्ती करणीको महलको १० नं. बमोजिम प्रतिवादीबाट रू ५०,०००।- (पचास हजार रूपैयाँ) क्षतिपूर्ति भराई दिनुपर्ने ।

इजलास अधिकृत: बाबुराम सुबेदी

कम्प्युटर: मन्जिता ढुंगाना

इति संवत् २०७१ साल मङ्सिर २३ गते रोज ३ शुभम् ।

६

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री गोविन्दकुमार उपाध्याय,** ०७०-CI-०८१२, ०८२९, मानाचामल, *विजयकुमार लामिछाने वि. रूकु गौतम (लामिछाने), रूकु गौतम (लामिछाने) वि. विजयकुमार लामिछाने*

आफूले विवाह गरि ल्याएकी श्रीमतीलाई इज्जत आमदअनुसार खान लाउन दिने कर्तव्य प्रतिवादीकै रहेकोमा विवाद देखिन्न । आफैँले विवाह गरि ल्याएकी श्रीमतीलाई खान लाउन नदिई घरबाट निकाला गरेको अवस्थामा श्रीमतीको दैनिक जीवनयापनको लागि आवश्यक पर्ने मनासिब हुने माना चामलबापतको खर्च पतिले दिनुपर्ने नै हुन्छ । आम्दानीको कुनै स्रोत नभएकी श्रीमतीलाई यस्तो खर्च दिन्न भन्न पतिलाई छुट हुन सक्दैन । कत्ति पनि माना चामल भर्न नपर्ने गरि फैसला गरिपाउँ भन्ने प्रतिवादी विजयकुमारको पुनरावेदन जिकिर पुग्न नसक्ने ।

अंशचलन मुद्दामा प्रतिउत्तर फिराउदा नै पुनरावेदक प्रतिवादीले फिरादीले मिति २०६५।२।१८ बाटै घर छाडि हिँडेको भन्ने तथ्यलाई स्वीकार गरिसकेको अवस्था देखिएकोले सो मितिबाट मानाचामल भराएको मिलेन भन्ने प्रतिवादीको पुनरावेदन जिकिर पनि तथ्यमा आधारित देखिँदैन । वादीको कुनै आम्दानी नदेखिएको र प्रतिवादीको आय स्रोत पुष्टि भइरहेको अवस्थामा वादीलाई प्रतिवादीले मानाचामल बापतको खर्च भराई दिनुपर्ने ।

वादी रूकु गौतमले अंश चलन मुद्दा पनि दायर गरेकी छु भनि प्रस्तुत मुद्दाको फिरादमै जिकिर लिएकी हुँदा अंश मुद्दाबाट अंश पाउने अवस्था नआएसम्म निजले पति विजय कुमार लामिछानेबाट मानाचामल बापतको खर्च भराई लिन नपाउने भन्न नमिल्ने ।

माना चामल भराई दिने भन्ने कुरा परिवार सङ्ख्याका साथै पारिवारिक आम्दानीको स्रोतसमेतको मूल्याङ्कन गरेर उपयुक्त र उचित देखिने खर्च माना चामलबापत वादीलाई भराई दिनुपर्ने हुन्छ । प्रस्तुत मुद्दामा वादीको कुनै आम्दानीको स्रोत रहेको नदेखिएको र प्रतिवादीको आम्दानीको स्रोत र निजमा आश्रित छोरा छोरीसमेतको खर्चसमेतलाई मध्यनजर राखेर वादीलाई सुरूले रू. ५,०००।- (पाँच हजार रूपैयाँ) मासिकरूपमा मानाचामल भराउने गरि फैसला गरेको भए तापनि सो रकम व्यावहारिक र उचित नदेखिएको भनि सुरूको फैसला पुनर्विचार गरि पुनरावेदन अदालत, पाटनबाट वादीले प्रतिवादीबाट मासिकरूपमा रू. ३,५००।- (पैंतिस सय रूपैयाँ) का दरले मानाचामल बापतको खर्च भराई लिन पाउने ठहर्‍याई फैसला भएकोलाई अन्यथा भन्न नमिल्ने ।

वादीलाई प्रतिवादीबाट मासिक रू. ५,०००।- (पाँच हजार रूपैयाँ) माना चामल बापत भराइदिने गरि भएको सुरूको फैसला उल्टी गरि मासिक रू. ३,५००।- (पैंतिस सय रूपैयाँ) मात्र माना चामल बापतको खर्च पुनरावेदक प्रतिवादीबाट वादीलाई भराई दिन उपयुक्त हुने भनि भएको पुनरावेन अदालत, पाटनको मिति २०७०।०४।१७।५ को फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ । वादी प्रतिवादी दुवै पक्षको पुनरावेदन जिकिर पुग्न नसक्ने ।

इजलास अधिकृतः बाबुराम सुवेदी

कम्प्युटर: रामशरण तिमिल्सिना

इति संवत् २०७२ साल जेठ ३२ गते रोज २ शुभम् ।

७

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री ओमप्रकाश मिश्र,** ०६७-CR-१२०५, जबरजस्ती करणी, *उमेशकुमार महतो वि. नेपाल सरकार*

पीडितको शारीरिक परीक्षण गर्ने चिकित्सकको परीक्षण प्रतिवेदनमा योनि रातो र सुन्निएको पाइएकोले प्रतिवादीले अधिकारप्राप्त अधिकारीसमक्ष गरेको साबिती बयानको समर्थन भएको देखिन्छ । जबरजस्ती करणीको वारदातमा चस्मदिद् गवाहको सर्वथा अभाव

रहने हुनाले यस्तो घटनाको प्रत्यक्षदर्शी भनेकै पीडित स्वयम् हुने र पीडितले प्रतिवादीले आफूउपर गरेको कुकृत्यको सविस्तार वर्णन आफ्नो बाबुलाई गरेपछि प्रतिवादीउपर जाहेरी परेको अवस्थालाई झुट्ठा जाहेरीको संज्ञा दिन नमिल्ने।

प्रतिवादीले यस अदालतमा दिएको पुनरावेदनमा आफूलाई फसाउनको लागि झुट्ठा जाहेरी दिइएको र प्रहरीमा कुटपिट गरि साबित गराइएको हो। कसुर नै भएको होइन त्यसैले सुरूको सदर गरेको पुनरावेदन अदालतको फैसला उल्टी हुनु पर्छ भन्ने रहेको छ। ५ वर्षकी बच्चीले प्रतिवादीलाई फसाउनलाई नभएको कुरा रचि जबरजस्ती करणीको झुट्ठो व्यहोरा सिर्जना गरि बाबुलाई भनेकी होलिन् भन्ने कुरा अनुमान गर्नसमेत नसकिने।

पीडितलाई सिकाएर जबरजस्ती करणी गरेको हो भनि भन्न लगाइएको हो पीडितको स्वेच्छाले जबरजस्ती करणी गरेको भनि भनेकै नहुँदा सफाइ पाउनुपर्छ भनि प्रतिवादीले पुनरावेदनमा जिकिर लिएको भए पनि त्यस्तो कुराको भरपर्दो प्रमाण प्रतिवादी गुजार्न सकेको देखिँदैन। सफाइ पाउँ भन्ने जिकिरलाई सबुत प्रमाण पेस गरेर प्रमाणित गराउन नसकेको हुनाले निजको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने।

५ वर्षकी बच्चीले आफूमाथि भएको पीडाको बारेमा सत्य कुरा आफ्नो अभिभावकलाई भनेपछि मात्रै जाहेरी परेको र पीडितको मौकाको कागज बाबुको रोहवरमा गराइएको अवस्था हुँदा पीडितले पीडाबोध हुने गरि कागज गरि दिएकोलाई प्रतिवादीमाथि झुट्ठा आरोप लगाइएको होला भन्न सकिँदैन। योनि नच्यातिएको र योनिमा वीर्य नदेखिएको अवस्था हुँदा आफूले कसुर नगरेको स्पष्ट देखिँदादेखिँदै आफूलाई सजाय गरेको मिलेको छैन भन्ने पनि प्रतिवादीले पुनरावेदनमा जिकिर लिएको सम्बन्धमा हेर्दा प्रतिवादीले पीडितलाई घरभित्र बोलाई भुइँमा सुताई कट्टु खोलि गुप्ताङ्गमा लिङ्ग छिराउँदा अलिकति छिरेको जस्तो भएको र लिङ्ग नपसेपछि छोडिदिएको भनि मौकामा साबित भई बयान गरेकोसमेतबाट प्रतिवादीले पीडितलाई जबरजस्ती करणी गर्ने मनसाय लिएरै पीडितको योनिमा लिङ्ग छिराउने प्रयास गरेको र नछिरेपछि छाडेको अवस्था देखिँदा प्रतिवादीले जबरजस्ती करणीको पूर्ण अपराध सम्पन्न गरेको देखिँदा प्रतिवादीले लिएको पुनरावेदन जिकिर तथ्य र कानूनमा आधारित रहेको नदेखिने।

पीडितलाई पैसा दिएर घरभित्र बोलाई भुइँमा सुताई कट्टु खोली निजको योनिमा लिङ्ग पसाउने प्रयास गरेको तथ्यको पुष्टि पीडितकै कागज एवम् चिकित्सकको परीक्षण प्रतिवेदनले गरेको अवस्थाले प्रतिवादीको पीडितलाई जबरजस्ती करणी गर्ने मनसाय रहेको भन्ने स्पष्ट भइरहेकै देखिने।

प्रतिवादीले आफ्नो उमेर १६ वर्ष नपुगेको अवस्थामा आफूलाई वयष्कसरह सजाय गरेको मिलेको छैन भनि पुनरावेदनमा जिकिर लिएको भएपनि कतै कसुर नै गरेको छैन भन्ने र कतै वयष्कसरह सजाय नहुनु पर्ने हो भनि विरोधाभाषपूर्ण कुराको पुनरावेदनमा जिकिर लिएको देखिएकोले प्रतिवादीले पीडितलाई जबरजस्ती करणी नगरेको भन्न नमिल्ने।

मिसिल संलग्न रहेको श्री खजुरगाछी माध्यमिक विद्यालय, खजुरगाछी-५, महेन्द्रनगर झापाको मिति २०६५।१२।२५ को पत्रमा उल्लिखित विद्यालयको रेकर्डअनुसार प्रतिवादीको जन्म मिति २०४९।५।१२ भनि उल्लेख भएको देखिन्छ। उक्त मिति गणना गर्दा वारदात मिति २०६५।१२।२४ मा प्रतिवादीको उमेर १६ वर्ष पुगिसकेको स्पष्ट देखिन्छ। प्रतिवादीले मिति २०६६।१०।२४ को गा.वि.स. को सिफारिस पेस गरेकोमा सोमा प्रतिवादीको जन्म मिति २०५३।६।३१ भन्ने देखिए पनि सो सिफारिस अभियोग दायर भएपछि तयार

भई पेस भएको देखिएबाट सो सिफारिस पत्रलाई भरपर्दो प्रमाणको रूपमा ग्रहण गर्न नमिल्नाले उक्त सिफारिसपत्रको आधारमा प्रतिवादीको उमेर १६ वर्ष नपुगेको भनि निजलाई कम सजाय गर्नसमेत मिल्ने अवस्था नहुने।

प्रतिवादी उमेशकुमार महतोले पीडितलाई जबरजस्ती करणी गरेको ठहर्‍याई प्रतिवादीलाई मुलुकी ऐन, जबरजस्ती करणीको महलको ३(१) नं. बमोजिम कैद वर्ष १०(दश) हुने र ऐ. ऐन ऐ. महलको १० नं. बमोजिम पीडितले प्रतिवादीबाट रू. १०,०००।- (दश हजार रूपैयाँ) क्षतिपूर्तिसमेत भराउनु पर्ने ठहर्‍याई सुरू झापा जिल्ला अदालतले गरेको फैसला सदर गरेको पुनरावेदन अदालत, इलामको मिति २०६७।०९।०७ को फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ। सफाइ पाउँ भन्ने प्रतिवादीको पुनरावेदन जिकिर पुग्न नसक्ने।

इजलास अधिकृतः बाबुराम सुवेदी
कम्प्युटर: रामशरण तिमिल्सिना
इति संवत् २०७१ साल माघ १२ गते रोज २ शुभम्।

८

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री चोलेन्द्र शमशेर ज.ब.रा.** ०६५-CI-०६८९, घर भत्काई खिचोला मेटाई चलन चलाई पाउँ, *मो. सलीम शेष वि. ईमामुद्दिन अन्सारी*

कि.नं. २०९ को जग्गा प्रतिवादीको र कि.नं. २११ को जग्गा पुनरावेदक वादीको भएको र सो जग्गाको बिचमा कि.नं. २१० को जग्गा अब्दुल हसनको नाममा रहेको देखिन्छ। निज अब्दुल हसन र कि.नं. २०९ को जग्गाधनी अर्थात्, प्रतिवादी इमामुद्दिन अन्सारीका बिचमा समेत निषेधाज्ञा तथा खिचोलासमेतका मुद्दा चलि नापनक्सा भई कि.नं. २१० को जग्गामा कि.नं. २०९ को जग्गाधनीले खिचोला गरि घर टहरा बनाएको देखिएकोले खिचोला मेटाई चलन चलाई पाउने ठहर्छ भनि तहतह फैसला भई अन्तिम भई बसेको प्रमाण मिसिलहरूबाट देखिन्छ। सो पहिले चलेको खिचोला समेत मुद्दामा हालका वादी अर्थात्, यी पुनरावेदकलाई प्रतिवादी बनाइएको पनि देखिएको छैन र सो मुद्दामा भएको नक्सामा हालको विवादित न.नं. २१, २२ र २३ को जग्गाको सम्बन्धमा केही उल्लेख भएको पनि देखिँदैन। तसर्थ प्रस्तुत विवादमा भएको नक्साको न.नं. २१, २२ र २३ को जग्गाको विषयमा प्रतिवादीका उपर खिचोलामा दाबी गर्ने यी वादीलाई कुनै कानूनी वा तथ्यगत बन्देज रहेको अवस्था देखिँदैन किनभने प्रत्यर्थी प्रतिवादी र अब्दुल हसनका बिचमा चलेको खिचोला समेत मुद्दामा यी पुनरावेदक वादीलाई विपक्षी नै नबनाएको अवस्था हुँदा त्यस्तो मुद्दामा भएको नापनक्साबाट पुनरावेदक वादी विवन्धित हुने अवस्था नहुने।

विवादको नक्सा मुचुल्का उल्लिखित न.नं. २१, २२ र २३ को जग्गा पुनरावेदक वादीको कि.नं. २११ भित्रको भन्नेमा विवाद छैन। न.नं. २२ र २३ को टहरा र जग्गामा पुनरावेदन अदालतबाटै प्रतिवादीले खिचोला गरि टहरासमेत बनाएको ठहर गरेको हदसम्म प्रतिवादीले अन्यथा जिकिर लिएको नदेखिँदा सो न.नं. २२ र २३ को हदसम्म यस अदालतले थप विचार गरिरहनु आवश्यक देखिँदैन। जहाँसम्म न.नं. २१ को खाली जग्गासमेत प्रतिवादीले खिचोला गरेको हुँदा सो न.नं. २१ समेतबाट खिचोला मेटाई चलन चलाई पाउनुपर्ने भन्ने पुनरावेदक वादीको जिकिर रहेको तर्फ विचार गर्दा हाल भएको न.नं. २१ को जग्गा कि.नं. २११ को वादीको जग्गाको साँधमा प्रतिवादीको कि.नं. २०९ भन्दा पूर्वतर्फ रहेको कि.नं. २१० को जग्गाको सिमाना नघाई प्रतिवादीले ओगटी घर बनाई भोग चलन गरेको भन्ने देखिन्छ। सो न.नं. २१ को जग्गाभित्र परेको घर

प्रतिवादीले २०५६ सालमा नक्सा पास गरि बनाएको भए कि.नं. २०९ बाट कि.नं. २१० समेतलाई पार गरि कि.नं. २११ मा पर्ने गरि बनाउन सकिने अवस्था नै हुँदैन । कि.नं. २०९ मा घर बनाउने प्रतिवादीले कि.नं. २१० लाई नाघेर कि.नं. २११ सम्म विस्तारित हुने कुरा कुनै पनि दृष्टिकोणबाट स्थापित हुन सक्ने नदेखिने ।

कि.नं. २११ मा ०-०-१४ जग्गा रहेको देखिन्छ । न.नं. २१, २२ र २३ लाई बाहेक गरि सो कि.नं. २११ अन्तर्गतको न.नं. १९ र २० को घर जग्गाको क्षेत्रफल हेर्दा पनि कि.नं. २११ को स्रेस्ताबमोजिम ०-०-१४ जग्गा पुग्ने अवस्था छैन भने प्रतिवादीको कि.नं. २०९ को जग्गा नं.नं. २१, २२ र २३ सम्म विस्तार हुने कुनै आधार पनि देखिँदैन । सो न.नं. २१, २२ र २३ मा प्रतिवादीले नै घर टहरा निर्माण गरि भोग गरेको भन्ने नक्सा मुचुल्काबाट स्थापित भएको र सो कुरालाई प्रतिवादीले अन्यथा भन्न समेत नसकेबाट पनि न.नं. २१, २२ र २३ मा प्रतिवादीकै खिचोला रहेको देखिएको छ । तसर्थ न.नं. २१, २२ र २३ को घर टहरा तथा जग्गा वादीको कि.नं. २११ भित्रको भई त्यसमा प्रतिवादीले खिचोला गरेको देखिएको हुँदा न.नं. २१, २२ र २३ मा बनेको घर टहरा भत्काई खिचोला मेटाई वादीले चलनसमेत चलाई पाउने ठहर गर्नुपर्नेमा न.नं. २१ तर्फ वादीको दाबी नपुग्ने र न.नं. २२ र २३ को घर टहरा भत्काई खिचोला मेटाई चलन चलाई पाउने ठहर गरेको पुनरावेदन अदालत, नेपालगन्जको फैसला सो हदसम्म नमिलेको हुँदा केही उल्टी भई न.नं. २१, २२ र २३ समेतमा प्रतिवादीले बनाएको घर टहरा भत्काई वादीले खिचोला मेटाई चलसमेत चलाई पाउने ।

इजलास अधिकृत: दीक्षा प्रधानाङ्ग

इति संवत् २०७१ साल माघ २५ गते रोज १ शुभम् ।

## इजलास नं. २

१

**मा.न्या.श्री गिरीश चन्द्र लाल र मा.न्या.श्री गोपाल पराजुली,** ०६९-CR-१०५४, जबरजस्ती करणी, सन्तोष *सुन्दास दर्जी वि. नेपाल सरकार*

प्रमाण ऐन, २०३१ को दफा २७ बमोजिम आफूमाथि लागेको कसुर अपराधमा आफू निर्दोष भएको वस्तुनिष्ठ आधार र प्रमाण सो निर्दोषिताको जिकिर लिने व्यक्तिले नै पुष्टि गर्नुपर्ने हुन्छ । अदालतको इन्कारी बयानमात्र उन्मुक्तिको आधार हुन सक्दैन । सो भनाइ अन्य स्वतन्त्र प्रमाणबाट पुष्टि भएको अवस्थामा मात्र अदालतले प्रमाणको रूपमा ग्रहण गर्न सक्दछ । वारदात मिति २०६८।६।१२ को तिन दिन पछाडि मिति २०६८।६।१५ मा भएको पीडितको शारीरिक परीक्षण प्रतिवेदनमा निजको योनिमा रातोपन र मलद्वारमा ३ वटा साना चिरा (Abrasion) परेको भनि उल्लेख भएको र सो कुरा पीडितको मौकाको कागज र अदालतमा गरेको बकपत्रबाट समर्थित भई उक्त भनाइमा एकरूपता पाइएकोले यी पुनरावेदक प्रतिवादीले मुलुकी ऐन, जबरजस्ती करणीको १ नं. विपरीतको कसुर अपराध गरेको तथ्यमा विवाद देखिएन । यस्तो स्थितिमा आरोपित कसुरबाट सफाइ पाउनुपर्छ भन्ने प्रतिवादीको पुनरावेदन जिकिर तर्कयुक्त र मनासिब भएको भन्न नमिल्ने ।

जबरजस्ती करणीको कसुर स्थापित हुनका लागि महिलाको यौन अङ्गभित्र लिङ्ग प्रवेश गराउने प्रयत्न गर्नु र यौन अङ्गमा लिङ्ग दलदाल गर्नुमात्र पनि कानूनी प्रयोजनका लागि प्रर्याप्त मानिन्छ । प्रस्तुत मुद्दामा पीडितको स्वास्थ्य परीक्षण प्रतिवेदनबाट योनिमा

रातोपन र मलद्वारमा ३ वटा साना चिरा परेको भन्ने देखिन्छ भने पीडितको मौकाको कागज, प्रतिवादीको अनुसन्धान अधिकारीसमक्षको बयान र मौकामा कागज गर्ने व्यक्तिहरूको भनाइबाट प्रतिवादीले पीडित वर्ष ५ की बालिकालाई चकलेट किनिदिने प्रलोभनमा पारि आफू बस्ने कोठाको ओछ्यानमा सुताई पीडितको यौन अङ्गमा आफ्नो लिङ्गले ठेलठाल पारेको भन्ने देखिन आउँछ । निजको त्यस्तो क्रियाकलाप नै जबरजस्ती करणीको कसुर कायम हुनका लागि यथेष्ट मान्नु पर्ने।

एक अबोध बालिकालाई ललाई फकाई आफू बस्ने कोठाको ओछ्यानमा सुताई बालिका विरूद्ध जबरजस्ती करणीजस्तो जघन्य आपराधिक कार्य गरेको स्थितिमा प्रतिवादीको अदालतसमक्षको इन्कारी बयानले मात्र अपराधीक दायित्वबाट छुट पाउने अवस्था रहँदैन । पीडितको मौकाको शारीरिक परीक्षण, मौकाको कागज किटानी जाहेरी, पीडितको मौकाको तथा अदालतसमक्षको किटानी बकपत्रजस्ता महत्त्वपूर्ण तथ्यहरूको आधारमा सङ्कलित प्रमाण कागजहरूको समष्टि मूल्याङ्कनले यी पुनरावेदक प्रतिवादीले पीडितउपर मुलकी ऐन, जबरजस्ती करणीको १ नं. विपरीतको कसुर गरेको कुरामा विवाद नदेखिएकोले पुनरावेदन अदालत, इलामको फैसला अन्यथा भन्न नमिलि मिलेकै देखिन आउने।

पुनरावेदक प्रतिवादीलाई अभियोग दाबीबमोजिम मुलुकी ऐन, जबरजस्ती करणीको ३ नं. को देहाय (१) बमोजिम १० वर्ष कैद र पीडितले निज प्रतिवादी सन्तोष सुन्दास दर्जीबाट रू.५०,०००।- (पचास हजार) क्षतिपूर्तिसमेत भराई लिन पाउने ठहर गरेको सुरू अदालतको फैसला सदर हुने ठहर्‍याई पुनरावेदन अदालत, इलामबाट मिति २०६९।९।२३ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ। पुनरावेदक प्रतिवादीको पुनरावदेन जिकिर पुग्न नसक्ने।

इजलास अधिकृत: दिलीपराज पन्त
कम्प्युटर: टेकबहादुर खड्का
इति संवत् २०७२ साल मङ्सिर २० गते रोज १ शुभम्।

२

**मा.न्या.श्री गिरीश चन्द्र लाल र मा.न्या.श्री गोपाल पराजुली,** ०७०-CR-०४१७, ६९३, कर्तव्य ज्यान, *आइमान तामाङ वि. नेपाल सरकार, नेपाल सरकार वि. आइमान तामाङ*

प्रस्तुत मुद्दाको तथ्य र वारदातको प्रकृति हेर्दा प्रस्तुत वारदात मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १३(३) नं.को कसुर अपराधअन्तर्गतको देखिन आएन । पुनरावेदक प्रतिवादी र मृतकका विरूद्ध पूर्वरिसइवी रहे भएको अवस्था मिसिल कागजबाट देखिँदैन। निजले मृतकलाई लुकि चोरीकन हानेको वा जोखिमी हतियारको प्रयोग गरेको पनि देखिँदैन। बाटो निर्माण गर्ने सन्दर्भमा मृतकले पूर्व सहमतिअनुसार बाटो निर्माण गर्ने कार्यमा अवरोध सिर्जना गरेको परिस्थितिले वादविवाद भई तत्काल आवेशमा आई प्रकट भएको उत्तेजनाले मृतकसँग धकेला धकेल हुँदा मृतक लड्न पुगि टाउकोसमेतमा चोट लागि सोही चोटका कारण निजको मृत्यु भएको अवस्थाको विद्यमानता रहेको देखिँदा प्रस्तुत वरदातलाई आवेश प्रेरित हत्याको श्रेणीअन्तर्गत राखि मुलुकी ऐन, ज्यानसम्बन्धीको १४ नं. बमोजिम कैद सजाय गर्ने गरि पुनरावेदन अदालत, पाटनबाट भएको फैसलालाई अन्यथा भन्न नमिलि मिलेकै देखिएकोले पुनरावेदक वादी प्रतिवादीको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने।

पुनरावेदक प्रतिवादीलाई मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १४ नं. बमोजिम १० वर्ष कैद सजाय हुने गरि सुरू नुवाकोट जिल्ला अदालतबाट भएको फैसलालाई सदर हुने ठहर्‍याएको

पुनरावदेन अदालत, पाटनको मिति २०७०।२।२१ को फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ। पुनरावदेक वादी नेपाल सरकार र प्रतिवादी आइमान तामाङको पुनरावेदन जिकिर पुग्न नसक्ने।

इजलास अधिकृत: दिलीप राज पन्त

कम्प्युटर: टेकबहादुर खड्का

इति संवत् २०७२ साल मङ्सिर २० गते रोज ०१ शुभम्।

## इजलास नं. ३

१

**मा.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री गोपाल पराजुली,** ०७१-WO-०६५८, उत्प्रेषण, *चित्तरञ्जन सहनी वि. जिल्ला प्रहरी कार्यालय, मकवानपुरसमेत*

निवेदक चित्तरञ्जन सहनीले आफूलाई नोकरीबाट हटाउने निर्णय गर्दा स्पष्टीकरण नसोधिएको प्राकृतिक न्यायको सिद्धान्तविपरीत रहेको भनि उल्लेख गरे पनि विपक्षीहरूको लिखित जवाफ एवम् कारवाही मिसिलबाट २/२ पटक स्पष्टीकरण सोधिएको देखिँदा निवेदकको उक्त निवेदन जिकिर स्वीकार्य देखिएन । प्रमाणमा आएको कारवाही मिसिलबाट निवेदकले हेटौंडा-५ बस्ने एकनारायण गौतमकी छोरीलाई अभद्र व्यवहार गरेको देखिएको र निजले यस भन्दापूर्व पनि इलाका प्रहरी कार्यालय ठाडा अर्घाखाँची र जिल्ला प्रहरी कार्यालय सप्तरीबाट २ पटक नसिहत र २ वर्षका लागि पदोन्नति रोक्का गरि ३ पटकसम्म विभागीय कारवाही भएको तथ्यलाई विपक्षीहरूले आफ्नो निर्णयाधारमा उल्लेख गरेको र सो तथ्यलाई निवेदकले निवेदनमा कुनै खण्डन वा जिकिरसमेत लिन सकेको नदेखिने।

पटकपटक आफ्नो पदीय दायित्वप्रति कुनै ख्याल नगरि अनुशासनहीन एवम् लापरवाही तथा प्रहरी आचरण विपरीत कार्य गरि प्रहरी सङ्गठनमा नै आँच पुर्‍याउने कार्य गरि निवेदकले प्रहरी नियमावली, २०४९ (संशोधनसहित) परिच्छेद ९ को नियम ८८ को देहाय (ग), (ङ) र (ज) को कसुर गरेको देखिँदा ऐ. नियमावलीको नियम ९३ को उपनियम ३ (ख) ले दिएको अधिकारअन्तर्गत ऐ. नियमावलीको नियम ८४ को देहाय (छ) बमोजिम भविष्यमा सरकारी नोकरीको लागि अयोग्य नठहरिने गरि निवेदकलाई नोकरीबाट हटाउने गरि जिल्ला प्रहरी कार्यालय, मकवानपुरको मिति २०७०।११।१३ को निर्णयलाई मध्य क्षेत्रीय प्रहरी कार्यालयले सदर गरेको मिति २०७१।६।२२ को पुनरावेदकीय निर्णय अन्यथा नदेखिँदा निवेदन मागबमोजिमको आदेश जारी गर्न मिल्ने नदेखिने।

इजलास अधिकृतः हरिकृष्ण श्रेष्ठ

कम्प्युटर: मन्जिता ढुंगाना

इति संवत् २०७२ साल भदौ ३१ रोज ५ शुभम्।

२

**मा.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री गोपाल पराजुली,** ०६८-WO-०००६, उत्प्रेषण / परमादेश, *काठमाडौं महानगरपालिका, वडा नं. २९ लैनचौरमा केन्द्रीय कार्यालय रहेको शिव सेना नेपालका अख्तियाप्राप्त गरि आफ्नो हकमा समेत राम श्रेष्ठ वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत*

विपक्षीहरूले गैरकानूनी तबरबाट त्रिशूल कब्जा गरि नियन्त्रणमा लिने निर्णयमात्र भनिएको छ, तर के कुन विपक्षीले कहिले त्रिशूल कब्जामा गरि नियन्त्रणमा लिने निर्णय भएको गरेको हो सो सम्बन्धमा निवेदक स्वयम् मौन रहेकोले त्यस्तो अनिश्चित निर्णयलाई उत्प्रेषणको आदेशले बदर गर्नुको कुनै औचित्यसमेत देखिँदैन । तथापि त्रिशूल भनेको आराध्यदेव महादेवमा चढाउने र उहाँको एउटा हतियारको रूपमा शोभायमान भएको पाइन्छ। यो पनि परम्परागत हतियार नै हो जस्को टुप्पो धारिलो हुने हुँदा प्रहार गर्न प्रयोग गर्न सकिने हुन्छ। द्वन्द्वको अवस्था

विद्यमान रहेको मुलुकको वर्तमान परिस्थितिमा धार्मिक उद्देश्यबाट त्रिशूल एकाएक ८७५ संख्यामा ल्याउने र चढाइने भन्ने जे जस्ता कुरा भए पनि सरकारले त्यस्तो धारिलो हतियारको अवैधानिक प्रयोगको सम्बन्धमा र वातावरणमा अशान्ति पुर्‍याउन प्रयोग हुने आशङ्का गरि राष्ट्रको शान्ति सुरक्षाको स्थितिलाई मध्यनजर राखि कुनै पनि कदम चाल्न नसक्ने भन्न र मान्न मिल्दैन । सोको अलावा यसरी त्रिशूल कब्जामा लिँदा निवेदकको संविधान प्रदत्त कुन हकमाथि आघात पुग्यो भन्ने कुरा निवेदनमा प्रस्ट खुलाउन पनि सकेको देखिँदैन । विपक्षीहरूको लिखत जवाफबाट आम जनताको शान्ति सुरक्षाको अवस्थालाई दृष्टिगत गरि निवेदनमा उल्लिखित त्रिशूल कब्जामा लिएको भन्ने देखिँदा विपक्षीहरूको उल्लिखित त्रिशूल कब्जामा राखेको कार्यले निवेदकको संविधान प्रदत्त हकमा कुनै आघात पारेको रहेछ भनि मान्न मिल्ने समेत नदेखिँदा निवेदकको निवेदन मागबमोजिमको आदेश जारी गरिरहनु पर्ने अवस्थाको विद्यमानता नदेखिँदा प्रस्तुत निवेदन खारेज हुने ।

इजलास अधिकृत: हरिकृष्ण श्रेष्ठ

कम्प्युटर: गीता घिमिरे

इति संवत् २०७२ साल भदौ ३१ गते रोज ५ शुभम् ।

३

**मा.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री गोपाल पराजुली,** ०७०-WO-०५२०, उत्प्रेषण, *रमेश कर्णसमेत वि. प्रहरी प्रधान कार्यालय, नक्साल काठमाडौंसमेत*

प्रहरी प्रधान कार्यालय मानवस्रोत विकास विभाग भर्ना तथा छनौट शाखाले २०७०।३।५ मा नयाँ भर्नासम्बन्धी सूचना प्रकाशित गरि प्रहरी निरीक्षकको पदमा खुल्लातर्फ ७६ जना, आदिवासी जनजातितर्फ २० जना, मधेशीतर्फ १७ जना, महिलातर्फ १३ जना, दलिततर्फ ९ जना र पिछडिएको क्षेत्रतर्फ ३ जनासमेत गरि कूल १३८ जनाको लागि विज्ञापन गरेको निवेदनसाथ पेस भएको सूचनाबाट देखिन्छ । उक्त प्रकाशित सूचनाअनुसार २०७०।५।१९, २०, २१ र २२ गते परीक्षासमेत भइ २०७०।९।२१ को छनौट समितिको निर्णयानुसार उत्तीर्ण उम्मेदवारहरूको नामावलीसमेत प्रकाशित भएको देखिन्छ । उक्त नामावली प्रकाशित गर्दा मधेशीतर्फ माग सङ्ख्या १७ मा ४ जना, महिलातर्फ माग सङ्ख्या १३ मा १० र दलिततर्फ माग सङ्ख्या ९ मा ३ जनाको नाम प्रकाशित गरि अनुत्तीर्ण भएका मधेशीतर्फका १३, महिला तर्फका ३ र दलिततर्फका ६ जना गरि २२ जना अनुत्तीर्णहरूको पद संख्यालाई समेत समावेश गरि ९८ जना कायम गरि व्यहोरासमेत जनाई खुल्लातर्फ नतिजा प्रकाशित गरेको देखिन्छ । प्रहरी नियमावली, २०४९ को (बाह्रौँ संशोधन, २०६३) को नियम ११ को उपनियम (७) मा भएको उल्लिखित कानूनी व्यवस्थाको सन्दर्भमा सोअनुसार अनुत्तीर्ण उम्मेदवारहरूको पद संख्यालाई खुल्लातर्फ समावेश गरि नतिजा प्रकाशित गर्न मिल्ने नै देखियो । निजामती सेवा ऐन, २०४९ को दफा ७ को उपदफा (१०) मा उपदफा (७) बमोजिम छुट्याइएको दफामा जुन वर्षको लागि विज्ञापन भएको हो, सो वर्ष हुने विज्ञापनमा उपयुक्त उम्मेदवार उपलब्ध हुन नसकेमा त्यस्तो पद अर्को वर्ष हुने विज्ञापनमा समावेश गर्नु पर्नेछ भन्ने कानूनी व्यवस्था भएकोले सोही व्यवस्थालाई अनुसरण गरिनु पर्ने निवेदन जिकिर भए पनि प्रहरी ऐन विशेष ऐन भएको र प्रहरीको पदपूर्ति सम्बन्धमा सोही विशेष ऐनअनुसार तर्जुमा गरिएको प्रहरी नियमावलीमा भएको व्यवस्था नै अनुसरण गरिनु पर्ने हुँदा निजामती सेवा ऐनको व्यवस्था अनुसरण गरिनु पर्ने भन्ने निवेदकहरूको निवेदन दाबी स्वीकार्य नदेखिने ।

विज्ञापित प्रहरी निरीक्षकको परीक्षामा अनुत्तीर्ण भएको तथ्यलाई निवेदकहरूले निवेदनमा नै स्वीकार गरेको तथा प्रहरी नियमावली, २०४९

को (बाह्रौँ संशोधन, २०६३) को नियम ११ को उपनियम (७) मा भएको व्यवस्थाअनुसार नै निवेदन दाबीअनुसारको अनुत्तीर्ण पद संख्याहरूलाई भएको कानूनी व्यवस्थाबमोजिम खुल्लामा समावेश गरि नतिजा प्रकाशित गरेको विपक्षीहरूको कार्यले निवेदकहरूको नेपालको अन्तरिम संविधान, २०६३ को धारा १३(३) द्वारा प्रदत्त समानताको हक, धारा १८ द्वारा प्रदत्त रोजगारी तथा सामाजिक सुरक्षासम्बन्धी हकमा आघात पुगेको रहेछ भनि मान्न मिल्ने नदेखिँदा निवेदन मागबमोजिमको आदेश जारी गर्न मिलेन । निवेदकहरूको प्रस्तुत निवेदन खारेज हुने ।

इजलास अधिकृत: हरिकृष्ण श्रेष्ठ

कम्प्युटर: गीता घिमिरे

इति संवत् २०७२ साल भदौ ३१ गते रोज ५ शुभम् ।

४

**मा.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री गोपाल पराजुली,** ०७०-WO-०४८६, उत्प्रेषण, *अधिवक्ता भरतकुमार लकाईसमेत वि. उद्योग मन्त्रालयसमेत*

कम्पनी रजिष्ट्रारको कार्यालयसँग सम्बन्धित सेवाग्राहीहरूले कम्पनी रजिस्ट्रारको कार्यालयमा कम्पनी ऐनअनुसार कम्पनी दर्ता गर्दा र दर्ता भइसकेपछि पेस गर्नुपर्ने विवरण, सूचना वा जानकारीहरू स्वयम् उपस्थित भई वा हुलाकमार्फत Hard Copy पेस गर्न चाहेमा छुट दिनु पर्नेमा त्यस्तो विवरण, सूचना वा जानकारीहरू Online सेवामार्फतबाट मात्रै अनिवार्यरूपमा दर्ता गराउने निर्देशिका बनाउन नहुने भन्ने जिकिर लिएको पाइन्छ । वर्तमान युग आधुनिक सञ्चारको युग भएको र व्यक्ति आफैँ उपस्थित भई सम्बन्धित कार्यालयमा गई पेस गर्नुपर्ने विवरणहरू बुझाउन समय अभावले नभ्याउने मात्र होइन झन्झटिलो समेत हुने हुँदा सम्भव भएसम्म अधिकांश सरकारी, गैरसरकारी तथा संस्थानहरूले समेत Online Service लाई मान्यता दिई Paperless Office बनाउने अभियानमा नै जुटेको पाइन्छ । यो प्रक्रियाबाट सेवाग्राहीहरूले सहज, सुगम र बिना झन्झट शीघ्ररूपमा सेवा प्राप्त गर्ने मात्र नभई कागजमा खर्च हुने लाखौं करोडौ रकमको बचतसमेत हुने गरेको दृष्टान्त स्वयम् कतिपय Online सेवा प्रयोग हुने कार्यालयहरूमा देखिएको छ । स्वयम् विपक्षीको लिखित जवाफमा अब पुरानो पद्धति अपनाइरहेमा स्वदेश एवम् विदेशमा रहेका कम्पनी तथा संस्थाहरूसँग Correspondent गर्न कठिन हुने भन्ने कुरा उल्लेख गरेको देखिन्छ । निवेदकहरूजस्ता २१ औं शताब्दीका युवा कानून व्यवसायीहरूले आ-आफ्ना सेवाग्राहीहरूलाई Online प्रक्रिया तथा सेवाको सम्बन्धमा प्रेरित गर्नुपर्नेमा निजहरूले नै त्यस्तो कार्य रोकिपाउँ भनि प्रस्तुत निवेदन दायर गरेको वर्तमान परिप्रेक्ष्यमा सुहाउँदो समेत देखिन नआउने ।

कम्पनी (विद्युतीय फाइलिङ) निर्देशिका, २०६९ अनुसार प्रारम्भ गरिएको Online सेवाले सेवाग्राहीलाई थप सुविधा दिएको, व्यवसाय सञ्चालनमा सहजता आएको र व्यवसाय गर्ने वातावरणमा सुधार हुँदै गएको विषय विश्व बैंक जस्ता अन्तर्राष्ट्रिय निकायको प्रतिवेदनमा समेत उल्लेख गरिएको, यो सेवाअन्तर्गत ५१ हजारभन्दा बढी मेल Online मा सम्प्रेषणसमेत भइसकेको, Online सेवालाई पूर्णरूपमा पालना र प्रयोग गर्ने गरि कार्यालय र नेपाल उद्योग वाणिज्य महासङ्घ, नेपाल बार एसोसिएसन र कम्प्युटर एसोसिएसन अफ नेपालबिच अलगअलग समझदारी पत्रमा हस्ताक्षरसमेत भएको तथा अन्तर्राष्ट्रिय प्रचलन, राष्ट्रिय सूचना नीति, सुशासन व्यवस्थापन ऐन, २०६४ र विद्युतीय कारोबार ऐन, २०६४ समेतका कानूनले तयार गरिदिएको कानूनी र नीतिगत व्यवस्थाअन्तर्गत रहि Online व्यवस्थालाई अनिवार्यरूपमा लागू गरेको भन्ने विपक्षीहरूको लिखित जवाफ व्यहोरालाई अन्यथा रहेछ

भनि अर्थ गर्न मिल्नेसमेत नदेखिने हुँदा कम्पनी ऐन, २०६३ को दफा १६(२) ले दिएको अधिकार अन्तर्गत कम्पनी (विद्युतीय फाइलिङ) निर्देशिका, २०६९ जारी गरेको देखिएको र उक्त निर्देशिकाले सूचना प्रविधिको विकासमा थप टेवा पुर्‍याएको र सेवा प्रवाहमा समेत सहजता ल्याएको विपक्षीहरूको लिखित जवाफ रहेको र Delegated Legislation अनुरूप जारी भएको उक्त निर्देशिकोले निवेदकको संविधानप्रदत हकमा कुनै असर पारेको समेत नदेखिँदा निवेदन मागअनुसारको आदेश जारी गर्न मिल्ने देखिएन । प्रस्तुत निवेदन खारेज हुने ।

इजलास अधिकृत: हरिकृष्ण श्रेष्ठ

कम्प्युटर: गीता घिमिरे

इति संवत् २०७२ साल भदौ ३१ गते रोज ५ शुभम् ।

५

**मा.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री गोपाल पराजुली,** ०६९-WO-०९९७, उत्प्रेषण / परमादेश, *कञ्चनकृष्ण न्यौपाने वि. प्रधामन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत*

विद्युत् प्राधिकरणले उल्लेख गरेको विद्युत् चोरी नियन्त्रण ऐन, २०५८ दफा १० मा विद्युत् चोरीबाट बढी प्रभावित क्षेत्रमा विशेष व्यवस्था लागू गर्न सकिने कानूनी व्यवस्था रहेको देखिन्छ भने सोही ऐनको अधीनमा रहि बनेको विद्युत् चोरी नियन्त्रण नियमावली, २०५९ नियम २१ मा विद्युत् आपूर्ति बन्द गर्नसक्ने व्यवस्था गरि उपनियम (१) मा देहायको अवस्थामा वितरकले विद्युत् चोरी नियन्त्रण ऐन, २०५८ को दफा १० बमोजिम कुनै क्षेत्र, गाउँ, टोल तथा स्थानमा फिडर, ट्रान्सफर्मर वा लो टेन्सनलाइनबाट पूर्ण वा आंशिक परिणाममा विद्युत् आपूर्ति बन्द गर्न सक्नेछ भनि देहाय (क) मा कुनै क्षेत्र, गाउँ, टोल वा स्थानका ग्राहक वा उपभोक्ताहरूले सामूहिक वा अलगअलग रूपमा विद्युत् चोरी गरेमा देहाय (ख) मा खण्ड (क) बमोजिमको क्षेत्र, गाउँ, टोल तथा स्थानमा विद्युत् चोरी गर्ने ग्राहक वा उपभोक्ताहरूको मात्र विद्युत् सप्लाई बन्द गर्न प्राविधिक दृष्टिकोणले सम्भव नभएमा देहाय (ग) मा त्यस्ता क्षेत्र, गाउँ, टोल तथा स्थानका ग्राहक वा उपभोक्ताहरूलाई ऐन तथा यस नियमावलीबमोजिम कारवाही गर्दा निजहरूबाट हुलहुज्जत गरि बाधा अड्चन हुनसक्ने स्थितिको सृजना भएमा, विद्युत् सेवा बन्द गर्न वा कटौती गर्न सक्ने व्यवस्था गरिएको देखिन्छ । ऐ. नियम २१(२) अनुसार विद्युत् आपूर्ति बन्द गर्नुपर्दा सोबमोजिमका कारवाही गर्न लागेको सूचना सम्बन्धित गा.वि.स. नगर, क्षेत्र, टोल तथा स्थानका बासिन्दाहरूले थाहा पाउने गरि १५ दिन अगावै वितरकले सार्वजनिक सूचना प्रकाशन गर्नु पर्नेछ भन्ने व्यवस्थाअनुसार २०६९।११।२८ मा सार्वजनिक सूचना प्रकाशित गरेको तथ्यलाई निवेदकले स्वीकार गरेकै अवस्था देखिएको छ । त्यसैगरि निवेदकको बसोबास रहेको स्थानमात्र होइन वर्तमान परिस्थितिमा जताततै लोडसेडिङ रहेको पाइन्छ । प्रायःजसो यसको समयसारणी हेरफेर हुने गरेको र दिने समयावधि पनि घटबढ भइरहने भएको यस्तो अवस्थामा विद्युत्को अभावमा निवेदकले मात्र असुविधा भोग्नु परेको नभई सिड्गो राष्ट्रले भोग्नु परेको अवस्थामा परिस्थिति र क्षेत्रसमेत हेरि बेलाबखत विद्युत् प्रवाहमा परिवर्तन भइरहेको र सम्बद्ध ऐन नियमसमेतले त्यसको सञ्चालन गर्ने अख्तियारी विपक्षीलाई दिएको देखिएको हुँदा नियमावलीमा भएको कानूनी व्यवस्थाबमोजिम प्राधिकरणले राष्ट्रिय स्तरको दैनिक पत्रिकामा सूचना प्रकाशित गरि साबिक भइरहेको लोडसेडिङमा थप १ घण्टा लोडसेडिङ गर्ने सूचना भक्तपुरवासीलाई जानकारी गराई थप लोडसेडिङ गरिएको विपक्षीहरूको कार्यले निवेदकको संविधानप्रदत्त समानताको हकमा आघात पारेको रहेछ भनि मान्न मिल्ने नदेखिँदा निवेदन मागअनुसारको आदेश जारी गर्न मिल्ने देखिएन । अतः

प्रस्तुत निवेदन खारेज हुने।

इजलास अधिकृत: हरिकृष्ण श्रेष्ठ

कम्प्युटर: मन्जिता ढुंगाना

इति संवत् २०७२ साल भदौ ३१ गते रोज ५ शुभम्।

६

**मा.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री दीपकराज जोशी,** ०७१-WO-०१३४, उत्प्रेषण/परमादेश, *जिल्ला काठमाडौं, काठमाडौं महानगरपालिका वडा नं. ११ सिंहदरबार प्लाजास्थित राष्ट्रिय वाणिज्य बैंक कर्मचारी सङ्घ नेपाल केन्द्रीय समितिको तर्फबाट ऐ. को अध्यक्ष नारायणप्रसाद सुवेदीसमेत वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत*

कुनै पनि संस्थानको पूर्वघाटाको मूल्याङ्कन गरि बोनस वितरण गर्नु पर्ने भन्नेसम्बन्धमा बोनस ऐनले त्यस सम्बन्धमा कुनै व्यवस्था गरेको नदेखिँदा बोनस ऐन, २०३० को दफा ५ को उपदफा ३ ले बोनसको प्रतिशत र बोनससम्बन्धी अन्य कुरा नेपाल सरकारले निर्णय गरेबमोजिम हुनेछ भन्ने कानूनमा स्पष्ट उल्लेख भएको अवस्थामा अख्तियार दुरूपयोग अनुसन्धान आयोगलाई राष्ट्रिय वाणिज्य बैंकको प्रतिवर्षको मुनाफा भएकोमा अघिल्लो वर्षहरूमा भएको घाटा रकमसमेतको हिसाब गरि मात्र बोनस वितरण गर्न पाउने भनि पत्राचार गरि रोक्न पाउने अख्तियारी कानूनले नदिएको हुँदा अख्तियार दुरूपयोग अनुसन्धान आयोगबाट यस सम्बन्धमा भएको निर्णय र पत्राचार बोनस ऐनको दफा ५(१) र दफा ९ (२) को विपरीत तथा अख्तियार दुरूपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा १२(क) र १२(ख) को अधिकार क्षेत्रभन्दा बाहिर भई निर्णय भएको देखिन आउने।

राज्यका हरेक निकायलाई कानूनले अधिकार प्रदान गरेको हुन्छ र सो निकायलाई प्रदत्त अधिकारको सीमाभित्र रहि काम कारवाही गर्नुपर्ने हुन्छ। कानूनले तोकिएको अधिकारभन्दा बढी अधिकार कुनै पनि निकायले प्रयोग गर्न नसक्ने हुँदा क्षेत्राधिकारको अभावमा भएको कुनै पनि कार्यले मान्यता र बैधता प्राप्त गर्न सक्तैन । अतः राष्ट्रिय वाणिज्य बैंकको बोनस वितरणसम्बन्धमा अख्तियार दुरूपयोग अनुसन्धान आयोगको मिति २०६७।१०।०५ को निर्णय, च. नं. १३४८ मिति २०६७।१२।२४ मा अर्थमन्त्रालयसमेतका नाउँमा प्रेषित पत्र, अख्तियार दुरूपयोग अनुसन्धान आयोगको प. स.३ कृषि ७५, च. नं. १७ मिति २०७०।०८।१४ को पत्र, यस पत्रसँग सम्बन्धित निर्णय काम कारवाही, राष्ट्र बैंकको प.स. वै.सु.वि./अफ साइड/एजिएम/२७/०७०/०७१ मिति २०७०।१२।०९ को पत्र, नेपाल सरकार अर्थ मन्त्रालयको २०६८।०८।१३ को पत्र, अर्थमन्त्रालयको २०६८।०८।१३ को पत्र, अर्थमन्त्रालयको च.नं. ३५७, प.सं. ७०।७१, मिति २०७०।०८।२४ को पत्रलगायत यस विषयसँग सम्बन्धित सम्पूर्ण काम कारवाही तथा निर्णयहरू उत्प्रेषणको आदेशद्वारा बदर गरिदिएको छ। राष्ट्रिय वाणिज्य बैंक लिमिटेडको आर्थिक वर्ष ०६५।६६ देखि हालसम्म वितरण गर्न बाँकी रहेको बोनस रकम वितरण गर्नु र प्रत्येक आर्थिक वर्ष समाप्त भएको ८ महिनाभित्र कर्मचारीलाई बोनस वितरणको प्रबन्ध मिलाउनु, आ.व. ०७०।७१ को तेस्रो त्रैमासको लेखा परीक्षण नभएको वित्तीय नतिजामा बोनसबापत व्यवस्थासमेत गर्नु भनि विपक्षी राष्ट्रिय वाणिज्य बैंक लिमिटेडसमेतको नाममा परमादेशको आदेश जारी हुने।

इजलास अधिकृत: गेहेन्द्रराज पन्त

इति संवत् २०७२ साल पुस १२ गते रोज १ शुभम्।

७

**मा.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री ओमप्रकाश मिश्र,** ०६६-CI-०१७९, पुन: नापीको जग्गाधनी प्रमाणपुर्जा सम्बन्धमा, *विशनसिंह थापा वि. मानसिंह मडै*

यसमा क्षेत्रफल घटि भयो भनि साबिक चलन चल्तीको सार्वजनिक बाटोमा अवरोध खडा हुने गरि विपक्षी प्रत्यर्थीको साबिक कि.नं. ९८ मा नपुग साबिकको क्षेत्रफल पुर्‍याई दिनुपर्ने भनि क्षेत्राधिकारभन्दा बाहिर गएर बोलेको भन्ने जिकिरको सम्बन्धमा हेर्दा मिसिल संलग्न नापी कार्यालय, कञ्चनपुरको पत्रबाट साबिक सुडा ६(क) कि.नं.९८ को जग्गा हाल कि.नं.१८४३ बाटोमा ००१९५ वर्ग मिटर घुसेको भनि उल्लेख भई आएको देखिएकोले कि.नं.१८४३ को बाटो विस्तारको क्रममा कि.नं. ९८ को क्षेत्रफल ००१९५ वर्गमिटरको जग्गा घुसेको देखिन्छ । कि.नं.१८४३ को बाटो पहिलादेखि रहेको कुरा जिल्ला अदालतको फैसलामा पनि उल्लेख भएको र सो बाटोमा पनि वादीको हक कायम हुने भनि उक्त अदालतको फैसलामा उल्लेख नभई उत्तर दक्षिणतर्फको बाटो अर्थात् नक्सा नं. ५ र ६ सम्म वादीको हक कायम गरेको देखिन्छ । साबिक बाटो कञ्चनपुर जिल्ला अदालतको फैसलाले बदर घोषित गरेको मिसिल संलग्न प्रमाणबाट देखिँदैन। चलनचल्तीको बाटो भएको हुँदा आवतजावत गर्ने बाटो रोकिनेदेखि विवादित कि.नं. १८४३ बाटो नेपाल सरकारको नाममा कायम भएकोमा साबिक देखिको बाटो हुँदा र यसको क्षेत्रफल ०१९५ वर्ग मिटर सडकमा परि नापी भएको देखिएकोले त्यस्तो सार्वजनिक बाटोको जग्गा व्यक्तिको नाममा कायम नहुने जग्गा आवाद गर्नेको महलको ४ नं. समेतका आधारमा सार्वजनिक बाटो व्यक्तिको हकमा नजाने हुँदा सो बाटोको जग्गासमेत पुनरावेदन अदालतले निज वादीको कायम हुने ठहर गरेको मिलेको देखिएन । कञ्चनपुर जिल्ला अदालतबाट मिति २०६३।८।२८ को यिनै वादी मानसिंह मडै विरूद्ध सामा दैजीको मुद्दामा उत्तर दक्षिणको बाटोलाई बाटो कायम नगरेको निज वादीको ठहर्‍याएको फैसलालाई भूलवश सरकारी बाटो पूर्व पश्चिमको बाटो जग्गालाई वादीको कायम गर्ने फैसला तथ्यगत भूलबाट भएको देखिन आयो । साबिक चलन चल्तीको कि.नं.१८४३ को सार्वजनिक बाटोमा अवरोध खडा हुने गरि विपक्षीको नपुग क्षेत्रफल पुर्‍याई दिनुपर्ने भनि कि.नं.९८ को ज.वि.०-१६-५ प्रत्यर्थीको कायम भई जग्गाधनी दर्ता प्रमाणपुर्जा पाउने देखिन आएन । अतः कि.नं. १८४३ सार्वजनिक बाटो भई नेपाल सरकारको नाममा दर्तासमेत भैसकेको अवस्थामा तथ्यको भूल गरि कि.नं. १८४३ को बाटोमा पनि जिल्ला अदालतबाट वादीको हक कायम भईसकेको अर्थ लगाई मालपोत कार्यालयको निर्णय उल्टी गरेको पुनरावेदन अदालत, महेन्द्रनगरको मिति २०६६।१।२ को फैसला मिलेको नदेखिँदा उल्टी हुने ।

इजलास अधिकृत: गेहेन्द्रराज पन्त

कम्प्युटर: मन्जिता ढुंगाना

इति संवत् २०७२ साल जेठ ३२ गते रोज २ शुभम्।

८

**मा.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री देवेन्द्र गोपाल श्रेष्ठ,** ०६७-WO-००८६, परमादेश, *धिरेन्द्रबहादुर चन्द वि. प्रहरी प्रधान कार्यालय, नक्साल काठमाडौंसमेत*

निवेदक मिति २०३४।८।३० गते प्रहरी जवान पदमा भर्ना भई मिति २०५२।११।२८ बाट लागू हुने गरि प्रहरी सहायक निरीक्षकबाट राजीनामा दिएको तथ्यमा कुनै विवाद देखिँदैन । नियुक्ति मितिदेखि राजीनामा दिएको मितिसम्मको अवधि गणना गर्दा १८ वर्ष २ महिना २५ दिन सेवा अवधि पुगेको देखिए पनि निज मिति २०४२।६।२५ देखि मिति २०४३।४।२९ सम्म १० महिना ३ दिन गयल खाली रहेको भन्ने लिखित जवाफ व्यहोरा तथा निवेदकले निवेदनसाथ पेस गरेको निवेदकको तिनपुस्ते अभिलेखबाट देखिएको छ । उक्त तथ्यलाई निवेदकले निवेदनमा अन्यथा हो भनि उल्लेख समेत

गरेको अवस्था देखिँदैन । प्रहरी नियमावलीमा रहेको उल्लिखित कानूनी व्यवस्थाबमोजिम निवृत्तिभरण प्रयोजनका लागि निवेदक प्रहरी सहायक दर्जाका प्रहरी कर्मचारी भएकोले १८ वर्ष सेवा अवधि पुगेको हुनुपर्नेमा गयल खाली भएको अवधि १० महिना ३ दिन कटाउँदा निवृत्तभरण पाउने अवधि १८ वर्ष पुगेको नदेखिँदा निवेदकले प्रहरी नियमावली, २०४९ को नियम ११०(१) मा भएको कानूनी व्यवस्थाबमोजिम निवृत्तिभरण पाउन सक्ने अवस्था नदेखिने हुँदा निवेदकको प्रस्तुत निवेदन खारेज हुने ।

इजलास अधिकृतः हरिकृष्ण श्रेष्ठ

कम्प्युटर: मन्जिता ढुंगाना

इति संवत् २०७२ साल मङ्सिर २८ गते रोज २ शुभम् ।

९

**मा.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री देवेन्द्र गोपाल श्रेष्ठ,** ०७०-CI-०२०९, निषेधाज्ञा, *ईश्वरलाल प्रधान वि. वसन्त शर्मासमेत*

विवादको घर जग्गामा निवेदकको स्वामित्व नै स्थापित भएको नदेखिएको र आफ्नो पूर्ण स्वामित्व भएको सम्पत्तिमा कसैले क्षति पुर्‍याउने आशङ्का विद्यमान भएमा मात्र सो क्षति रोक्न मात्र कानूनी उपचारको रूपमा निषेधाज्ञा जारी हुने निषेधाज्ञाको मूल उद्देश्य रहेकोमा निवेदकले दाबी गरेको कि.नं. ५२५ को घरजग्गामा निजको स्वामित्व नै स्थापित भएको नदेखिँदा कि.नं. ५२५ को घरजग्गामा निवेदकको स्वामित्व नै स्थापित भएको नदेखिएको समेतको आधारमा निवेदनको निवेदन खारेज हुने ठहर्‍याएको पुनरावेदन अदालत, पाटनको मिति २०६९।१०।२४ को आदेश मिलेकै देखिँदा सो सदर हुने ।

इजलास अधिकृतः हरिकृष्ण श्रेष्ठ

कम्प्युटर: मन्जिता ढुंगाना

इति संवत् २०७२ साल मङ्सिर २७ गते रोज १ शुभम् ।

१०

**मा.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री जगदीश शर्मा पौडेल,** ०६९-CR-०००६, वैदेशिक रोजगार ठगी, *नेपाल सरकार वि. कर्णबहादुर पुरिसमेत*

जाहेरवालाहरू मध्ये मेघबहादुर थापा र फणिन्द्र चौहानले प्रतिवादी कर्णबहादुर पुरीले वैदेशिक रोजगारमा दुबई पठाई त्यहाँ काम पाउन नसकि फर्कि आएकोले निजलाई कारवाही गरिपाउँ भनि जाहेरी दिए तापनि यी प्रतिवादीले रकम लिएको लिखत भरपाई लगायतको कुनै ठोस सबुद प्रमाण पेस भएको छैन र निज जाहेरवालाहरू अदालतमा उपस्थित भई बकपत्र गर्नसमेत उपस्थित भएकोसमेत पाइएन । अतः ठोस सबुद प्रमाणको अभावमा आरोपित कसुर प्रमाणित नभएकोले वैदेशिक रोजगार ठगी जस्तो अपराधमा निजलाई कसुरदार ठहर गर्न मिलेन । यस्तो अवस्थामा निजलाई आरोपित कसुरबाट सफाइ दिने ठहर्‍याई गरेको वैदेशिक रोजगार न्यायाधिकरणको फैसला मिलेको देखिने ।

प्र. कुमार रानाले प्रतिवादी कर्णबहादुर पुरीसँगको लेनदेन हो र सो रकम निजबाट पाइसकेको भन्ने व्यहोरा लेखाई कुमार रानामगरसँग आर्थिक कारोबार भएको कुरामा केही नबोली मौन रहि बकपत्र गरेकोले निजको विरूद्ध अभियोग पत्र तथ्ययुक्त प्रमाणको अभावमा दोषी ठहर गर्न नमिल्ने र शङ्काको सुविधा अभियुक्तले पाउँछ भन्ने फौजदारी न्यायको सिद्धान्त भएकोले प्रतिवादी कुमार रानामगरसमेतले आरोपित कसुरबाट सफाइ पाउने ठहर्छ भनि गरेको सुरू वैदेशिक रोजगार न्यायाधिकरण, काठमाडौंको फैसला मिलेकै देखिने ।

शुद्ध घरायसी लेनदेन व्यवहारलाई वैदेशिक रोजगार ठगीमा अनाहकमा झुट्टा उजुर गरि यस मुद्दाका प्रतिवादीहरूलाई दुःख दिने र अदालतको

समयलाई समेत अनाहकमा खेर फाल्न लगाउने जाहेरवालाहरूलाई जनही रू.१०,०००।- (दश हजार) का दरले जरिवाना हुने गर्ने गरेको सुरू वैदेशिक रोजगार न्यायाधिकरणको फैसला पनि मिलेको नै देखिने।

प्रतिवादीहरू कर्णबहादुर पुरी र कुमार रानाले अभियोग दाबीबाट सफाइ पाउने ठहर्‍याई लेनदेन व्यवहारलाई वैदेशिक रोजगार ठगीमा उजुर गर्ने जाहेरवालाहरूलाई जनही रू. १०,०००।- (दश हजार) का दरले जरिवाना हुने ठहर्छ भनि वैदेशिक रोजगार न्यायाधिकरणबाट मिति २०६८।३।१९ मा भएको फैसला मिलेको देखिँदा सदर हुने ठहर्छ। वादी नेपाल सरकारको पुनरावेदन जिकिर पुग्न नसक्ने।

इजलास अधिकृत: प्रेम खड्का

कम्प्युटर: मन्जिता ढुंगाना

इति संवत् २०७२ साल जेठ ७ गते रोज ५ शुभम्।

## इजलास नं. ४

१

**मा.न्या.श्री बैद्यनाथ उपाध्याय र मा.न्या.श्री ओमप्रकाश मिश्र,** ०६७-WO-०७२१, उत्प्रेषण, *भरतमणि जङ्गम वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत*

सरकारी पदको हिन्दु, बौद्ध, मुस्लिम, सिख, इसाईजस्तो कुनै धर्म हुँदैन। कुनै सरकारी पद ग्रहण गर्न जुनसुकै धर्म वा संस्कृतिका व्यक्तिले पनि पाउँछन्। त्यहाँ कुनै धर्मको भेद गरिँदैन। तर, देवी देवताको सन्दर्भमा आआफ्नो चलि आएको रिति स्थितिअनुसार आआफ्नो धर्मको परम्परा र नीतिबाट निर्धारित हुन्छ। श्री पशुपतिनाथ हिन्दु धर्मावलम्बीहरूको मात्र आराध्य देव हुन्। तसर्थ पशुपतिनाथको पूजा अर्चना त्यहाँको सर सामानलगायत कुनै पनि व्यवस्थापकीय कार्यमा संलग्न हुन सर्वप्रथम ऊ हिन्दु धर्मावलम्बी हुनु अनिवार्य हुन्छ। तत्पश्चात् मात्र हिन्दु धर्मका ज्ञाता लगायतका गुणहरू त्यस्ता व्यक्तिमा हुनु जरूरी हुन्छ। यस अदालतको मिति २०६६।९।२७ को निर्देशनात्मक आदेशले पनि हिन्दु धर्ममा आस्थावान्, सनातन वैदिक धर्मावलम्बी, हिन्दु धर्मप्रति निष्ठावान् व्यक्तिहरू उक्त समितिमा रहनु पर्ने भनि स्पष्ट पारेको छ। धर्म र देवताहरूको कुरा धेरै संवेदनशील हुन्छ। एउटा रिति थितिमा कसै गरि अरू धर्मबाट हस्तक्षेप जस्तो देखिनेसम्मको स्थिति पनि आउन सक्ने रत्तिभरको सम्भावना पनि बर्जित गरिनु पर्दछ। सरकारी पद र पदाधिकारीको कुनै दैविक आस्था वा धर्म नहुने हुँदा त्यस्ता सरकारी पदाधिकारीहरूलाई धार्मिक संस्थानको प्रभावकारी पदमा चयन गर्नुपूर्व यी सबै सम्भावनाहरूमा गम्भीर भई मनन गर्नुपर्ने।

मिति २०६९।९।११ को मन्त्रिपरिषद्को निर्णयअनुसार गठित समितिमा सरकारी पदाधिकारीहरूको बाहुल्यता रहेको, आदेशले किटान गरेको कानूनविद्, योजनाविद् र रैरकमीहरूको प्रतिनिधित्व रहेको नदेखिएको तथा सरकारी पदेन सदस्यहरूको प्रभावकारी पदाधिकारीको रूपमा उपस्थिति हुने गरि गठन भएको समितिलाई यस अदालतको मिति २०६६।९।२७ को आदेशानुसार गठन भएको भन्न मिल्ने अवस्था नरहँदा नेपाल सरकार मन्त्रिपरिषद्को मिति २०६९।९।११ को निर्णयानुसार गठन भएको समिति यस अदालतको मिति २०६६।९।२७ को निर्देशनात्मक आदेशानुसार स्वतन्त्र र स्वायत्त समिति भएको नदेखिँदा नेपाल सरकारको मिति २०६७।९।११ को निर्णय उत्प्रेषणको आदेशद्वारा बदर हुने ठहर्छ। अब यस अदालतको मिति २०६६।९।२७ को निर्देशनात्मक आदेशानुसारको हिन्दु धर्मावलम्बी, हिन्दु धर्ममा आस्था राख्नेहरूको स्वतन्त्र, सक्षम, स्वायत्त संयन्त्र यथाशीघ्र पुनः गठन

गर्नु भनि विपक्षीका नाममा परमादेशको आदेश जारी हुने।

इजलास अधिकृत: प्रेमप्रसाद न्यौपाने

कम्प्युटर: मन्दिरा रानाभाट

इति संवत् २०७२ साल पुस १३ गते रोज २ शुभम्।

२

**मा.न्या.श्री बैद्यनाथ उपाध्याय र मा.न्या.श्री ओमप्रकाश मिश्र,** ०६८-CR-१३४९, कर्तव्य ज्यान, *नेपाल सरकार वि. किशोर राई*

रञ्जना राई गाउँमा डुलेको देखि तिम्रो कोही केटा भए उसैसँग जाउ भनि प्रतिवादीले भनेकोले प्रतिवादी र रञ्जनाका बिच मिति २०६५।६।३० मा झगडा भएको देखिन्छ । सोही रात रञ्जनाका बाबु पर्शुराम राईले प्रतिवादीलाई गालीगलौज गरेको र प्रतिवादीलाई देख्नासाथ कर्‍याककुरूक पारिदिन्छु भनि प्रतिवादीतर्फ गएको अवस्थामा प्रतिवादीलाई तत्काल रिस उठि सो रिस थाम्न नसकि हातमा रहेको डन्डाले हिर्काउँदा सोही चोट पीडाबाट मृतक पर्शुरामको भोलिपल्ट बिहान ३.०० बजे मृत्यु भएको देखिन्छ । प्रतिवादीले जोखिमी धारिलो हतियारको प्रयोग गरेको वा विष खुवाएको देखिँदैन भने साधारण काठको डन्डाले प्रहार गर्दा मृतकको मृत्यु भएको देखिँदा प्रस्तुत वारदातमा मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १४ नं. आकर्षित हुने अवस्था देखियो। यस्तो अवस्थामा प्रतिवादीलाई मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १४ नं. अनुसार १० (दश) वर्ष कैद सजाय गरेको पुनरावेदन अदालतको फैसलामा कानूनी त्रुटि रहेको नदेखिने हुँदा प्रतिवादी किशोर राईलाई मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १४ नं. बमोजिम १० (दश) वर्ष कैद हुने ठहर्‍याएको सुरू उदयपुर जिल्ला अदालतको मिति २०६६।२।६ को फैसला सदर हुने ठहर्‍याएको पुनरावेदन अदालत राजविराजको मिति २०६७।१।८ को फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ । प्रतिवादीलाई मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १३ (३) नं. बमोजिम सजाय गरिपाउँ भन्ने पुनरावेदक वादी नेपाल सरकारको पुनरावेदन जिकिर पुग्न नसक्ने।

इजलास अधिकृतः प्रेमप्रसाद न्यौपाने

कम्प्युटर: अभिषेककुमार राय

इति संवत् २०७२ साल मङ्सिर १४ गते रोज २ शुभम्।

३

**मा.न्या.श्री बैद्यनाथ उपाध्याय र मा.न्या.श्री ओमप्रकाश मिश्र,** ०६९-WO-१४०६, उत्प्रेषण, *राजकुमार शाहसमेत वि. उद्योग मन्त्रालयसमेत*

उद्योग सञ्चालन गर्दासमेत मानव स्वास्थ्यमा असर नपर्ने गरि गर्नु पर्दछ । उद्योग दर्ताका क्रममा वातावरण संरक्षण गर्ने भनि आफैँले लिखितरूपमा स्वीकार गरेका सर्तहरू पुरा गर्न पटकपटक जानकारी गराएकोमा उद्योगले ती सर्तहरू पुरा नगरेको अवस्थामा सर्त पुरा नगरेमा उद्योग बन्द गरिने छ भनि जानकारी गराएको देखिन्छ । ती सर्तहरू पुरा गरेको अवस्थामा निवेदकले उद्योग सञ्चालन गर्न सक्ने नै देखिन्छ। आफूले सहमति जनाएको सर्तलाई पुरा गर्न र सर्त पुरा नगरे उद्योग बन्द गरिने जानकारी गराएकोलाई उद्योग बन्द गरि सकेको स्थिति भनि मान्न मिलेन । तसर्थ सुनुवाइको मौका दिइयो वा दिइएन भन्ने प्रश्न यहाँ रहेन । घरेलु तथा साना उद्योग कार्यालयबाट निवेदकलाई उद्योग बन्द गर्नु भन्ने पत्र प्रेषित भएको पनि देखिँदैन । यसरी पहिला प्रदूषण नियन्त्रण गर्नु भनि निवेदकलाई जानकारी गराउँदा पनि निवेदकले आफ्नो कर्तव्य र जिम्मेवारी पुरा नगरेको अवस्थामा अब पनि वातावरण नियन्त्रणको प्रक्रिया अवलम्बन नगरेमा सो नगरेसम्मको लागि उद्योग बन्द गरिने जानकारी गराएको विषयका सम्बन्धमा निवेदकलाई सुनुवाइको मौका दिनु पर्ने र प्राकृतिक न्यायको सिद्धान्तविपरीत उद्योग बन्द गर्न लागिएको भनि मान्न

मिल्ने अवस्था नदेखिँदा निवेदकले मध्यमाञ्चल बोन इन्डस्ट्रिज दर्ता गर्दा पालना गर्नेछु भनि लिखितरूपमा स्वीकार गरेका सर्तहरू व्यावहारिकरूपमा कार्यान्वयन गरेको नदेखिएकोले उक्त सर्तहरू कार्यान्वयन गरेका बखत उद्योग सञ्चालन गर्न पाउने नै देखिँदा हालको अवस्थामा निवेदन मागबमोजिमको आदेश जारी गर्नुपर्ने अवस्था नदेखिँदा प्रस्तुत रिट निवेदन खारेज हुने हुँदा यस अदालतबाट मिति २०७०।३।३१ मा जारी भएको अन्तरिम आदेश सर्वोच्च अदालत नियमावली, २०४९ को नियम ४१ (२) बमोजिम निष्क्रिय हुने।

इजलास अधिकृतः प्रेमप्रसाद न्यौपाने

कम्प्युटर: अभिषेककुमार राय

इति संवत् २०७२ साल पुस १३ गते रोज २ शुभम्।

४

**मा.न्या.श्री बैद्यनाथ उपाध्याय र मा.न्या.श्री चोलेन्द्र शमशेर ज.ब.रा.,** ०७०-CI-०३४९, परमादेश, *जनकपुर नगरपालिकाको कार्यालय, जनकपुरसमेत वि. जिल्ला धनुषा, जनकपुर नगरपालिकामा अवस्थित धर्म संस्था रामस्वरूप साह, सागर साहद्वारा २००१ सालमा स्थापित मिल्स एरिया जनकपुरसमेत*

निवेदक संस्था लाभको उद्देश्यले स्थापना भएको नहुँदा संस्थालाई कर छुट हुनुपर्ने भनि निवेदकले नगरपालिकामा निवेदन दिएको कुरामा विवाद रहेको देखिन आएन। यसरी आफूसमक्ष पर्न आएको निवेदनमा के कस्तो कारवाही गर्नुपर्ने हो वा के कसो गर्नु नपर्ने हो सो कुराको निर्णय गर्नुपर्ने हुन्छ। स्थानीय स्वायत्त शासन ऐन, २०५५ को दफा १४६ बमोजिम लाभको उद्देश्य नराखि सञ्चालन हुने संघ संस्थालाई सेवा शुल्कबाहेक अन्य कर, दस्तुर, शुल्क, महसुल नलाग्ने प्रत्याभूति गरेको देखिन्छ। सोही अनुरूपको सुविधा माग गरि परेको निवेदनमा निवेदक लाभको उद्देश्य राखि सञ्चालन भएको संस्था हो होइन, व्यापारिक कारोबार छ छैन आदि जो जे बुझ्नुपर्ने हो बुझि निर्णय गर्नुपर्ने हुन्छ। नगरपालिकाको कानूनद्वारा जनसरोकारसँग सम्बन्धित जनसाधारणप्रति कानूनी दायित्व निर्वाह गर्नु पर्ने संस्था हो। कानूनद्वारा गठित जनसाधारणप्रति कानूनी दायित्व निर्वाह गर्नुपर्ने निकायले कानूनी कर्तव्य निर्वाह नगरेको अवस्थामा त्यस्ता निकायलाई कानूनी कर्तव्य निर्वाह गराउन परमादेशको आदेशको मार्ग नै अवलम्बन गर्नुपर्ने हुन्छ। पुनरावेदक विपक्षी नगरपालिकाले आफूसमक्ष परेको निवेदनमा कर छुट हुने हो वा होइन कानूनद्वारा तोकिएको कर्तव्य निर्वाह गरि यथोचित निर्णय गर्नुपर्नेमा कानूनी कर्तव्य र जनदायित्व निर्वाह नगरेको देखिँदा पुनरावेदन अदालतबाट यथाशीघ्र निर्णय गरि आफ्नो कानूनी दायित्व पुरा गर्न परमादेशको आदेश जारी भएकोलाई अन्यथा भयो भनि मान्न नमिल्ने हुँदा निवेदकले आफ्नो संस्थाले स्थानीय स्वायत्त शासन ऐन, २०५५ को दफा १४६(१) तथा स्थानीय स्वायत्त शासन नियमावली, २०५६ को नियम १४४(१६)(च)(छ) बमोजिम कर छुट पाउनु पर्ने हो भनि निवेदन दिएको अवस्थामा मागबमोजिमको कर छुट दिनु पर्ने हो होइन सो सम्बन्धमा निर्णय गर्ने अधिकार जनकपुर नगरपालिकामा नै निहित रहेकोले सो सम्बन्धमा यथाशीघ्र निर्णय गर्नु भनि जनकपुर नगरपालिकाको नाममा परमादेशको आदेश जारी हुने ठहऱ्याएको पुनरावेदन अदालत, जानकपुरको मिति २०६९।२।३० को आदेश मिलेकै देखिँदा सदर हुने ठहर्छ। पुनरावेदकको पुनरावेदन जिकिर पुग्न नसक्ने।

इजलास अधिकृत: लोकनाथ पराजुली

कम्प्युटर: मन्दिरा रानाभाट

इति संवत् २०७२ साल साउन १७ गते रोज १ शुभम्।

५

**मा.न्या.श्री बैद्यनाथ उपाध्याय र मा.न्या.श्री चोलेन्द्र शमशेर ज.ब.रा.,** ०७२-RC-००१६, कर्तव्य ज्यान रहजनी चोरी, *नेपाल सरकार वि. झुपे भन्ने तिलबहादुर*

*रास्कोटी*

मृतक लक्ष्मी रास्कोटीको अनुहारसमेतमा रगत जस्तो जमी निलो देखिएको तथा घाँटीमा निलो डाम रहेको भन्ने व्यहोरा उल्लेख भएको घटनास्थल तथा लास जाँच मुचुल्का रहनुका साथै Cause of Death is Due to Asphyxia भन्ने उल्लेख भएको शव परीक्षण प्रतिवेदन मिसिल संलग्न रहेको देखिन्छ। जसबाट लक्ष्मी रास्कोटीको मृत्यु कर्तव्यबाट भएको पुष्टि हुन आउने।

प्रतिवादीको साबिती बयान, घटनास्थल लासजाँच मुचुल्का, शव परीक्षण प्रतिवेदन, बुझिएका व्यक्तिहरूको बकपत्रसमेतबाट प्रतिवादी झुपे भन्ने तिलबहादुर रास्कोटीले मृतक लक्ष्मी रास्कोटीलाई कर्तव्य गरि मारेको देखिन आयो। प्रस्तुत वारदातमा प्रतिवादीले पूर्व योजनासहित गर-गहना हात पार्ने मनसाय लिई मृतकलाई मार्न मृतककै घरमा गई घरमा अरू कोही व्यक्ति नरहेको मौका पारि सुनियोजित तवरबाट हत्या गरेको देखिन आएको हुँदा केवल साबिती बयान गरि न्याय सम्पादनमा सहयोग पुर्‍याएको भन्ने प्रतिवादीको जिकिरको आधारमा मात्र मुलुकी ऐन, अ.वं.१८८ नं. बमोजिम न्युन सजाय गर्न सकिने पनि देखिन नआउने हुँदा कसुरमा प्रतिवादी साबित नै रहेकोले निज प्रतिवादी झुपे भन्ने तिलबहादुर रास्कोटीलाई मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १३(३) नं. बमोजिम सर्वस्वसहित जन्म कैद गरेको अर्घाखाँची जिल्ला अदालतको मिति २०७१।१।२३ मा भएको फैसला सदर गरि पुनरावेदन अदालत बुटवलबाट मिति २०७१।७।४ मा भएको फैसला मिलेकै देखिँदा साधक सदर हुने।

इजलास अधिकृतः मीना गुरूङ

कम्प्युटर: अभिषेककुमार राय

इति संवत् २०७२ साल असोज १ गते रोज ६ शुभम्।

## इजलास नं. ५

१

**मा.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री गोविन्दकुमार उपाध्याय,** ०६८-CI-०६६४, लेनदेन (करार), *काठमाडौं जिल्ला, काठमाडौं नगरपालिका वडा नं. ३५ तिनकुने स्थित जगदम्बा स्टिल प्रा.लि.को तर्फबाट अख्तियारप्राप्त एक्जुकेटिभ मार्केटिङ मेनेजर पवन दाधिव वि. श्रीमती सुनीता तिवारी*

पुनरावेदक प्रतिवादीले न्यू विकास ट्रेडर्सलाई सामान पठाएको देखिएको र विकास ट्रेडर्सलाई सामान पठाएको नदेखिएकोले वादीले भनेबमोजिम सामान पठाएको भनि प्रतिउत्तरलेखमा उल्लेख गर्दैमा प्रत्यर्थी वादीले सम्झौताअनुसारको सामान प्राप्त गरेको भनि कानूनतः मान्न मिल्ने पनि देखिँदैन। यी पुनरावेदकले पठाएको सामान कसले बुझेको हो भनि पुनरावेदक स्वयम्ले खुलाउन नसकेको र मिसिल संलग्न वाणिज्य कार्यालय धनगढी, आन्तरिक राजस्व कार्यालय, धनगढी र उद्योग वाणिज्य संघ, धनगढीको पत्रहरू हेर्दा वादी विकास ट्रेडर्स र यी पुनरावेदकले सामान पठाएको न्यू विकास ट्रेडर्स फरक फरक व्यक्तिको प्रोप्राइटरसिपमा रहेको र पान नम्बर पनि फरक फरक रहेको देखिएको अवस्थामा न्यू विकास ट्रेडर्सलाई पठाएको सामान विकास ट्रेडर्सले प्राप्त गरेको होला भनि अदालतले अनुमान गरि वादीलाई सामान पठाउनु पर्ने यी पुनरावेदकको दायित्वलाई इन्कार गर्न सकिने पनि भएन। तसर्थ प्रत्यर्थी वादीसँग रकम लिई सामान पठाउने सम्झौता भएको भनि यी पुनरावेदकले स्वीकार गरिरहेको र प्रत्यर्थी वादीले सामान प्राप्त गरेको देखिने प्रमाण पेस हुन नसकेको अवस्थामा प्रत्यर्थी वादीले दाबीबमोजिमको रकम नपाउने भन्न मिलेन। वादीले यी पुनरावेदक प्रतिवादीको खातामा

रकम जम्मा गरेको तर सामान प्राप्त नगरेको अवस्थामा वादी दाबीबमोजिमको रकम वादीले पाउनु पर्ने नै देखिएकोले यस अदालतबाट मिति २०६८।६।२७ मा निस्सा प्रदान गर्ने गरि भएका आदेश र सम्झौताबमोजिम सामान पठाएकोले रकम तिर्नु नपर्ने भन्ने पुनरावेदन जिकिरसित सहमत हुन सकिएन। वादी दाबीबमोजिम प्रतिवादी जगदम्बा स्टिल प्रा.लि.बाट रकम भराई पाउने ठहऱ्याएको सुरूको फैसलालाई सदर गर्ने गरेको पुनरावेदन अदालत, दिपायलको मिति २०६७।५।९ को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृतः उमानाथ गौतम

कम्प्युटर: विदुषी रायमाझी

इति संवत् २०७२ साल असार २८ गते रोज २ शुभम्।

२

**मा.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री गोविन्दकुमार उपाध्याय,** ०७०-CR-०८१७, लागु औषध सेतो हेरोइन, *नुर बानु वि. नेपाल सरकार, Babu Umoru वि. नेपाल सरकार, नेपाल सरकार वि. नुर बानु*

प्रतिवादीमध्येकी Dulcineia को साथबाट बरामद भएको वस्तु लागु औषध भएको भन्ने विधि विज्ञान प्रयोगशालाको परीक्षण प्रतिवेदन देखिन आएको छ भने Dulcineia को अधिकारप्राप्त अधिकारीसमक्ष भएको बयान व्यहोरा हेर्दा कसुरमा साबिती रहि बयान गरेको देखिन्छ। प्रतिवादी Dulcineia ले गरेको साबिती बयानलाई अर्का प्रतिवादी Baba Umoru ले समेत समर्थन हुने गरि बयान गरेको देखिन्छ। बरामदी मुचुल्का हेर्दा प्रतिवादी मध्येकी Dulcineia बाट लागु औषध सेतो हेरोइन ३१७ ग्राम बरामद भएको र राष्ट्रिय विधि विज्ञान प्रयोगशालाबाट भई आएको परीक्षण प्रतिवेदनबाट प्रतिवादी मध्येकी Dulcineia को साथबाट बरामद भएको वस्तु लागु औषध भएको भन्ने देखिन आएको छ। त्यसैगरि प्र.स.नि. शर्मिला थापा, प्र.ज. विष्णु पाण्डे प्र.ज. रूपा थापासमेतको बकपत्रबाट समेत प्रतिवादीहरू उपर लागेको अभियोग दाबी पुष्टि हुन आएको आधारमा सुरू काठमाडौं जिल्ला अदालतले प्रतिवादीहरू Dulcineia र बाबा उमोरूलाई १६ वर्ष कैद र रू.५,७५,०००।– जरिवाना गरेको देखिन्छ। निजहरूको भनाइ निजहरूका विरूद्धमा प्रमाणमा लाग्ने नै देखिन आएको अवस्था भै निज प्रतिवादीहरू Dulcineia र Baba Umoru को हकमा सुरू तथा पुनरावेदन अदालत, पाटनले गरेको फैसला कानूनसम्मत नै देखिन आउने।

प्रतिवादीमध्येकी Dulcineia ले आफू मानसिक रोगी भएको र हाल उपचार गराईरहेको भनि जिकिर लिएको र आफूलाई Baba Umoru ले दबाब पारि प्रयोग गरेको हुँदा सफाइ पाउनुपर्छ भनि लिएको जिकिर सम्बन्धमा विचार गर्दा मिति २०६७।१०।०६ को नेपाल सरकार स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय मानसिक अस्पतालको जवाफमा मिति २०६७।१०।२० मा O.P.D. नं. १२८ श्रीमती Cruz Fernandes, वर्ष २७ महिला, अस्पतालको बहिरंग शाखामा निजले दिएको सूचना र अवस्था परीक्षणअनुसार हाल वहाँलाई कुनै गम्भीर मानसिक रोग नभएको देखिन्छ। बृहत् जानकारीको अभावमा विगतमा मानसिक रोग भए/नभएको यकिन गर्न सकिँदैन। निजको शारीरिक अवस्था भने ठिक नभएको, तर वहाँले कुनै मेडिकल रेकर्ड नल्याएको तथा यस अस्पतालमा साधन स्रोतको अभावमा शारीरिक रोग यकिन गर्न अन्य अस्पतालमा जानुपर्ने देखिन्छ। वहाँको बौद्धिक क्षमता यकिन गर्न Clinical Psychologist सँग जाँच गर्न सिफारिस गर्दछु भनि डा. कृष्ण गौतमद्वारा हस्ताक्षर भएको पाइन्छ। अदालतसमक्ष निजले गरेको बयानमा मेरो मानसिक अवस्था ठिक छैन सोको उपचार गराएको रिपोर्टहरूको कागज पाना १० यसैसाथ पेस गरेकी छु भनि बयान

गरेको देखिन्छ तापनि अन्य मुलुकमा परीक्षण गराएका रिपोर्टहरूलाई प्रमाणमा ग्रहण गरि निज मानसिक रोगी भए नभएको निष्कर्षमा पुग्न सक्ने नदेखिने।

अर्का पुनरावेदक प्रतिवादी Baba Umoru ले अधिकारप्राप्त अधिकारीसमक्षको साबिती बयानलाई प्रमाणमा ग्रहण गर्न नमिल्ने, सह–अभियुक्तको पोललाई मात्र आधारमा लिइएको, प्रतिवेदकहरूको बकपत्र एकपक्षीय रहेको हुँदा अभियोग दाबीबाट सफाइ पाउनुपर्छ भनि लिएको जिकिर सम्बन्धमा विचार गर्दा बरामदी मुचुल्का र बरामद भएको लागु औषधलाई अन्यथा भन्न सकिने अवस्था छैन। बरामदी सामग्री आफूबाट बरामद भएको होइन भन्न नसकि बरामद लागु औषध आफ्नो सँगसाथबाट बरामद भएको कुरामा साबित भई बयान गरेको देखिन्छ। प्रस्तुत सन्दर्भमा लागु औषध (नियन्त्रण) ऐन, २०३३ को दफा १२ मा "कुनै व्यक्तिका साथमा कुनै लागु औषध भएको फेला परेमा वा निजले खेती गरेको जग्गामा गाँजा, अफिम वा कोकाको खेती भइरहेको वा सो भएको कुराको प्रमाण फेला परेमा वा कुनै लागु औषधको निर्माण वा उत्पादनको निमित्त चाहिने केही विधि पुगिसकेको कुनै पदार्थ फेला परेमा वा कुनै पदार्थबाट लागु औषध उत्पादन गरिसकेपछि सो पदार्थको बाँकी रहेको केही कसर निजको साथमा राखिएको फेला परेमा त्यस्तो पदार्थ निजले यो ऐन र यस ऐनअन्तर्गत बनेको नियम वा जारी गरिएको आदेशबमोजिम प्राप्त गरेको वा राखेको हो भन्ने कुराको प्रमाण निजले पेस गर्नु पर्नेछ। त्यस्तो प्रमाण पेस गर्न नसकेमा र अन्यथा प्रमाणित भएमा बाहेक निजले यस ऐनअन्तर्गत सजाय हुने अपराध गरेको मानिनेछ" भन्ने उल्लेख भएको देखिन्छ भने प्रतिवादी बाबा उमोरूले अन्यथा प्रमाणित गर्न सकेको देखिन नआउने।

प्रतिवादीमध्येकी नुर वानुलाई अभियोग माग दाबीबमोजिम सजाय गर्नुपर्नेमा सफाइ दिएको मिलेको छैन भन्ने वादी नेपाल सरकारको जिकिर रहेकोमा बरामद भएको ३१७ ग्राम र २३ ग्रामको लागु औषधका सम्बन्धमा सरकारी वकिलको राय बमोजिम छुट्टाछुट्टै मुद्दा दर्ता गराएको देखिन्छ। त्रिभुवन विमानस्थलबाट बरामद भएको ३१७ ग्राम लागु औषध सेतो हेरोइनको कारोबारमा यी प्रतिवादीको के कुन किसिमबाट संलग्नता थियो भनि वादी पक्षले प्रमाणित गर्न सकेको नदेखिँदा निज प्रतिवादी नुर वानुलाई सफाइ दिएको सुरू तथा पुनरावेदन अदालतको फैसला कानूनसम्मत नै देखिन आउने हुँदा सुरू काठमाडौं जिल्ला अदालतले बरामद भएको लागु औषधको परिमाण र कसुरको मात्रासमेतका आधारमा प्रतिवादीहरू Dulcineia र Baba Umoru लाई लागु औषध (नियन्त्रण) ऐन, २०३३ को दफा १४(१)(छ)(३) अनुसार जनही १६ वर्ष कैद र रू.५,७५,०००।– जरिवाना हुने र प्रतिवादी नुर वानुको हकमा अभियोग माग दाबीबाट सफाइ पाउने ठहर गरेको मिति २०६८।३।६ को फैसलालाई सदर गर्ने ठहर्‍याएको पुनरावेदन अदालत, पाटनको मिति २०६९।६।२३ को फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ। प्रतिवादी नुर बानुलाई समेत अभियोग माग दाबीबमोजिम सजाय गरिपाउँ भन्ने पुनरावेदक वादी नेपाल सरकार तथा अभियोग दाबीबाट सफाइ पाउँ भन्ने प्रतिवादीहरू Dulcineia Da Cruz Fernandes र Baba Umoru को पुनरावेदन जिकिर पुग्न नसक्ने।

इजलास अधिकृतः रामप्रसाद बस्याल

कम्प्युटर: विदुषी रायमाझी

इति संवत् २०७१ साल भदौ ४ गते रोज ४ शुभम्।

३

**मा.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री ओमप्रकाश मिश्र,** ०६९-CR-०९१५, ०७०-CR-०००७ र ०७०-CR-१३९७, कर्तव्य ज्यान, *नेपाल सरकार वि. नारायणप्रसाद रिजाल, रामबिहारी भन्ने*

*शिवबिहारी चौधरी वि. नेपाल सरकार, दशै चौधरी वि. नेपाल सरकार*

वारदातको लगत्तै पक्राउ परेका प्रतिवादीहरू र यी प्रतिवादीबिच अपराध घटाउन सहकार्य भएको भन्ने केही देखिँदैन । यी प्रतिवादीको संलग्नता भएको व्यहोराको प्रहरी सञ्चारमा समेतमा अन्य प्रतिवादीहरू सरह यी प्रतिवादीको नाम उल्लेख हुन सकेको छैन । प्रतिवादीलाई पोल गर्ने प्रतिवादीका परिवारका सौतेनी सदस्यहरू मात्र छन् । यी नारायणप्रसाद रिजालको अपराधमा संलग्नता छ भनि अनुसन्धानमा जो जसले जस्तो कागज गरे तापनि अदालतमा उपस्थित भै बकपत्र गर्न सकेको छैन । प्रतिवादीको नाम पोल गरि ७ दिनपछि जाहेरी दरखास्त दर्ता गराउने जाहेरवाला गोमा रिजालसमेत अदालतमा बकपत्र गर्न गएकी छैनन् । सुरूमा जाहेरी दरखास्त दर्ता गराउने यी प्रतिवादीका सौतेनी दाजु पशुपति रिजालले यी प्रतिवादीको नाम जाहेरी दरखास्तमा उल्लेख गरेका छैनन् । अदालतमा बकपत्र गर्दासमेत पोल गरेको अवस्था देखिँदैन । यी प्रतिवादीसँग भूमिगत पार्टीको कुनै सम्बन्ध रहेभएको भन्ने कुरा कहीँ देखिँदैन । प्रतिवादी नारायणप्रसाद रिजालको मौकाको बयान अन्य स्वतन्त्र प्रमाणबाट पुष्टि हुन नसकेको र निज प्रतिवादीको कसुरमा संलग्न नभएको भन्ने अदालतको बयान निजका साक्षीको बकपत्रसमेतबाट पुष्टि भएकोले कसुरदार ठहर गरेको सुरू अदालतको फैसला उल्टी गरि निज प्रतिवादी नारायणप्रसाद रिजाललाई अभियोग दाबीबाट सफाइ दिएको पुनरावेदन अदालत, जनकपुरको फैसला मिलेको मनासिब देखिन आउने ।

प्रतिवादीद्वय राम बिहारी भन्ने शिव बिहारी चौधरी र दशै चौधरीलाई अभियोग दाबीबमोजिम ठहर गर्ने गरेको सुरू अदालतको फैसला सदर गरेको पुनरावेदन अदालतको फैसला तथा प्रतिवादी नारायणप्रसाद रिजालको हकमा मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १७(३) बमोजिम १(एक) वर्ष कैद गर्ने गरेको सुरू सर्लाही जिल्ला अदालतको मिति २०६७।७।१८ को फैसला नमिलेको भनि सो हदसम्म उल्टी गरि निज प्रतिवादी नारायणप्रसाद रिजालले अभियोग दाबीबाट सफाइ पाउने ठहर्‍याएको पुनरावेदन अदालत, जनकपुरको मिति २०६८।८।२५ को फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ । पुनरावेदक वादी नेपाल सरकार तथा प्रतिवादीद्वय राम बिहारी भन्ने शिव बिहारी चौधरी तथा दशै चौधरीको पुनरावेदन जिकिर पुग्न नसक्ने ।

इजलास अधिकृतः हर्कबहादुर क्षेत्री

कम्प्युटर: विष्णुदेवी श्रेष्ठ

इति संवत् २०७२ साल असोज ७ गते रोज ५ शुभम् ।

४

**मा.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री देवेन्द्र गोपाल श्रेष्ठ,** ०६९-WO-१०७२, उत्प्रेषण, *अधिवक्ता बौध कृष्ण भगत वि. मालपोत कार्यालय, राजविराज, सप्तरीसमेत*

निवेदकले फैसला कार्यान्वयनको क्रममा आफूलाई चित्त नबुझेको विषयमा कानूनद्वारा व्यवस्था गरिएको सबै उपचारको मार्ग अवलम्बन गर्नुको साथै विभिन्न चरणमा न्यायिक परीक्षण भएको अवस्था देखिन्छ । निवेदनमा उल्लिखित मुद्दामा पुनरावेदन अदालत, राजविराजबाट मिति २०६६।५।५ मा भएको आदेशबमोजिम तर्फ छुट्याई दा.खा. पुर्जी दिई फैसला कार्यान्वयन गर्नु पर्ने स्थिति मात्र बाँकी रहेको परिप्रेक्ष्यमा उक्त आदेश कार्यान्वयन स्वरूप सप्तरी जिल्ला अदालतबाट यी निवेदकसमेतका नाउँमा म्याद जारी भै वादी प्रतिवादीबाट अ.बं. १३३ नं. बमोजिम कागजसमेत गराई र कागज गर्न नसकेमा अड्डैको तर्फबाट समेततर्फ यकिन गरि दा.खा. पुर्जी जारी गर्ने गरि मिति २०६८।१२।६ मा आदेश भएको देखिन्छ । उक्त आदेशलाई कुनै पक्षले चित्त नबुझाई बदर गराउन

सकेको अवस्थासमेत देखिँदैन । यही आदेशबमोजिम वादी प्रतिवादीको तर्फ कायमसम्बन्धी कागज गराइएको र दुवै पक्षले अड्डामा कागज गर्दातर्फमा सहमत भएका कित्तानम्बरहरूको सम्बन्धमा सोहीबमोजिम तथा सहमति कायम नभएका कित्ता नम्बरहरूको सम्बन्धमा गोला लगाई तथा गोला टिप्न इन्कार भएको हकमा अड्डैको तर्फबाट गोला लगाई वादीको तर्फ कायम गरि तर्फ यकिन मुचुल्का खडा गरिएको र सोहीअनुरूप जग्गा दा.खा. पुर्जीसमेत पठाइएको देखिन्छ । साथै मिति २०६८।१२।१७ को गोला सहमति मुचुल्कामा वादी तथा प्रतिवादी दुवै तर्फबाट मन्जुर भै हस्ताक्षरसमेत भएको भन्ने मिसिलबाट देखिन्छ । प्रस्तुत निवेदनमा उल्लिखित मुद्दामा भएको फैसला कार्यान्वयनको निवेदन हदम्यादभित्रको देखिनुको साथै फैसला कार्यान्वयनको क्रममा भएका काम कारवाहीहरू कानूनसम्मत रूपमा सम्पादन भएको पाइन्छ । फैसला भई अन्तिम भइरहेको फैसला कार्यान्वयनको क्रममा गरिएका काम कारवाहीमा दूषितता नदेखिँदासम्म असाधारण अधिकार क्षेत्रबाट फैसला कार्यान्वयनको कार्यलाई बदर गर्न मिल्ने नदेखिँदा निवेदन मागबमोजिमको आदेश जारी गर्नुपर्ने अवस्था नदेखिँदा रिट निवेदन खारेज हुने ।

इजलास अधिकृतः कृष्णप्रसाद पौडेल

कम्प्युटर: विदुषी रायमाझी

इति संवत् २०७२ साल वैशाख १० गते रोज ५ शुभम् ।

५

**मा.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री चोलेन्द्र शमशेर ज.ब.रा.,** ०६९-WO-०५४५, उत्प्रेषण/परमादेश, *सुन्दर लाल थारू वि. श्री गोरक्ष पात्रदेव सिद्ध रत्ननाथ मठ चौघेरा, दाङसमेत*

निवेदकले बाबु मोही भएको र आफूले पनि मोहीकै हैसियतमा जग्गा कमाई आएको भनि दाबी लिए पनि निजको बाबुले मोहीको हैसियतले कमाएको भन्ने कुराको प्रमाण पेस गर्न सकेको देखिँदैन । अर्कोतर्फ २०६६ सालदेखि मोही नामसारी भएको भने पनि सो अघिदेखिको कुत बुझाएको देखिने प्रमाण पनि पेस गर्न सकेको देखिँदैन । यदि कुत बुझिलिन यी विपक्षीले इन्कार गरेको भए त्यसकै साधिकार निकायमा आफू मोही भएको प्रमाणसहित कुतबाली धरौटी राखि त्यसको निस्सा लिनुपर्नेमा सो गरेको पनि देखिँदैन । भूमिसम्बन्धी ऐन, २०२१ को दफा ३६ ले मोहीको हैसियतले कमाएको जग्गाको जग्गाधनीले कुत बुझिलिन इन्कार गरेमा सम्बन्धित गाउँ विकास समिति वा नगरपालिका वा मालपोत कार्यालय वा भूमि प्रशासन कार्यालयमा धरौट राख्न सक्नेमा त्यसरी कुत बुझाउन जाँदा इन्कार गरेमा सोहीबमोजिमको उपचारको मार्ग अवलम्बन गर्नु पर्नेमा सो गरेको पनि देखिँदैन । यी निवेदको बाबु मोही रहेको भए निजले र निजको मृत्युपछि यी निवेदकले सालबसाली कुत बुझाई आफ्नो मोही हकको निरन्तरता दिन सक्नु पर्नेमा त्यस्तो निरन्तरता दिन सकेको पनि देखिएन । मिसिल संलग्न उक्त जग्गाको फिल्डबुक उतारको मोही महलमा पनि मोही महल खाली भै यी निवेदक वा निजका बाबु कसैको पनि नाम उल्लेख भएको पाइँदैन । यसरी जग्गावाला विपक्षी मठले २०६८ सालदेखिको बाली नबुझेको भने पनि सोभन्दा अघिदेखि कुतबाली बुझाएको निरन्तरता देखिने प्रमाण पेस हुन नआई दाबीको जग्गाको मोहीको निरन्तरता देखिन नआएको अवस्थामा गुठी अधिनस्थ उक्त जग्गाको कुतबाली बुझि मोही हक छुट्याउनु भनि आदेश जारी गर्नु न्यायोचित नहुने मात्र नभई भूमिसम्बन्धी प्रचलित कानूनकै विपरीत हुन्छ । कुतबाली बुझाउने कार्य गुठीमा नै नगई कानूनी आधारविहीन पर्न आएको प्रस्तुत निवेदनबाट गुठीको हकलाई असर पर्नेगरि

आदेश जारी हुन सक्ने नदेखिँदा प्रस्तुत निवेदन खारेज हुने।

इजलास अधिकृतः उमानाथ गौतम

कम्प्युटर: विष्णुदेवी श्रेष्ठ

इति संवत् २०७१ साल फागुन २० गते रोज ४ शुभम्।

६

**मा.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री चोलेन्द्र शमशेर ज.ब.रा.,** ०६८-WO-०८७७, उत्प्रेषण/परमादेश, *सन्तोषकुमार टिवडेवालासमेत वि. साबिकमा नेपाल मर्चेन्ट बैंकिङ एण्ड फाइनान्स लिमिटेड भई हाल एन.एम.बि. बैंक लिमिटेड, काठमाडौं जिल्ला काठमाडौं महानगरपालिका वडा नं. ११, एन.एम.बि. भवन, बबरमहलसमेत*

आफूहरू समेत पाँच जनाले दिएको जमानतको दायित्वमध्ये आफ्नो दायित्वबापत यी निवेदकहरू सन्तोषकुमार टिवडेवाला र अरूणा देवी टिवडेवालाले नेपाल डेभलपमेन्ट बैंक लिमिटेडबाट बैंक ग्यारेन्टी जारी गराएको र विपक्षी साबिक नेपाल मर्चेन्ट बैंकिङ एण्ड फाइनान्स लिमिटेड हाल एन.एम.बि.बैंक लिमिटेडले उक्त बैंक ग्यारेन्टी स्वीकार गरि निवेदकहरूले दिएको बैंक ग्यारेन्टीको रकम उपभोग गरिसकेको अवस्थामा निवेदकहरू समेतलाई विपक्षी बनाई मुद्दा दायर गरेको भन्ने आधारमा मात्र एग्रो नेपाल लि. (इन लिक्विडेसन) को चल अचल जायजेथाबाट असुल हुन नसकेको नेपाल मर्चेन्ट बैंकिङ एन्ड फाइनान्स लि.को लेना बाँकी रकम निवेदकहरू समेतको चल अचल जायजेथाबाट भराउने ठहऱ्याई ऋण असुली न्यायाधिकरण काठमाडौंबाट मिति २०६७।१२।१६ मा भएको निर्णय र उक्त निर्णयलाई सदर गर्ने गरि ऋण असुली पुनरावेदन न्यायाधिकरणबाट मिति २०६८।९।२० मा भएको निर्णय यी निवेदकहरूको हकमा सम्म मिलेको देखिएन । बाँकी ऋण निवेदकहरू सन्तोषकुमार टिवडेवाला र अरूणा देवी टिवडेवाला बाहेकका अन्य जो जसबाट असुल गर्नुपर्ने हो कानूनको प्रक्रिया पुरा गरि विपक्षी साबिक नेपाल मर्चेन्ट बैंकिग एण्ड फाइनान्स लिमिटेड हाल एन.एम.बि. बैंक लिमिटेडले असुल गर्नसक्ने नै देखिँदा अन्य ऋणीका हकमा प्रस्तुत निवेदनबाट बोल्न नमिल्ने हुँदा एक पटक तिरी बुझाइसकेको रकमको हकमा पुनः रकम बुझाउने गरि भएको ऋण असुली न्यायाधिकरणको मिति २०६७।१२।१६ को निर्णय र उक्त निर्णयलाई सदर गर्ने गरि ऋण असुली पुनरावेदन न्यायाधिकरणबाट मिति २०६८।९।२० मा भएको निर्णय यी निवेदकहरू सन्तोषकुमार टिवडेवाला र अरूणादेवी टिवडेवालाको हकमा सम्म उत्प्रेषणको आदेशद्वारा बदर हुने।

इजलास अधिकृतः कृष्णप्रसाद पौडेल

कम्प्युटर: विष्णुदेवी श्रेष्ठ

इति संवत् २०७२ साल असार ७ गते रोज २ शुभम्।

७

**मा. न्या. श्री गोपाल पराजुली र मा. न्या. श्री जगदीश शर्मा पौडेल,** ०७१-CI-०२१९, परमादेश, काठमाडौं उपत्यका विकास प्राधिकरणका नायब विकास आयुक्त डा. भाईकाजी तिवारी वि. लक्ष्मी महर्जन (देवकोटा)

रिट निवेदिकाको हक भोगको जग्गा ६ मिटर चौडाइको G.L.D. बाटोको लागि अधिग्रहण गरिएको भन्ने कुरा पुनरावेदक काठमाडौं उपत्यका नगर विकास प्राधिकरणको लिखित जवाफ एवम् काठमाडौं उपत्यका नगर विकास योजना कार्यान्वयन समितिको उक्त मिति २०६७।११।१ को पत्रबाट देखिन्छ । तर यी निवेदिकाले कानूनबमोजिम प्राप्त गर्नुपर्ने क्षतिपूर्तिबापतको मुआब्जा प्राप्त गरेको देखिँदैन । G.L.D. बाटोको लागि अधिग्रहण गरिएको जग्गाको मुआब्जा दिने दिलाउने दायित्व बहन गर्ने तत्कालीन काठमाडौं उपत्यका नगर विकास योजना कार्यान्वयन समितिको जिम्मेवारी हाल

पुनरावेदक विपक्षी काठमाडौं उपत्यका विकास प्राधिकरणको दायित्व अन्तर्गत सरेको अवस्थामा आफ्नो कार्यक्षेत्रभित्रको विषय नभएको भनि दायित्व बहन गर्नबाट यी विपक्षीले पन्छिन पाउने अवस्था देखिएन । तसर्थ निवेदकको के कति जग्गा बाटोमा परेको छ यकिन गरि उचित मुआब्जा दिन र दिलाउनका लागि विपक्षी मध्येको पुनरावेदक काठमाडौं उपत्यका विकास प्राधिकरण काठमाडौंको नाममा परमादेशको आदेश जारी हुने ठहर्‍याएको पुनरावेदन अदालत, पाटनको फैसलालाई अन्यथा भन्न मिल्ने देखिँदैन । निवेदकले G.L.D. बाटोमा परेको जग्गाको क्षतिपूर्ति माग गर्न मिल्ने होइन भन्ने समेतको विपक्षीको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने ।

मिसिल संलग्न आधार प्रमाणको विवेचना गरि निवेदकको नामको कि.नं. ३८८, २३० र २३२ को जग्गामध्ये के कति जग्गा बाटोमा परेको छ, यकिन गरि उचित मुआब्जा दिन र दिलाउनको लागि विपक्षीमध्येको काठमाडौं उपत्यका विकास प्राधिकरण काठमाडौंका नाममा परमादेशको आदेश जारी हुने ठहर्‍याएको पुनरावेदन अदालत, पाटनको मिति २०७०।६।९ को फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृतः तारादत्त बडू

कम्प्युटर: विदुषी रायमाझी

इति संवत् २०७२ साल भदौ ३ गते रोज ५ शुभम् ।

## इजलास नं. ६

१

**मा.न्या.श्री दीपकराज जोशी र मा.न्या.श्री गोविन्दकुमार उपाध्याय,** ०६८-CR-०६०१, जबरजस्ती करणी, *गोपाल परियार वि. नेपाल सरकार*

जाहेरवालीले दिएको जाहेरीमा यी पुनरावेदक प्रतिवादीले ७ वर्षकी नाबालक पीडितलाई घरमा लगि जबरजस्ती करणी गरेको हो भनि खुलाएको तथा पीडितको कागजबाट समेत प्रतिवादीले जबरजस्ती करणी गरेको हो भन्ने खुल्न आएको अवस्था देखिन्छ । पीडितको शारीरिक परीक्षणबाट Hymen ruptured (fresh ruptured) भन्ने तथा लुगा (Trouser) मा रगतको दाग लागेको (blood stained) भन्ने समेत देखिएको अवस्था छ । प्रतिवादीले अधिकार प्राप्त अधिकारीसमक्ष गरेको बयानमा पीडितलाई आफूले जबरजस्ती करणी गरेको हो भन्ने कुरा स्वीकार गरि बयान गरेको तथा बुझिएका व्यक्तिहरूले समेत यी प्रतिवादीले जबरजस्ती करणी गरेका हुन् भनि लेखाइदिएको अवस्था देखिँदा अदालतमा प्रतिवादीले बयान गर्दा इन्कार भै बयान गरि आफूलाई झुट्टा फसाएको हो भनि भने तापनि नाबालक पीडित तथा जाहेरवाली समेतले किटानी जाहेरी र कागज गर्नुको ठोस कारण भन्न सकेको अवस्था पनि छैन । पीडितको जबरजस्ती करणी भएकै हो भन्ने कुरा शारीरिक परीक्षण प्रतिवेदनबाट देखिइरहेको र जाहेरवाली तथा पीडितले अदालतमा आई बकपत्र गर्दासमेत यी प्रतिवादीले जबरजस्ती करणी गरेका हुन् भनि लेखाई दिएको समेतका उल्लिखित कागज प्रमाणहरूबाट यी पुनरावेदक प्रतिवादीले नै पीडितलाई जबरजस्ती करणी गरेको हो भन्ने स्पष्ट पुष्टि भै रहेको अवस्था देखिएकोमा प्रतिवादीले अदालतमा आफू इन्कार रहँदा उल्लेख नगरेको कुरालाई पछि पुनरावेदनमा थपि लेखेको कुराले प्रतिवादीको निर्दोषिताको पुष्ट्याइँ गर्न सक्तैन तसर्थ पुनरावेदन अदालत विराटनगरबाट प्रतिवादीउपरको कसुर ठहर गरि सजाय कायम गरि पीडितलाई क्षतिपूर्ति भराउने गरि भएको मिति २०६७।९।१८ को फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृतः सुमनकुमार न्यौपाने

कम्प्युटर: रानु पौडेल

इति संवत् २०७२ साल पुस २२ गते रोज ४ शुभम् ।

२

**मा.न्या.श्री दीपकराज जोशी र मा.न्या.श्री गोविन्दकुमार उपाध्याय,** ०६८-CR-०६०३, अपहरण, *ललितादेवी यादव वि. नेपाल सरकार*

मिति २०६५।२।२१ मा भएको घटनास्थल मुचुल्काबाट जाहेरवालाको घरबाट ४ महिनाको नाबालक छोरालाई अपहरण गरि लगेको भन्ने देखिएको र जाहेरवालाले दिएको जाहेरीमा तथा बुझिएका व्यक्तिहरू समेतले तत्काल कागज गर्दा यी पुनरावेदक प्रतिवादीले अपहरण गरि लगेको हो भनि खुलाएको देखिन्छ भने प्रतिवादीले अधिकार प्राप्त अधिकारीसमक्ष बयान गर्दासमेत आफ्नो छोरा नभएको कारण पतिको दबाब रहेको र सोही कारणले जाहेरवालाको छोरालाई अपहरण गरि लगेको भनि स्वीकार गरेको देखिन्छ । अदालतमा आई बयान गर्दा आफूले अपहरण गरि लगेको होइन मामा घरका व्यक्ति उमेश यादवले एकछिन राखिदिनु भनि दिएकोले बच्चा लिई राखेको थिएँ भनि अपहरित बालक आफ्नो साथमा रहेको स्वीकार गरि बयान गरेको अवस्था देखिन्छ । नेपालबाट अपहरण भएको बालक भारतमा आफ्नो साथमा रहने ठोस कारणसमेत प्रतिवादीले साक्षीहरूद्वारा समर्थित गराई प्रस्तुत गर्न सकेको छैन । ४ महिनाका नाबालक त्यसप्रकार अन्यत्र पुग्नुलाई स्वाभाविक मान्न सकिने अवस्था समेत नभएको अवस्थामा प्रतिवादीको इन्कारीलाई विश्वासलायक मान्न सकिने स्थिति समेत देखिँदैन । यस्तो अवस्थामा पुनरावेदक प्रतिवादीलाई कसुरदार ठहर गरि जिल्ला अदालतको फैसला केही उल्टी हुने गरि भएको पुनरावेदन अदालत, जनकपुरको मिति २०६७।११।२५ को फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृतः सुमनकुमार न्यौपाने

कम्प्युटर: रानु पौडेल

इति संवत् २०७२ साल पुस २२ गते रोज ४ शुभम् ।

## इजलास नं. ७

१

**मा.न्या.श्री गोविन्दकुमार उपाध्याय र मा.न्या. श्री ओमप्रकाश मिश्र,** ०७२-WH-००३५, बन्दीप्रत्यक्षीकरण, *सरस्वती भण्डारी (पुडासैनी) वि. कारागार कार्यालय, डिल्लीबजार, काठमाडौंसमेत*

नागरिकता प्रमाणपत्रको उक्त वतन जन्म, मृत्यु तथा अन्य व्यक्तिगत घटना (दर्ता गर्ने) ऐन, २०३३ वा स्थानीय स्वायत्त शासन ऐन, २०५५ वा नागरिकता ऐन लगायतका त्यस्तै अन्य ऐन नियमबमोजिमको प्रमाणित लिखत र कामकारवाहीबाट परिवर्तन नभएसम्म गा.वि.स.को एकतर्फी सिफारिसको कुनै अर्थ छैन । यो अदालतले सिफारिस होइन कानूनबमोजिमको लिखत प्रमाणको अभिलेख खोज्छ । बालुवा गा.वि.स. वडा नं ६ मा रहेको निवेदकको घर यथावतै रहेको अवस्थामा सो बाहेक कदाचित निवेदकको अन्यत्र पनि वतन रहेको देखिँदैमा पुख्यौंली थलोको वतन अमान्य हुने भन्न नमिल्ने ।

म्याद तामेल गर्न अदालतको तामेलदार सम्बन्धित वतनमा गएको समयमा गा.वि.स. सचिव फेला नपरेमा के तामेलदार फर्केर आउने गम्भीर प्रश्न छ । मुद्दाको प्रशस्त चाप रहेको समयमा एउटै कामको लागि अदालत र अदालतको कर्मचारीले पटकपटक श्रम समय र जनताको धनको खर्च गर्नु र ढिलो न्याय अन्याय भन्ने न्यायको मान्य सिद्धान्तलाई अनदेखा गरि फर्कि आउनु झन् अन्यायपूर्ण हुने ।

विवादित म्याद तामेली हुँदा गा.वि.स.हरूमा निर्वाचित वा मनोनित गा.वि.स. अध्यक्षलगायत सदस्यसमेतका पदाधिकारी कायम देखिँदैनन् । गा.वि.स.का अध्यक्ष र सदस्यहरू कायम रहेका अवस्थामा तहसिलदारको काम निक्कै सहज

हुन्छ। उसले सहज रूपमा सम्बन्धित पदाधिकारी फेला पारि म्याद तामेल गर्न सक्छ । तर ती कायम नरहेका अवस्थामा सचिवउपर अत्यधिक कामको भार बढ्ने र निज भेट नहुने अवस्था प्रायः आइरहन्छ । सचिव भनेको गा.वि.स.को प्रशासकीयदेखि सबै काम गर्ने पदाधिकारी हो । उसको एउटा मात्रै काम हुँदैन । यस स्थितिमा सचिव भेट नभए तामेलदार फर्कि आउनु पर्ने भनि भन्दा कानूनको भूमिका र कार्य न्यायको सहयोगी नभई न्यायको विरोधी हुन पुग्छ । म्याद तामेली नै अवरूद्ध हुने गरि अ.बं. ११० नं को म्याद तामेलीलाई सतही र प्राविधिक हिसाबले मात्र हेर्नु उपयुक्त नहुने। त्यसरी हेर्दा अन्याय र अव्यवस्थाले झन् बढावा पाउने ।

रिटमा २०४२।२।१० मा भएको म्याद तामेलीको प्रश्न उपस्थित थियो । त्यसपछि यस सम्बन्धमा अ.बं. ११० नं मा २०४७ मा संशोधन भई ...त्यसरी गाउँ विकास समिति वा नगरपालिकालाई नबुझाइएको वा नटाँसिएको कारणबाटै सम्बन्धित व्यक्तिको घरदैलामा रितपूर्वक टाँसिएको म्याद बेरीत भएको मानिने छैन भनि स्पष्ट व्यवस्था गरेको देखिन्छ। रिट उपचार समन्यायको उपचार हो। यसमा न्याय प्रदान गर्ने प्रमुख उद्देश्य रहन्छ। यसैले यसलाई तजबिजी उपचार पनि भनिन्छ । यसमा अदालतले कानून र त्यसको त्रुटि मात्र भन्ने एकमात्र आधारबाट उपचार दिँदैन । त्यसबाट पक्षलाई मूलभूतरूपमा अन्याय परेको छ छैन सो पनि हेर्छ। त्यसैले यो मार्गमा प्रवेश गर्नेले स्वच्छ र सफा हात लिई अदालतमा प्रवेश गर्नुपर्छ । कानून संशोधनभईसकेको अवस्थामा सोभन्दा पहिले बनेको नजिरलाई उद्धृत गरि निवेदकले यस अदालतलाई गुमराहमा पार्ने काम गर्नु भएको छ। रिट खारेज गर्नका लागि यो आधार नै पर्याप्त हुने।

निवेदकउपर दायर मुद्दामा रितपूर्वककै वतनमा म्याद तामेल भएको देखिँदा रिट निवेदकको निवेदन जिकिरसँग सहमत हुन सकिएन । कानूनसम्मत तवरबाट काम कारवाही र फैसलासमेत भएको र निवेदकको संविधानप्रदत्त मौलिक हकमा आघात पुगेको नपाइएको देखिँदा प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृत : गेहेन्द्रराज रेग्मी

कम्प्युटर : चन्द्रा तिमल्सेना

इति संवत् २०७२ साल मङ्सिर २४ गते रोज ५ शुभम्।

२

**मा.न्या.श्री गोविन्दकुमार उपाध्याय र मा.न्या. श्री ओमप्रकाश मिश्र,** ०६७-CI-१६१५, खिचोला छोडाई हक कायम चलन, *वली देवान फकिर वि. नसरोदिन मिया अन्सारी*

सुरू जिल्ला अदालतले जग्गा आवाद धनहर रहेको र वादीले तिरो तिरेको भनि लिएको आधार जग्गा दर्ता हुने कानूनबमोजिमको आधार देखिँदैन । जग्गा हात पार्नका लागि कसैले ऐलानी जग्गा जोत कमोद गरि बाली लगाएको र गा.वि.स.मा पोत बुझाएको भरमा जग्गाको स्वामित्व निर्धारण गर्न नमिल्ने।

फिल्डबुक भनेको जग्गा नापजाँच ऐन, २०१९ अन्तर्गतको लिखत प्रमाण हो। विवादित जग्गाको पोत वादीका पितापुर्खाबाट तिरेको प्रमाण आउन सकेको छैन । विवादित जग्गामा के कहिले नदी पसेको र के कहिले नदीले छाडि उकास भएको सो कुरालाई पनि वादीले स्पष्ट भन्न सकेको अवस्था छैन। यसै सन्दर्भमा पुनरावेदन अदालतले "विवादित कि.नं. ४२, ४३ को जग्गा छुट दर्ता गरिपाउँ भनि प्रत्यर्थी वादी वली देवान तथा पुनरावेदकहरू नसरोदिन मियाँ र सगिर मियाँ अन्सारीले दिएको निवेदनमा उक्त जग्गा साबिक कि.नं. २७९ को जग्गा भै नदी भनि उल्लेख भएको र गाउँ विकास समितिको कार्यालय पटेर्वा सुगौलीले दर्ता रोक्काको लागि पटक पटक सिफारिस समेत गरेको देखिँदा त्यस्तो प्रकृतिको जग्गा दर्ता गर्न नमिल्ने

भएकोले निवेदनसहितको मिसिल तामेलीमा राखि दिने भनि १ नं नापी गोश्वाराबाट मिति २०६२।८।२१ मा निर्णय भएको देखिन्छ भने उक्त निर्णयलाई यी पुनरावेदकहरूले स्वीकार गरि बसेबाट अन्तिम भैरहेको देखिन्छ ।" भनि उल्लेख गरेको व्यहोराबाट विवादित जग्गा दर्ताको प्रक्रियामा वादी असफल रहेको अवस्था छ । उक्त फैसला आफ्नो ठाउँमा यथावत् रहेसम्म त्यसविपरीत जान मिल्ने हुँदैन । यी सब प्रमाण र अवस्थाको रोहमा पुनरावेदन अदालत, हेटौंडाको मिति २०६७।१२।२० को फैसलालाई त्रुटिपूर्ण भन्न नमिल्ने हुँदा उक्त फैसला सदर हुने ठहर्छ । पुनरावेदक वादीको पुनरावेदन जिकिर पुग्न नसक्ने ।

इजलास अधिकृत: इन्द्रकुमार खड्का

कम्प्युटर: चन्द्रा तिमल्सेना

इति संवत् २०७२ साल मङ्सिर २९ गते रोज ३ शुभम् ।

३

**मा.न्या.श्री गोविन्दकुमार उपाध्याय र मा.न्या.श्री जगदीश शर्मा पौडेल,** ०७०-CR-०७१४, ०५९३, कर्तव्य ज्यान, *श्यामबहादुर थापा वि. नेपाल सरकार, बलीकुमारी थापा वि. नेपाल सरकार*

प्रतिवादीहरू विरूद्ध अनुसन्धान गर्ने अधिकारीले जबरजस्ती गर्ने कुनै आधारयुक्त कारण प्रतिवादीहरूबाट आउन सकेको छैन । प्रमाण ऐन, २०३१ को दफा ९(१) बमोजिम प्रतिवादीहरूको मौकाको बयान निजहरू विरूद्ध प्रमाण लाग्ने हुन्छ । उक्त बयान प्रमाण नलाग्नका लागि उक्त दफाको उपदफा (२) मा उल्लेख भएका डरत्रास लगायतका अवस्थाहरू विद्यमान रहेकोतर्फ प्रतिवादीहरूले म्याद थप गर्दाको समयमा जिकिर लिनु पर्नेमा सो लिन सकेका देखिँदैन । अपराधबाट बाँच्ने बचाउने उद्देश्यबाट इन्कारीलाई आधार बनाई कसुरदारलाई उन्मुक्ति दिने गरि फौजदारी न्याय सम्पादन गर्नु भनेको पीडित न्यायशास्त्रविपरीत हुन्छ । प्रतिवादी वलीकुमारी प्रतिवादी श्यामबहादुरको आमा भएकीले छोरालाई बचाउने कारणबाट निजले पुरै आपराधिक दायित्व आफूमा लिने सम्भावना प्रचुर रहने ।

मौकाको बयान स्वेच्छाको नभएको र वारदातमा वलीकुमारी मात्र संलग्न रहेकी, निजको हकमा जबरजस्ती करणीको ८ नं को अवस्था विद्यमान रहेको भन्ने प्रतिवादीहरूको पुनरावेदन जिकिरसँग सहमत हुन सकिएन । प्रतिवादीहरूको मौकाको साबितीअनुरूपको तथ्य रहेको यो वारदातमा प्रतिवादीहरूले पुनरावेदनपत्रमा उल्लेख गरेका बेग्लै तथ्यका नजिरहरू आकर्षित हुनसक्ने नहुने ।

प्रतिवादीहरूलाई अभियोग दाबीबमोजिम मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १३(३) नं बमोजिम जन्मकैद गरेको पुनरावेदन अदालत, बुटवलको फैसला मिलेको देखिँदा उक्त फैसला सदर हुने ठहर्छ । उक्त फैसला उल्टी गरि अभियोगदाबीबाट सफाइ पाउँ भन्ने प्रतिवादीहरूको पुनरावेदन जिकिर पुग्न नसक्ने ।

मृतक मरेको कारणले प्रतिवादी श्याम थापाको कार्य गैरकानूनी हुनु एउटा कुरा हो तर मृतक बाँचेको भए समाजले प्र. श्याम थापालाई होइन मृतक र प्र.वलीकुमारीलाई दुरदुर गर्थे । मृतकउपर घातक हतियारको प्रयोग भएको अवस्था छैन । भाग्न लागेको मृतकलाई इँटा हानिएको र सो इँटा निजलाई लागेको अवस्था छ । रातको समयमा घटेको यस्तो घटनामा के कसरी हान्दा कुन ठाउँमा कति चोट लाग्ने हो यो कुरा विचार गरेर गर्ने कुरा हुँदैन । वारदात भवितव्यको देखिन नआउने ।

मृतकको मृत्यु हुनुपूर्व प्रतिवादी श्याम थापाले नै मृतकलाई निजको घरमा पुर्‍याएको र सबै कुरा सत्य साँचो भनि उपचारमा सहयोग गरेको अवस्थासमेत विद्यमान भएबाट यसमा सोही अ.बं. १८८ नं. मा

उल्लेख भएको *वा अपराध गरेको अवस्था विचार गर्दा कसुरदारलाई ऐनबमोजिमको सजाय दिँदा चर्को हुने भई* आकर्षित हुने अवस्था पनि रहेको देखिन्छ । तसर्थ प्रतिवादीहरूलाई जनही ७ वर्ष कैद हुने राय व्यक्त गरेको पुनरावेदन अदालत, बुटवलको राय मिलेकै देखिँदा उक्त राय पनि सदर हुने ।

इजलास अधिकृत : इन्द्रकुमार खड्का

कम्प्युटर : चन्द्रा तिमल्सेना

इति संवत् २०७२ साल मङ्सिर ७ गते रोज २ शुभम् ।

४

**मा.न्या.श्री गोविन्दकुमार उपाध्याय र मा.न्या.श्री जगदीश शर्मा पौडेल,** ०७०-CR-१२१०, कर्तव्य ज्यान, *लाक्पा देकी (शेर्पा) वि. नेपाल सरकार*

मौकाको कागज रिसको झोंकमा लेखाएकी भन्ने निज ठूलीमायाको जिकिरको हकमा कोसँग कुन कुरामा रिस उठ्यो सो खुल्दैन । मृतककै कारणले तेल खसेको भए मृतकसँग पो रिस उठ्नु पर्थ्यो । त्यस्तो अवस्थामा प्रतिवादी विरूद्ध कागज किन गर्न पर्‍यो विचारणीय छ । साक्षी ठूलीमायाको कागज घटनाक्रमसँग सिलसिलाबद्धरूपमा आबद्ध छ जबकि निजको बकपत्र घटनाक्रमसँग बिलकुल मेल खाँदैन । यस अवस्थामा सुरू र पुनरावेदन अदालतले झैं यस अदालतले पनि निजको बकपत्रलाई अविश्वसनीय मान्नुपर्ने ।

मिसिलका सब वस्तुस्थितिले प्रतिवादी विरूद्धको अभियोग दाबीलाई प्रमाणित गरेको र सो प्रमाणहरू असङ्गत रहेको भनि प्रतिवादीले प्रतिप्रमाण गुजार्न सकेको नदेखिएकोले पुनरावेदन अदालत, पाटनसमेतको फैसला उल्टी गरि सफाइ पाउँ भन्ने प्रतिवादीको पुनरावेदन जिकिरसँग सहमत हुन सकिएन । प्रतिवादीलाई अभियोग दाबीबमोजिम मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १३(३) नं बमोजिम सर्वस्वसहित जन्मकैदको सजाय हुने ठहर्‍याएको सुरू फैसला सदर गरेको पुनरावेदन अदालत, पाटनको मिति २०७०।८।१८ को फैसला मिलेकै देखिँदा सदर हुने ।

घटनाको अवस्था, परिस्थिति तथा पूर्वरिसइवी नभएको समेतका आधार प्रमाणबाट यी प्रतिवादीलाई कैद वर्ष ७ मात्र हुने ठहर्छ भन्ने सुरू र पुनरावेदन अदालतले मुलुकी ऐन, अ.बं. १८८ नं. बमोजिम व्यक्त गरेको रायको सवाल मुलुकी ऐन, अ.बं. १८८ नं. आकर्षित हुनुपर्छ भन्ने प्रतिवादीले वारदात घट्ने एक वा महत्त्वपूर्ण कारण मृतकको व्यवहार भएको कुराको पुष्टि गर्नु अनिवार्य हुन्छ । वारदात घट्नुमा मृतकको गल्ती र पीडित त्यसबाट निर्णायक हिसाबले प्रभावित भएको पनि देखिनै पर्छ । मृतकको गल्ती र प्रतिवादीको प्रतिक्रियाबिच सन्तुलन मिल्नु पनि आवश्यक हुन्छ । पति पत्नीका बिचमा घरायसी कुरामा सोधपुछ र विवाद हुने काम कुरा सामान्य व्यवहारभित्र पर्ने ।

मृतकले प्रतिवादीलाई कुटपिट आदि गरि हेरविचार नगरेको र प्रतिवादीले सबैथोक सहेर बसेकी देखिँदैन । यिनी अलग्ग फ्ल्याट लिएर बसेकी छिन् । विवादको क्रममा यिनले पनि मृतक श्रीमान्लाई कुटेकी छिन् । कुरा बराबरीमा थियो । प्रतिवादीबाट मृतकउपर छलपूर्वक तातो तेल खन्याउने काम हुनु भनेको धोखा हो । आपराधिक मनसाय हो । तातो तेलले जिउ पोलेपछिको पीडाको वर्णन शब्दबाट हुँदैन । यो भनेको निक्कै यातनापूर्ण मृत्यु हो । त्यसपछि पनि प्रतिवादीले मृतकलाई कुनै हेरविचार गरेकी देखिँदैन । अन्तिम समयसम्म मृतकलाई आफूले तातो तेल खन्याएकी होइन आफैँ पोखिएको हो भनि अदालतलाई ढाँट्ने काम भएको छ । के आधारमा राय लगाउने ? अतः प्रतिवादीलाई कैद वर्ष ७ हुने भनि पुनरावेदन अदालत,

पाटनसमेतले व्यक्त गरेको रायसँग सहमत हुन नसकिने ।

इजलास अधिकृतः इन्द्रकुमार खड्का

कम्प्युटरः रानु पौडेल

इति संवत् २०७२ साल मङ्सिर ७ गते रोज २ शुभम् ।

**इजलास नं. ८**

१

**मा.न्या.श्री ओमप्रकाश मिश्र र मा.न्या.श्री चोलेन्द्र शमशेर ज.ब.रा.,** ०६९-CR-००८८, कर्तव्य ज्यान, *पूजा वलीसमेत वि. नेपाल सरकार*

पुनरावेदक प्रतिवादीहरू पूजा वली र दीपेन्द्र खड्काले नै कर्तव्य गरि मारेकोमा निज प्रतिवादीहरू अधिकारप्राप्त अधिकारी तथा अदालतसमक्ष साबित रहेका र निजहरूको साबितीलाई वादीका साक्षीहरूको बकपत्रलगायत वारदातमा प्रयोग गरेका खुकुरीसमेतका बरामदी दसीसमेतबाट पुष्टि गरिरहेको देखिँदा मृतक प्रेमबहादुरको मृत्यु यिनै प्रतिवादीहरूको कर्तव्यबाट भएको भन्ने कुरामा पनि विवाद देखिएन । जहाँसम्म मृतकले हामी प्रतिवादीहरूलाई मार्नका लागि मानिसहरू बोलाएको छु तिमीहरू दुवैलाई मार्छु भनेको कारण आत्मरक्षाको लागि निजको हत्या गरेको भन्ने जिकिरको सम्बन्धमा विचार गर्दा मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको ७(१) नं. मा *"कसैले हात हतियार लिई वा नलिई आफ्नो ज्यान लिनासम्मको जोरजुलुम गर्न लागेकोमा त्यस्तालाई पक्राउ गर्न वा गुहार मद्दत माग्न नसकिने वा मागे पनि बखतमा मद्दत पुग्न नसक्ने वा त्यस्ताको पञ्जाबाट भागी उम्की आफ्नो ज्यान बचाउनसमेत फुर्सत नपाउने अवस्थामा आफूले केही नगरे आफ्नो ज्यान रहँदैन भन्ने पुरा विश्वास भै ज्यान बचाउनका खातिर उसै मौकामा केही गर्दा सो जुलुमीको ज्यान मरेको"* हुनुपर्ने भन्ने उल्लेख भएको पाइन्छ । उक्त कानूनी व्यवस्थाअनुसार आत्मरक्षाको स्थिति हुनका लागि भागेर ज्यान बचाउन सक्ने अवस्था नभएको वा हारगुहार मद्दत माग्न नसकिने वा बखतमा मद्दत पाउन नसक्ने अवस्था हुनुपर्ने देखिन्छ । प्रस्तुत मुद्दामा प्रतिवादीमध्येकी पूजा वलीलाई मृतकले तिमीहरूलाई मार्न मानिस बोलाएको र तिनीहरू आएपछि दुवैलाई मार्छु भनेको हुँदा आत्मरक्षाको लागि निजको हत्या गरेको भनि अदालतसमक्षको बयानमा खुलाएको पाइन्छ । तत्काल मृतकको हत्या नगरेको भए यी पुनरावेदक प्रतिवादीहरूको ज्यानै जानसक्ने अवस्था थियो भन्ने कुरालाई यी प्रतिवादीहरूले तथ्ययुक्त तवरबाट पुष्टि गर्न सकेको पनि पाइएन । मार्छु भन्ने धम्की दिएको भने पनि मार्नका लागि जोरजुलुम गरेको भन्नेसमेत नदेखिएको हुँदा भागेर ज्यान बचाउन सक्ने अवस्था नरहेको देखिन आएन । तर निज प्रतिवादी पूजा वली सो स्थानबाट भागि अन्यत्र नगई त्यहीँ बसि अर्का प्रतिवादी दीपेन्द्र खड्कालाई फोन गरि बोलाई दुवैजना मिली एक आपसमा सर सल्लाह गरि सोच विचारसहित मृतकलाई काटि मार्ने योजना बनाएअनुसार नै यी पुनरावेदक प्रतिवादीहरूले मध्य रातमा मृतक सुतिरहेको कोठामा प्रवेश गरि मृतकलाई धारिलो जोखिमी हतियार खुकुरीले प्रहार गरि मारेको देखिने ।

सजायमा कमि वा छुट पाउँ भनि कुनै प्रतिवादीले जिकिर लिएमा प्रमाण ऐन, २०३१ को दफा २७ अनुसार त्यस्तो कुराको जिकिर लिने प्रतिवादीले सो कुरा प्रमाणित गर्नु पर्ने गरि प्रमाणको भार निजमा नै हुने गरि व्यवस्था गरेको छ । सो कानूनी व्यवस्थाअनुसार यी प्रतिवादीहरूले मृतकलाई आत्मरक्षार्थ खुकुरी प्रहार गरेकोले सजायमा कमि पाउनु पर्छ भनि जिकिर लिए

पनि सो जिकिरलाई पुष्टि गर्ने ठोस र तथ्ययुक्त प्रमाण पेस गर्न सकेको देखिँदैन । मार्नु पर्नेसम्मको रिसइवी थिएन भन्ने जिकिर लिए पनि यी प्रतिवादीहरू बिच रहेको अनैतिक सम्बन्धको बारेमा मृतकले थाहा पाएको भन्ने कारणबाट नै यी पुनरावेदकहरूले मिली मृतकको हत्या गरेको भन्ने देखिएको अवस्थामा पूर्व रिसइवी थिएन भनि यी पुनरावेदक प्रतिवादीहरूको जिकिरलाई समर्थन गरेको नदेखिँदा सजायमा कमी हुनु पर्ने भनि लिएको जिकिरसँग सहमत हुन नसकिने हुँदा प्रतिवादीहरू पूजा वली र दीपेन्द्र खड्कालाई सर्वस्वसहित जन्मकैद ठहर गरि भएको सुरू फैसलालाई सदर गरि भएको पुनरावेदन अदालत, तुलसीपुरको मिति २०६९।१।१७ को फैसला मिलेको देखिँदा सदर हुने ठहर्छ । पुनरावेदकहरूको पुनरावेदन जिकिर पुग्न नसक्ने ।

इजलास अधिकृत: इन्दिरा शर्मा

कम्प्युटर : प्रेमबहादुर थापा

इति संवत् २०७२ साल पुस २८ गते रोज ३ शुभम् ।

२

**मा.न्या.श्री ओमप्रकाश मिश्र र मा.न्या.श्री चोलेन्द्र शमशेर ज.ब.रा.,** ०६८-CR-०७५३, कर्तव्य ज्यान, मेघनाथ खनाल *वि. नेपाल सरकार*

किटानी जाहेरी परेको र सो जाहेरीलाई समर्थन गरि जाहेरवाला तथा वस्तुस्थिति मुचुल्काका मानिसहरूले अदालतमा आई बकपत्र गरिदिएका छन् । यी पुनरावेदकले अधिकारप्राप्त अधिकारीसमक्ष तथा अदालतमा आई बयान गर्दा रातको समयमा श्रीमतीलाई सम्झाउँदा गाली गरि राँगा भनेकी हुँदा रिस उठी मुक्काले चिउँडोमा हानि पुनः प्लास्टिकको डोरी ल्याई पछाडिबाट घाँटीमा कसि मारेको र कर्तव्यबाट बच्नका लागि ग्वालीमा लगि झुन्ड्याएको हुँ भनि कसुर स्वीकार गरि बयान गरेको देखिन्छ । आफ्नै श्रीमतीलाई कर्तव्य गरि मारी कसुरबाट बच्नका लागि ग्वालीमा लगि झुन्ड्याएको देखिँदा निजको सो कसुर मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १ नं. र १३ (३) नं. विपरीतको कसुर हुँदा निजलाई अभियोग माग दाबीबमोजिम सर्वश्वसहित जन्म कैद गर्ने गरि भएको पुनरावेदन अदालत, इलामको मिति २०६८।१।४ को फैसला मिलेको देखिँदा सदर हुने ।

मृतकलाई मार्नु पर्ने पूर्वरिसईवी नभएको र मार्ने मनसायले मारेको नभई तत्काल उठेको रिस थाम्न नसकि गरेको कुटपिटसमेतको क्रियाकलापले मृत्यु हुन गएकोले १० वर्षमात्र सजाय गरिपाउँ भन्ने पुनरावेदकको पुनरावेदन जिकिरतर्फ हेर्दा यी पुनरावेदक र मृतक श्रीमान् श्रीमती भएकोमा विवाद देखिएन । मृतक श्रीमतीलाई घरायसी विषयमा सम्झाउन निजको कोठामा गएको अवस्थामा मृतकलाई मार्न पर्ने मनसाय तथा पूर्व रिसइवी नभए पनि मृतकले प्रतिवादीलाई राँगा भनि सम्बोधन गरि गाली गरेको कुरामा उठेको रिस थाम्न नसकि मुक्का प्रहार गरेको र मृतक रून थालेपछि डोरी ल्याई घाँटी कसि मारी आफैँ झुन्डिएको देखाउन झुन्ड्याएको देखियो । यसरी अपराधबाट बच्न तत्काल झुन्ड्याएको देखिए पनि पुनरावेदकले आफैँले कर्तव्य गरि मारेको भनि अधिकारप्राप्त अधिकारी र सुरू अदालतमा साबितै रहि कसुर स्वीकार गरि बयान दिई अपराध अनुसन्धान र अदालतलाई समेत सहयोग गरेको देखिएको साथै वारदातको प्रकृति र अवस्थासमेतलाई दृष्टिगत गर्दा यी प्रतिवादीलाई हदैसम्म सजाय गर्न न्यायसम्मत नभएकोले मुलुकी ऐन, अदालती बन्दोबस्तको १८८ नं. बमोजिम निजलाई कैद वर्ष १५ मात्र सजाय हुने ।

इजलास अधिकृत: इन्दिरा शर्मा

कम्प्युटर: प्रेमबहादुर थापा

इति संवत् २०७२ साल पुस २८ गते रोज ३ शुभम् ।

३

**मा.न्या.श्री ओम प्रकाश मिश्र र मा.न्या.श्री चोलेन्द्र शमशेर ज.ब.रा.,** ०६८-CR-०७८०, जबरजस्ती करणी, *राकेश राजवंशी वि. नेपाल सरकार*

पीडिता वर्ष ४ की नाबालिग रहेकोमा बयस्क मानिसको लिङ्ग निजको योनिमा प्रवेश गर्न सक्ने अवस्था नरहेकोले योनिमा घा खत रातोपना लगायत जबरजस्ती करणीको लक्षण देखिन सक्ने स्थिति नभएकोले त्यस्तो लक्षण नहुँदैमा नाबालिकासित जबरजस्ती करणी भएको होइन भन्ने निष्कर्षमा पुग्न मिल्ने देखिएन। कसुरमा इन्कार रहि बयान दिनुमात्र वस्तुनिष्ठ र ठोस प्रमाण हुन सक्दैन। सो बयानलाई पुष्टि र समर्थन गर्ने तथ्ययुक्त प्रमाण पेस हुन नसकेको अवस्थामा त्यस्तो बयानको आधारमा मात्र कसुरबाट छुट दिँदै जाने हो भने फौजदारी कानूनको उद्देश्य र मर्मको औचित्य नै समाप्त भएर जान्छ। तसर्थ यी पुनरावेदकलाई निर्दोष रहेछन् भन्न सक्ने नदेखिने।

जबरजस्ती करणी गरेको अवस्थामा के कस्तो सजाय हुन्छ भन्नेतर्फ हेर्दा मुलुकी ऐन, जबरजस्ती करणीको महलको ३ नं. को देहाय (१) मा *"दश वर्षभन्दा मुनिकी बालिका भए दशदेखि पन्ध्र वर्षसम्म कैद सजाय"* हुने भन्ने व्यवस्था रहेको र पीडिता ४ वर्षकी नाबालिका रहेकी हुँदा प्रस्तुत मुद्दामा यी पुनरावेदक प्रतिवादीलाई मुलुकी ऐन, जबरजस्ती करणीको महलको १ नं. को कसुरमा ऐ. महलको ३ (१) नं. बमोजिम दशवर्ष कैद सजाय हुने र पीडिताले प्रतिवादीबाट रू. १०,०००।– क्षतिपूर्तिसमेत भरी पाउने ठहर गरि भएको झापा जिल्ला अदालतको फैसलालाई सदर ठहर गरि भएको पुनरावेदन अदालत, इलामको मिति २०६८।३।२१ को फैसला मिलेको हुँदा सदर हुने।

इजलास अधिकृत: इन्दिरा शर्मा

इति संवत् २०७२ साल पुस २८ गते रोज ३ शुभम्।

## इजलास नं. ९

१

**मा.न्या.श्री देवेन्द्र गोपाल श्रेष्ठ र मा.न्या.श्री चोलेन्द्र शमशेर ज.ब.रा.,** ०६९-CR-०१८०, सरकारी छाप किर्ते, *नेपाल सरकार वि. पोषणराज न्यौपाने*

प्रतिवादी पोषणराज न्यौपाने दुर्घटनामा परि शारीरिक तथा मानसिक अवस्थासमेत कमजोर भएको सुरू जिल्ला अदालत दाङदेउखुरीको थुनछेक आदेशमा स्पष्ट उल्लेख भएको देखियो। प्रतिवादीले आरोपित कसुरमा पूर्ण इन्कार गर्दै तत्कालीन कार्यालय प्रमुख नारायणप्रसाद रेग्मीले कार्यालय बाहिर जाँदा काम चलाउन खालि चेकमा दस्तखत गरि जानुहुन्थ्यो, सोही दस्तखत भएको चेकमा आवश्यकतानुसार रकम लेखि चेक सटही गर्ने गरेको हो, दस्तखत किर्ते गरेको होइन भनि अदालतसमक्ष र अनुसन्धानको क्रममा समेत एउटै व्यहोराको बयान गरि स.ज.नं. ९ मा भुलचुकले तलब निकाल्दा बढि निस्केको रकम मैले नेपाल बैंक लिमिटेड, दाङमा सोही नापी कार्यालयको खातामा जम्मा गरिदिइसकेको र कार्यालयलाई कुनै हानि नोक्सानी नपुर्‍याएको भन्नेसमेतको बयानलाई बेरूजु औंल्याइएको रकम निज प्रतिवादीले नगद नै बैंक दाखिल गरि सकेकोले कोष तथा लेखा नियन्त्रण कार्यालय, दाङबाट आइन्दा अनियमित तरिकाले खर्च नगर्नु भनि निज प्रतिवादीलाई सचेत गराइएको अख्तियारको पत्रले समेत समर्थन गरिरहेको देखिँदा निज प्रतिवादीले भूलवश बढी निकालिएको बेरूजु रकम कार्यालयको खातामा जम्मा गरिसकेको भन्ने देखिँदा निजबाट कार्यालयको रकम हिनामिना भएको भन्न नमिल्ने।

विवादित चेकहरूमा भएको हस्ताक्षर जाँच गराँउदा विशेषज्ञबाट दस्तखतमा केही असमान्यता

रहेको राय व्यक्त गरेको देखिए तापनि जसको हस्ताक्षर किर्ते गरिएको भनिएको छ। निजलाई बुझेको नदेखिनुका साथै कार्यालय प्रमुख नारायण प्रसाद रेग्मीले आफ्नो दस्तखत सहिछाप किर्ते गरेको भनि उजुरी गरेको समेत नदेखिँदा आरोपित कसुरमा मुलुकी ऐन, किर्ते कागजको महलको ९ नं. बमोजिम बिगोको सयकडा २५ प्रतिशतले जरिवाना हुने ठहर्‍याएको दाङ देउखुरी जिल्ला अदालतको फैसला उल्टी गरि निज प्रतिवादी पोषणराज न्यौपानेलाई अभियोग माग दाबीबाट सफाइ पाउने ठहर्‍याएको पुनरावेदन अदालत, तुलसीपुर मिति २०६९।१।१५ को फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ। वादी नेपाल सरकारको पुनरावेदन जिकिर पुग्न नसक्ने।

इजलास अधिकृत: गीता श्रेष्ठ

कम्प्युटर: प्रेमबहादुर थापा

इति संवत् २०७२ साल असोज १३ गते रोज ४ शुभम्।

२

**मा.न्या.श्री देवेन्द्र गोपाल श्रेष्ठ र मा.न्या.श्री चोलेन्द्र शमशेर ज.ब.रा.,** ०६९-CR-०३१२, जबरजस्ती करणी, *नेपाल सरकार वि. बुद्धिबहादुर बस्नेत*

मुलुकी ऐन, जबरजस्ती करणीको महलको १ नं. अनुसार "कसैले कुनै महिलालाई निजको मन्जुरी नलिई करणी गरेमा वा सोह्र वर्षभन्दा कम उमेरको बालिकालाई निजको मन्जुरी लिई वा नलिई करणी गरेमा निजले जबरजस्ती करणी गरेको ठहर्छ" भनि व्यवस्था भएको देखिन्छ। प्रस्तुत मुद्दाको वारदात हेर्दा शारीरिक परीक्षण रिर्पोटले पीडिता ग-६ लाई जबरजस्ती करणी गरे नगरेको यकिनसाथ भन्न नसकिने, हाइमेन जाली नच्यातिएको भन्ने उल्लेख भएको तथा प्रतिवादी बुद्धिबहादुर बस्नेतले मौकामा अनुसन्धानको क्रममा अनुसन्धान अधिकारीसमक्ष र अदालतमा बयान गर्दासमेत कसुरमा पूर्ण इन्कारी रहनुका साथै पीडिता ग-६ ले मेरा साना बाबाले मेरो कट्टु तानी "सु" गर्ने स्थानमा दाहिने हात लगि वरपर हल्लाउनु भयो त्यस पछि म उठ्न खोज्दा साना बुबा बुद्धिबहादुर बस्नेतले मलाई काखमा राखि गालामा चुम्बा गर्नु भयो र त्यसपछि मलाई घर जा भनि बाहिर निकाली दिनुभयो भनि गरेको कागजलाई निजकै बकपत्रको स.ज.नं. ३ मा बुद्धिबहादुर बस्नेतले मलाई चकलेट खुवाएर सुताई मेरो "सु" गर्ने ठाउँमा उनको हातले चलाई दिएको र स.ज.नं. ४ मा अरू केही गरेनन् भनि समर्थन गरिरहेको अवस्थामा प्रतिवादी बुद्धिबहादुर बस्नेतले पीडिता ग-६ लाई जबरजस्ती करणी गरेको वादी दाबीसँग सहमत हुन सकिएन। अतः प्रतिवादीले जबरजस्ती करणी गरेको ठहराउनु पर्ने भन्ने वादीको दाबी नपुग्ने ठहर्‍याई जबरजस्ती करणीको उद्योग गरेको ठहर्‍याएको पुनरावेदन अदालत, इलामको मिति २०६९।३।६ को फैसला मिलेकै देखिँदा अन्यथा गर्नु परेन, सदर हुने ठहर्छ। पुनरावेदक वादी नेपाल सरकारको पुनरावेदन जिकिर पुग्न नसक्ने।

इजलास अधिकृत: गीता श्रेष्ठ

कम्प्युटर: प्रेमबहादुर थापा

इति संवत् २०७२ साल असोज १३ गते रोज ४ शुभम्।

## एकल इजलास

**मा.न्या.श्री गोविन्दकुमार उपाध्याय,** ०७२-WO-४०२, उत्प्रेषण, *डिल्लीकुमार योङहाङ वि. पदमप्रसाद योङहाङसमेत*

विचाराधीन मुद्दामा भएको आदेशको औचित्यमा पसि रिट क्षेत्रबाट यो मुद्दामा यस्तो भएको मिलेन भनि जाँचबुझ गर्दा साधारण र असाधारण अधिकारक्षेत्र बिचको फरक समाप्त हुन पुग्छ। मुद्दाको अन्तिम टुङ्गो लागेपछि रिटले केही अवस्थामा साधारण अधिकारक्षेत्रबाट भएका फैसलाको परीक्षण गर्न नसक्ने होइन यद्यपि त्यसका केही सीमा

हुन्छन् । तर प्रस्तुत रिटमा त्यसरी मुद्दाको टुङ्गो लागेको अवस्था छैन । मुद्दामा भएको अन्तर्कालीन आदेशलाई पछिबाट सोही जिल्ला अदालत वा पुनरावेदन अदालतले फैसलाको दौरानमा आवश्यक देखेमा सच्याउन सक्छ । निवेदन जिकिरबमोजिम उल्लिखित आदेश कानूनसम्मत रहे नरहेको भन्नेतर्फ अहिले यो रिटबाट प्रवेश गर्नु औचित्यको हिसाबले पनि ठिक हुँदैन । रिटले हात हाल्ना साथ मूल मुद्दाको कारवाही रोकिन जाने र मुद्दा अनावश्यक लम्बिन जानुका अतिरिक्त एउटै मुद्दामा साधारण र असाधारण समेतका दोहोरो अधिकारक्षेत्रको जन्म भै अनावश्यक द्वन्द्व उत्पन्न हुन पुग्छ । कानूनी उपचार अनिश्चित र लामो हुन पुग्छ । मुद्दामामिला गर्नेले सोझासाझालाई अलमलमा पार्ने दुष्परिणाम उत्पन्न हुन पुग्छ । यी कुराहरू मैंले कतिपय मुद्दामा बोलिसकेको छु । मेरा ती आदेशहरूसँग असहमत हुनु पर्ने कुनै कारण नहुँदा प्रस्तुत रिट निवेदनमा निवेदकको मागबमोजिम लिखितजवाफ माग गर्नु परेन । रिट निवेदन खारेज हुने ।

इजलास अधिकृत: इन्द्रकुमार खड्का

कम्प्युटर: चन्द्रा तिमल्सेना

इति संवत् २०७२ साल मङ्सिर २७ गते रोज १ शुभम् ।

## अन्तरिम आदेश

१

**स.प्र.न्या.श्री कल्याण श्रेष्ठ,** ०७२-WO-०७१२, उत्प्रेषण, *सीता ओझासमेत वि. उच्च माध्यमिक शिक्षा परिषद्समेत*

निवेदकले रजिस्ट्रेसन फाराम र दस्तुरसमेत मौकामा बुझाएको भन्ने जिकिर देखिएकोले निवेदहरूलाई तत्काल मागबमोजिमको परीक्षामा सामेल हुन नरोक्नु भनि विपक्षीहरूको नाममा अन्तरिम आदेश जारी हुने ।

इति संवत् २०७२ साल चैत १८ गते रोज ५ शुभम् ।

२

**मा.न्या.श्री सुशीला कार्की,** ०७२-WO-०७०६, उत्प्रेषण, *पूर्णबहादुर रानासमेत वि. सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालयसमेत*

निवेदकहरूलाई सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालयबाट आदिवासी / जनजाति जिल्ला समन्वय समिति सुर्खेत, ललितपुर, गोर्खा र दोलखाको उपाध्यक्ष पदमा मिति २०७१।८।१७ मा नियुक्ति गर्दा साबिकको आदिवासी जनजाति जिल्ला समन्वय समिति (गठन तथा कार्य सञ्चालन) कार्यविधि, २०७१ को दफा ६ को उपदफा २ बमोजिम ४ वर्षको कार्यकाल रहने गरि उक्त पदमा नियुक्ति गरेकोमा निवेदकहरूलाई नियुक्ति गर्दाको अवस्थामा स्थानीय निर्वाचन भएमा ४ वर्षको कार्यकाल पुरा भएमा पदावधि समाप्त हुने भन्ने उक्त कार्यविधिमा उल्लिखित सर्तअनुसार नियुक्ति भएको देखिन्छ । निवेदकहरू नियुक्ति हुँदाको अवस्थामा कायम रहेको कार्यविधिलाई संशोधन गरि २०७२ को कार्यविधिको दफा १२ को उपदफा (३) अनुसार निवेदकहरूलाई पदबाट निष्काशन गर्दा सन्तुलनको दृष्टिकोणबाट निजलाई मर्का पर्न जाने देखिँदा आदिवासी जनजाति जिल्ला/ नगर समन्वय समिति (गठन तथा कार्य सञ्चालन) कार्यविधि, २०७२ को दफा १२ को उपदफा (३) प्रस्तुत रिट निवेदनको अन्तिम टुङ्गो नलागेसम्म कार्यान्वयन नगर्नु, नगराउनु तथा निवेदकहरूलाई यथावत् रूपमा काम गर्न दिनु भनि सर्वोच्च अदालत, नियमावली, २०४९ को नियम ४१(१) बमोजिम विपक्षीहरूको नाममा अन्तरिम आदेश जारी हुने ।

इति संवत् २०७२ साल चैत १५ गते रोज २ शुभम् ।

यसै प्रकृतिका निम्न मुद्दाहरूमा पनि यसैअनुसार आदेश भएका छन्:

- ०७२-WO-०६९५, उत्प्रेषण, *सन्दीप श्रेष्ठ वि. सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालयसमेत*
- ०७२-WO-०६९६, उत्प्रेषण, *किरणकुमार राय वि. सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालयसमेत*
- ०७२-WO-०६९७, उत्प्रेषण, *लोमनकुमार बुढा वि. सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालयसमेत*
- ०७२-WO-०६९८, उत्प्रेषण, *साजन कुमार महतो वि. सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालयसमेत*
- ०७२-WO-०६९९, उत्प्रेषण, *भीमबहादुर शाही वि. सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालयसमेत*
- ०७२-WO-०७००, उत्प्रेषण, कुलबहादुर गुरूङ *वि. सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालयसमेत*
- ०७२-WO-०७०१, उत्प्रेषण, मोहनबहादुर गुरूङ *वि. सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालयसमेत*
- ०७२-WO-०७०२, उत्प्रेषण, अकलबहादुर तामाङ *वि. सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालयसमेत*
- ०७२-WO-०७०३, उत्प्रेषण, *नन्दा गिरी वि. सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालयसमेत*
- ०७२-WO-०७०४, उत्प्रेषण, *रूद्रलाल उपाध्याय वि. सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालयसमेत*
- ०७२-WO-०७०५, उत्प्रेषण, *जयकुमारी शाहीसमेत वि. सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालयसमेत*

३

**मा.न्या.श्री सुशीला कार्की,** ०७२-WO-०७१०, उत्प्रेषण, *चन्द्रदेव लाल कर्ण वि. निजामती किताबखाना, ललितपुरसमेत*

विपक्षी निजामती किताबखानाको मिति २०७२।११।२१ को निर्णय तथा सो निर्णयबमोजिमको सोही मितिको पत्र निवेदकलाई अपूरणीय क्षति पुग्न जाने देखिँदा प्रस्तुत रिट निवेदनको अन्तिम टुङ्गो नलागेसम्म उक्त मितिको निर्णय तथा पत्रहरू कार्यान्वयन नगर्नु, नगराउनु यथास्थितिमा राख्नु भनि सर्वोच्च अदालत नियमावली, २०४९ को नियम ४१(१) बमोजिम विपक्षीहरूको नाममा अन्तरिम आदेश जारी हुने।

इति संवत् २०७२ साल चैत १५ गते रोज २ शुभम्।

४

**मा.न्या.श्री सुशीला कार्की,** ०७२-WO-०६६७, उत्प्रेषण, *दुर्गा खड्गी वि. काठमाडौं महानगरपालिकासमेत*

विपक्षी काठमाडौं महानगरपालिकाबाट निवेदकको नामको घरको तलाको केही भाग र बरन्डासमेत भत्काउने गरि मिति २०७२।८।७ मा निर्णय भएको देखिन्छ। उक्त निर्णयबमोजिम निवेदकको हकभोगको घरको केही भागहरू भत्काउने गरि भएको निर्णय कार्यान्वयन गर्दा निवेदकको सम्पत्तिसम्बन्धी हकमा असर परि निजलाई अपूरणीय क्षति पुग्नसक्ने देखिँदा प्रस्तुत रिट निवेदनको अन्तिम किनारा नभएसम्म मिति २०७२।८।७ निर्णय कार्यान्वयन नगर्नु/नगराउनु भनि विपक्षीहरूको नाममा सर्वोच्च अदालत नियमावली, २०४९ को नियम ४१(१) बमोजिम अन्तरिम आदेश जारी हुने।

इति संवत् २०७२ साल चैत १५ गते रोज २ शुभम्।

५

**मा.न्या.श्री सुशीला कार्की,** ०७२-WO-०६९३, उत्प्रेषण, *रेशुका ओलीसमेत वि. गुठी संस्थान केन्द्रीय कार्यालय, त्रिपुरेश्वरसमेत*

विपक्षीहरूसमेतलाई झिकाई छलफल गरि आदेश हुन उपयुक्त देखिएको हुँदा मिति २०७३।१।१५ को छलफलमा उपस्थित हुन विपक्षीहरूलाई सूचना दिई गुठी संस्थान केन्द्रीय कार्यालयको मिति २०७०।११।२२ को निर्णय तथा मिति २०७०।१२।१० को पत्र कार्यान्वयन भएमा निवेदकहरूलाई अपूरणीय क्षति पुग्नसक्ने देखिँदा छलफल हुने मितिसम्म सो निर्णय र पत्रको कार्यान्वयन नगर्नु, नगराउनु यथास्थितिमा राख्नु भनि सर्वोच्च अदालत नियमावली, २०४९ को नियम ४१(१) बमोजिम विपक्षीहरूको नाममा अन्तरिम आदेश जारी हुने।

इति संवत् २०७२ चैत १५ गते रोज २ शुभम्।

- यसै लगाउको ०७२-WO-०६७९, उत्प्रेषण, *लक्ष्मीलाल महर्जन वि. नेपाल टेलिकम, भद्रकाली, काठमाडौंसमेत* भएको मुद्दामा पनि यसैअनुसार आदेश भएको छ।

६

**मा.न्या.श्री सुशीला कार्की,** ०७२-WO-०६८२, उत्प्रेषण, *एखलाक अहमद मुसलमान वि. पुनरावेदन अदालत, बुटवलसमेत*

विपक्षीहरू समेतलाई झिकाई छलफल गरि आदेश हुन उपयुक्त देखिएको हुँदा मिति २०७३।१।१३ गते छलफलमा उपस्थित हुने भनि विपक्षीहरूलाई सूचना दिई सो मितिसम्म पुनरावेदन अदालत, बुटवलबाट मिति २०७२।८।१७ मा भएको आदेश कार्यान्वयन नगर्नु, नगराउनु यथास्थितिमा राख्नु भनि सर्वोच्च अदालत नियमावली, २०४९ को नियम ४१(१) बमोजिम विपक्षीहरूको नाममा अन्तरिम आदेश जारी हुने।

इति संवत् २०७२ साल चैत १५ गते रोज २ शुभम्।

७

**मा.न्या.श्री सुशीला कार्की,** ०७२-WO-०६५७, उत्प्रेषण, *हिरालाल महतोसमेत वि. शिक्षा मन्त्रालयसमेत*

शिक्षा नियमावली, २०५७ (नवौं संशोधन २०७१।१०।२६ को नेपाल राजपत्र भाग ३ मा प्रकाशित) ले अस्थायी शिक्षकहरूको लागि २०७५ कात्तिक २२ सम्म म्याद थप गरेको देखिएको र शिक्षा आठौं संशोधन नियमावली, २०७१ को नियम ९७(क) बमोजिम अस्थायी शिक्षकहरूको लागि मिति २०७५ चैत मसान्तसम्म अध्यापन गर्न पाउने व्यवस्था गरेको देखिँदा यी निवेदकहरूलाई नियमावलीको उपर्युक्त व्यवस्थाविपरीत अध्यापन अनुमति पत्र नभएको भन्दै सेवाबाट हटाउँदा निजहरूलाई अपूरणीय क्षति पुग्न जाने देखिएको मिति २०७०।८।२० को निर्णय र मिति २०७२।४।१४ को च.नं. १९६, १९७ को पत्र कार्यान्वयन नगरि यथास्थितिमा राखि निवेदकहरूलाई कार्यालयको काजमा लगाउनु भनि विपक्षी नं. २, ३, ४, ५, ६ र ७ को नाममा सर्वोच्च अदालत नियमावली, २०४९ को नियम ४१(१) बमोजिम विपक्षीहरूको नाममा अन्तरिम आदेश जारी हुने।

इति संवत् २०७२ साल चैत ३ गते रोज ४ शुभम्।

८

**मा.न्या.श्री सुशीला कार्की,** ०७२-WO-०६६०, उत्प्रेषण, *पदमबहादुर खड्का वि. अख्तियार दुरूपयोग अनुसन्धान आयोगसमेत*

विपक्षीहरूसमेतलाई झिकाई छलफल गरि आदेश हुन उपयुक्त देखिनाले मिति २०७२।१२।२१ को तारिख तोकि विपक्षीहरू श्री जनसेवा माध्यमिक विद्यालय तथा ऐ. का विद्यालय व्यवस्थापन समितिलाई आफैँ वा आफ्नो कानूनबमोजिमको प्रतिनिधिमार्फत

र विपक्षीहरूमध्येका सरकारी निकायहरूलाई महान्यायाधिवक्ताको कार्यालयमार्फत जानकारी गराई नियमानुसार गर्नू।

निवेदकलाई विद्यालय व्यवस्थापन समितिबाट अवकाश दिने गरिएको मिति २०७२।११।१३ को निर्णय र सो आधारमा गरेका पत्राचारहरू कार्यान्वयन भएमा निजलाई अपूरणीय क्षति पुग्न जाने हुनाले छलफलको मिति २०७२।१२।२१ सम्मको लागि सो निर्णय र पत्रहरूको सम्बन्धमा कुनै कार्य अगाडि नबढाई यथास्थितिमा राख्नु भनि तत्कालीन अन्तरिम आदेश जारी हुने।

इति संवत् २०७२ साल चैत ३ गते रोज ४ शुभम्।

९

**मा.न्या.श्री गोविन्दकुमार उपाध्याय,** ०७२-WO-०६५८, उत्प्रेषण, *ठाकुरप्रसाद भट्टराई वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत*

कुनै कारण नखुलाई निजामती सेवा ऐन, २०४९ को दफा १८(३) को २ वर्षको अवधि पुरा नहुँदै निवेदकलाई गरेको सरूवा उक्त ऐनको दफा १८(३) र निजामती सेवा नियमावली, २०५० को नियम ३६(७) समेतको विपरीत रहेकोले २ वर्षको अवधि नपुगेसम्मका लागि मात्र मिति २०७२।११।१२ को सरूवा निर्णय र तत्सम्बन्धी २०७२।११।१३ को विपक्षी सामान्य प्रशासन मन्त्रालयको पत्र कार्यान्ययन नगर्नु नगराउनु भनि विपक्षीहरूको नाममा अन्तरिम आदेश जारी हुने।

इति संवत् २०७२ साल चैत २ गते रोज ३ शुभम्।

१०

**मा.न्या.श्री जगदीश शर्मा पौडेल,** ०७२-WO-०६८५, उत्प्रेषण, *रमेश रिसालसमेत वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयसमेत*

निवेदक श्री रमेश रिसाल, श्री रत्नकुमार मिश्रलाई सम्माननीय प्रधानमन्त्री एवम् सहकारी तथा गरिबी निवारण मन्त्री तथा राष्ट्रिय सहकारी विकास बोर्डका अध्यक्षको मिति २०७१।९।१४ को निर्णयमा २ वर्षको लागि साझा स्वास्थ्य सेवा सहकारी संस्था लि. को सञ्चालक पदमा मनोयन भएकोमा बिनाकारण सो संस्थाको सञ्चालक पदमा २०७२।१२।१ को निर्णयअनुसार भनि ०७२।१२।२ पत्रानुसार संस्थागत सदस्य पदमा नरहेको भनि अवकाश दिएको उक्त पत्रको प्रतिलिपिबाट देखिएको र उक्त पत्रमा निवेदकलाई हटाउनु पर्ने कारणसमेत खुलेको नदेखिँदा सुविधा र सन्तुलनको दृष्टिले समेत निवेदकहरूको हकमा उक्त पत्र कार्यान्वयन नगर्नु निवेदकहरूलाई साझा स्वास्थ्य सेवा सहकारी संस्था लि. को सञ्चालक समितिको सदस्य पदमा रहि कामकाज गर्न बाधा अवरोध नगर्नु भनि सर्वोच्च अदालत नियमावली, २०४९ को नियम ४१(१) बमोजिम अन्तरिम आदेश जारी हुने।

इति संवत् २०७२ साल चैत १२ गते रोज ६ शुभम्।

- यसै प्रकृतिको ०७२-WO-०६८४, उत्प्रेषण, *सुवोधराज अधिकारी वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयसमेत* भएको मुद्दामा पनि यसैअनुसार आदेश भएको छ।

"मेलमिलाप गरौं, विवाद नबढाऔं"
- सर्वोच्च अदालत, मेलमिलाप समिति